ISSN 2631-2298

nepalmag.com.np

आइतबार • १८ फागुन २०७६ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक

नीतिगत भ्रष्टाचारका दर्जनौं दृष्टान्त

राज्यशक्तिको आडमा चोखिने दुष्प्रयास

द्वन्द्वकालका कहालीलाग्दा कथा | कर्णेल भरत गुरुङको त्यो प्रकरण

नेपालकै पहिलो र अग्रणी जीवन बीमा कम्पनी

नेशनल लाईफ इन्स्योरेन्स कम्पनीको **३३औं वार्षिकोत्सव** को सुखद अवसरमा हामीप्रति विश्वासका साथ सहकार्य गर्नुहुने सम्पूर्ण ग्राहक महानुभावहरु एवं शुभेच्छुकहरु प्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

साथै नियामक निकाय लगायत अन्य सम्बन्धित संस्थाहरुबाट प्राप्त मार्गदर्शन र सहयोगको लागि कृतज्ञता व्यक्त गर्दछौं ।

यस अवसरमा अब आउने दिनहरुमा अझै गुणस्तरीय सेवा प्रदान गर्ने प्रण गर्दछौं ।

नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड

NATIONAL LIFE INSURANCE COMPANY LIMITED

AMBE STEELS
दीर्घायु भवः
विकास सम्भव छ, मजबुत निर्माणले
मजबुत निर्माण बन्छ अम्बे स्टील्स्ले
AMBE GROUP
अम्बे स्टील्स्
जे बन्छ, दिगो बन्छ
ने ग्र ९९१
नेपाल गुणस्तर
प्रमाण चिन्हद्वारा सम्मानित ।
8mm देखि 32mm
सम्मको Size मा
CERTIFIED ISO 9001:2008 COMPANY
Fe500 gradesteels
UTM TESTED
TMT STEEL BARS



The prime minister says fewer people have to wear dust masks since he's taken office. But pictures don't lie, and neither do numbers. The Post will bring you both, without fear or favour. See upto-the-minute status of air quality in major cities across the country at :

kathmandupost.com/airquality

THE KATHMANDU POST
WITHOUT FEAR OR FAVOUR

K. L. DUGAR GROUP
AURA
NOW IN NEPAL
Joy of Freshness
Works on Low Voltage
Longer Freshness
Larger Freezer Space
Toughened Glass Shelves
10 YEARS* WARRANTY
AURA INTELLIGENT REFRIGERATORS
Available in 190 liters to 230 liters
* CONDITIONS APPLY
Smart Appliances P Limited
COMPANY SHOWROOM: KATHMANDU: CHARKHAL, DILLIBAZAR: 01-4436920 | CORPORATE OFFICE: CHARKHAL, DILLIBAZAR, KATHMANDU, TEL: 01-4443119
BIRATNAGAR: JAIN BHAWAN, MAIN ROAD: 9801305494 | FOR SERVICE: TOLL FREE NO.: 16600110090 | FOR DEALERSHIP: 9801105114

भित्र

आइतबार, १८ फागुन २०७६ (वर्ष २०, अंक ३०, पूर्णांक ८८७)
Nepal National Weekly, 1 March 2020 (Vol. 20, No. 30, Issue 887)

द्वन्द्वकालका कहालीलाग्दा छायाहरू | १७

आवरण

गोकुल बाँस्कोटा
स्केच : रवीन्द्र मानन्धर

अलमलमा जापान रोजगारी | ३७

१४
हाम्रो नेपालमा
पेसा : किरियापुत्री

२२
आवरण
राजनीतिक आडमा चोखिने दुष्प्रयास

४०
पर्यटन
रोयल्टीको रडाको

४२
अर्थ
लोकरिझ्याइँको लालसा

सम्पादकीय | ५
प्रतिक्रिया | ६
प्रवेश | ८
परिहास | १०
ती दिनहरू | १३
समाज : शिशिर | २१
टिप्पणी : यमुना घले | ४५
रङ | ४६
पुस्तक | ४८
तीन किताब | ४९
खेलकुद | ५०
कोलाज | ५२
नगरकोटी क्याफे | ५३
नेपाल मण्डल | ५४
नोटबुक | ५६

सम्पादकीय

राष्ट्रप्रति जवाफदेही नहुने सरकार केको राष्ट्रवादी ?

समृद्धि प्रधानमन्त्री केपी ओलीको भाषणपिच्छे दोहोरिने शब्द हो। पछिल्ला दिनहरूमा उनले अर्को शब्द 'सुशासन' मा उत्तिकै जोड दिन्थे । ७ फागुन राती सार्वजनिक भएको सञ्चारमन्त्री गोकुल बाँस्कोटाको अडियो टेपले प्रधानमन्त्रीको सुशासनको वाचामाथि गम्भीर प्रश्नहरू उठाइदिएको छ किनकि त्यो अडियो रेकर्ड गर्ने विजय मिश्रले भनेका छन्, 'मैले दुई महिनाअघि प्रधानमन्त्रीकहाँ अडियो पुऱ्याएको थिएँ। तर मेरो अनुमतिमा कतै बाहिर नजाने सुनिश्चित गरेको थिएँ। उनले पनि केही कारबाही गर्ने छाँट देखाएनन्।'

हामीलाई थाहा छ, बाँस्कोटाको मामिलामा प्रधानमन्त्री अलिकति भावुक छन्। त्यसैले हुनुपर्छ, यो सम्पादकीय लेख्दासम्म प्रधानमन्त्री कार्यालयबाट मिश्रका भनाइहरूको जवाफ आउन सकेको छैन। बरु ओलीका सल्लाहकारहरू स्वीस दूतावासको खण्डन आफ्नो *ट्वीटर* ह्यान्डलमा सजाउँदै विषयान्तर गर्न सक्रिय छन्। हाम्रो लोकतन्त्र कसरी जवाफदेहिताबिना चलिरहेको छ भन्ने यो एउटा दृष्टान्त हो।

यो र यस्ता कमिसनका खेलहरूमा प्रधानमन्त्री कार्यालय निकट मानिसहरू कहीँ न कहीँ जोडिएको बुझ्न कठिन छैन । यसै पनि ओलीले विभिन्न मन्त्रालय र सरकारी संस्थाहरूमा अवशिष्ट अधिकारलाई प्रधानमन्त्री कार्यालयमा निक्षेप गरेका छन् । दुई वर्षअघि प्रधानमन्त्री बनेलगत्तै ओलीले शक्तिशाली प्रधानमन्त्री कार्यालय बनाउने कदम चाल्दै गर्दा थपडी मार्नेहरूले पनि शासनमा नियन्त्रण र सन्तुलनको लय भत्किन गएको अब त पक्कै चाल पाइसकेको हुनुपर्छ।

सेक्युरिटी प्रिन्टिङ प्रेस खरिदको ७० करोड रुपैयाँ कमिसन डिल गरेको प्रकरणमा जोडिएपछि बाँस्कोटाले मिडियालाई फेरि ललकार्दै केही दिन यो तमासा चल्ने, त्यसपछि साम्य हुने धम्की दिएका थिए। अडियो सुन्दा उनी मन्त्रिपरिषद्का सदस्य नभई एउटा कमिसन एजेन्टका रूपमा प्रस्तुत भएको बुझ्न सकिन्छ। 'नैतिकताको आधार' देखाउँदै राजीनामा दिए पनि अब यो प्रकरण त्यत्तिकै साम्य हुन सक्दैन। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बाँस्कोटामाथि भ्रष्टाचारको मुद्दा चलाउनु आवश्यक छ।

र, यो प्रकरणको सबैभन्दा ठूलो प्रश्न स्वयं प्रधानमन्त्री ओलीतिर फर्कन्छ। अडियो टेप बाहिरिएको दुई दिनअघि मात्रै उनले मन्त्री बाँस्कोटाको प्रशंसामा शब्दकोशमा भएसम्मका सबै महत्त्वपूर्ण विशेषणहरू खर्चेका थिए। उनले 'तुलोमा जोख्दा बाँस्कोटा एकातिर एक्लै, अर्कोतिर सबै मन्त्री राख्दा पनि उनी गहकिला' भन्नसमेत भ्याए। अडियो टेपकर्ता मिश्रको भनाइ पत्याउने हो भने बाँस्कोटा जोडिएको विवादसँग ओली पहिल्यै जानकार देखिन्छन् । के प्रधानमन्त्री र उनको सचिवालयको जानकारीबेगर बाँस्कोटा एक्लै अघि बढेका थिए होलान् त ? यस प्रश्नको जवाफ नदिई बालुवाटारले चैनको सास फेर्न पाउने छैन। जनताले जवाफ खोजिरहेका छन्। राष्ट्रप्रति जवाफदेही नहुने सरकार कसरी राष्ट्रवादी ?

भ्रष्टाचार आफू पनि नगर्ने, अरूलाई पनि गर्न नदिने प्रधानमन्त्री ओलीको प्रतिबद्धताको वास्तविक परीक्षा सुरु भएको छ। यती काण्ड, बालुवाटार जग्गा प्रकरणबाटै सरकारको छवि धुमिल हुन सुरु भइसकेकै छ। हुन त नौ वर्षअघि कृष्णबहादुर महरा जोडिएको यस्तै टेप प्रकरणमा उनलाई उन्मुक्ति दिइएको नजिर देखाउँदै कानुनलाई आफ्नो अनुकूल व्याख्या गर्ने कोसिस पनि हुन सक्छ। अनि बालुवाटारको जग्गा फिर्ता गरेपछि नेकपा महासचिव विष्णु पौडेलका छोरालाई माफ गरिदिएको नजिर केही साताअघि मात्रै कायम छ। विगतमा राष्ट्रवादको नारामा लोकप्रिय मत पाएको सरकारको वजन कति गहन या हलुंगो छ, अब ओलीको कदमले बताउनेछ।

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया** निर्देशक : **स्वस्तिका सिरोहिया** सम्पादक : **बसन्त बस्नेत** सहायक सम्पादक : **सन्तोष आचार्य** नायब प्रमुख संवाददाता : **राजकुमार बानियाँ** वरिष्ठ संवाददाता : **जनक नेपाल, माधव बस्नेत, योगेश ढकाल, मनबहादुर बस्नेत** संवाददाता : **सुनिता लोहनी, यम बम, कल्पना भट्टराई** डेस्क : **गोकुल अर्याल, गुरुङ सुशान्त** डिजिटल : **रविराज बराल** तस्बिर : **रवि मानन्धर** (संयोजन), **सरोज बैजु** सज्जा : **चन्द्रकुमार प्रजापति** (संयोजन), **घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी** कार्टुन/ग्राफिक्स : **रवीन्द्र मानन्धर** मार्केटिङ : **असुरारी ज्ञवाली, सन्तोष ढकाल**

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. १६२२), फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np, पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : ११ फागुन २०७६, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

निष्ठाको खडेरी

००७ को क्रान्तिले प्रजातन्त्र आए पनि नेताहरूको चरित्र लोकतान्त्रिक हुन नसक्दा अस्थिर देखिएको हो *(लोकतन्त्र ०७० मा टुकुटुकु, ११ फागुन)* । लोकतन्त्रका लागि लडेका नेताहरूले नै सत्तामा पुगेपछि जनता बिर्सदाको परिणाम प्रजातन्त्रले सही दिशा पक्डिन नसकेजस्तो लाग्छ । लोकतन्त्र भनेकै पारदर्शी शासन व्यवस्था हो । तर नेताहरूले यसलाई आफूखुसी व्याख्या गरी राजनीतिलाई जनताको सेवामा समर्पित गर्न नसक्दा अस्थिर भइरहनु परेको हो ।

■ **किरण सिलवाल**
टोखा, काठमाडौं



नसुध्रिएका दल

कुनै बेला दरबारलाई दोष दिएर उम्किने दलहरूकै कारण प्रजातन्त्र संकटमा पर्ने गरेको छ *(लोकतन्त्रलाई दलकै चुनौती, ११ फागुन)* । लोकतन्त्रलाई भजाएर शासनसत्ता सम्हाल्दै आएका दलहरूले नै जनताका अपेक्षा पूरा नगर्दा व्यवस्थाप्रति वितृष्णा बढेको हो । व्यवस्था परिवर्तन भए पनि अवस्था सुधार नहुँदा जनता असन्तुष्ट हुने नै भए ।

■ **अमृता खड्का**
पोखरा, कास्की

लोकतन्त्र ७० मा टुकुटुकु
Hari krishna shakya @Harikrishnashky

खासै नौलो कुरा आएजस्तो लागेन । नेपालमा लोकतन्त्रको नाममा पञ्चायतकालदेखि अहिलेसम्म र अझै राणाकालदेखि राणाबाहेक एउटै जाति र एउटै वर्गले प्रजातन्त्र र लोकतन्त्रको नाममा खाएका छन्, अपवादबाहेक ।

लोकतन्त्रलाई दलकै चुनौती (नेपाल सर्वेक्षण ०७६)
Suresh Dhakal @suracedhakal

हुन त तालिमका हिसाबले यस्ता अंक र सर्वेक्षण नबुझ्ने विषय पढियो । त्यसैले होला, यस्ता सर्वेक्षणको विश्वसनीयतामा विश्वासै लाग्दैन । सर्वेक्षण गलत भनेको हेइन, त्यसको सीमा नै त्यही हो । तर यस्ता सर्वेक्षणको आधारमा निष्कर्ष निकाल्दा भने विचार गर्नुपर्ने हुन्छ ।

बजेट लक्ष्यमा ब्याकगियर
Gantabyabihin yatri@BHATTARAIBABU6

अर्थका विज्ञ नै अर्थमन्त्री भएको देशमा अर्थतन्त्र कमजोर हुनु आम जनतालाई निराश बनाउने कुरा हो । अर्थमन्त्री कसैको दबाबमा नपर्नुस्, आफूसँग भएको ज्ञान सदुपयोग गरेर राज्यलाई केही दिनुस् । तपाईंसँग भएको ज्ञानबाट राज्यले केही पाएन भने त्यो विज्ञता सार्थक रहँदैन ।

लोकतन्त्रलाई दलकै चुनौती (नेपाल सर्वेक्षण ०७६)
Krishna Bhujel

जसले सन्तुष्ट छैन भन्छन्, तिनीहरूले राणा शासनबारे पढून्- प्रजातन्त्रले के दियो भनेर । प्रजातन्त्रमा कर्तव्यचाहिँ केही पूरा नगर्ने तर आफूले जे पनि गर्न पाउनुपर्छ भन्ने सोच होला । दायित्वबिनाको अधिकार खोज्नेहरू नै प्रजातन्त्रका दुस्मन हुन् ।

बजेट लक्ष्यमा ब्याकगियर
Yubaraj Dahal

६ महिनाको अवधिमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले १९.९ प्रतिशत मात्र बजेट खर्च गरेको छ । प्रधानमन्त्री केपी ओलीको पटक-पटकको विकासले गति लिइसक्यो भन्ने भनाइलाई त यो र यस्तै अन्य सूचकले फेल गराइदिए त ।

हिप्पीहरूको कलात्मक भित्तो कसरी बन्यो प्रेमको निशानी ?
Basudev Gautam

स्नोम्यान क्याफे म बेलाबेलामा पुगिरहन्थें । यहाँ त्यतिबेलाका चर्चित गीतहरू सुन्दै खैरो केक र लस्सी खान खुब मजा आउँथ्यो । हामी बब मार्ली, बोन्जोभी, सान्तना, रोलिङ स्टोन र इगलका गीत सुन्थ्यौं ।

साताका ७ nepalmag.com.np

१ **नैतिकताको तुलोमा हलुका गोकुल**
मन्त्रिपरिषद्का निर्णय सार्वजनिक गर्ने नियमित पत्रकार सम्मेलन होस् वा सार्वजनिक कार्यक्रम, सरकारका प्रवक्ता एवं सूचना तथा सञ्चार प्रविधिमन्त्री गोकुल बाँस्कोटा 'कन्फिडेन्ट' देखिन्थे । तर उनको त्यो 'कन्फिडेन्स' पत्रकारहरूलाई थर्काउन, मिडियाहरूलाई मानमर्दन गर्न र जनसाधारणमा आलोचित सरकारका कदमको ढाकछोप गर्नमा प्रयोग भइरह्यो । बाँस्कोटालाई धाप दिइरहे, प्रधानमन्त्री केपी ओलीले ।

२ **होलेरीका दुःख अझै उस्तै**
युद्धताका होलेरीबासी रातभर निदाउन सक्दैनथे । युद्धले आक्रान्त यहाँका बासिन्दा होलेरीलाई युद्ध पर्यटनको गन्तव्यका रूपमा विकास गर्न खोज्दै छन् । मुलुकको राजनीति फेर्न आफन्तजन गुमाएका सर्वसाधारणको दैनिकीमा केही बदलाव आएको छैन ।

३ **के अझै नेपालको लोकतन्त्र खतरामा छ ? नेपाल सर्वेक्षण २०७६ (मल्टिमिडिया)**
सात दशकयता बन्दै, बिग्रँदै र फेरि बन्दै गरेको लोकतन्त्रबारेको विवेचना र सातै प्रदेशमा गरिएको सर्वेक्षणको नतिजा भिडियोमा हेर्नुस् ।

४ **प्रजातान्त्रिक क्रान्तिका ७० वर्ष : *नेपाल म्यागजिनको विशेष अंकमा के छ ? (भिडियो)***
राजा गइसके, अब तिनलाई देखाएर दलहरूले आफ्ना गलत क्रियाकलापको ढाकछोप गर्न सक्दैनन् । विदेशी शक्तिको हौवा पिटाउँदैमा पनि अब नागरिकले पत्याइहाल्ने स्थिति छैन । नेपाल म्यागजिनको प्रजातान्त्रिक क्रान्तिका ७० वर्षमाथि विमर्श गरिएको विशेष अंकमा के छ ? भिडियो हेर्नुस् ।

५ **म्यान्चेस्टर सिटीलाई च्याम्पियन्स लिगमा प्रतिबन्ध किन ?**
इङ्लिस प्रिमियरसिपको डिफेन्डिङ च्याम्पियन तथा विश्वकै सबैभन्दा धनी फुटबल क्लबमध्येको एक म्यान्चेस्टर सिटीलाई युरोपेली फुटबल महासंघ (युफा) ले आर्थिक नियमावली उल्लंघनको आरोपमा आगामी दुई सिजन च्याम्पियन्स लिग खेल्नबाट प्रतिबन्ध लगाएको छ । साथै, उसले क्लबलाई तीन करोड पाउन्ड जरिवाना पनि तिर्न भनेको छ । युफाले आर्थिक नियमावली बनाएपछि कुनै क्लबमाथि गरेको यो नै एक दशकयताकै सबैभन्दा ठूलो कारबाही हो ।

६ **चिनियाँहरू मान्छे हुन्, भाइरस त कोरोना हो ! (लक्ष्मी लम्साल)**
हुबेई प्रान्तको वुहान सहरलाई केन्द्रबिन्दु बनाएर फैलिएको नयाँ कोरोना भाइरसका कारण चीन यतिबेला आन्तरिक विपत्तिमा छ भने यसैका नाममा बाह्य जगत्बाट आक्रान्त पनि । यसै पनि उदाउँदो चीनप्रति पश्चिमा दृष्टि अनुदार नै देखिन्छ । चीनका सकारात्मक कुराहरू 'अनदेखा' गर्ने पश्चिमा मिडिया चीनको आत्मसम्मानमाथि ठेस पुऱ्याउने सामग्रीका लागि यतिखेर यथेष्ट 'स्पेस' दिन तयार देखिन्छन् ।

७ **लोकतन्त्रमा दलको दबदबा (चैतन्य मिश्रको लेख पोडकास्टमा)**
लोकतन्त्र मूलतः दलहरूले सञ्चालन गर्ने व्यवस्था हो । तर हाल दलको दबदबा यति गहिन्याइएको छ कि स्वविवेकी नागरिकको खडेरी नै परेको छ । दलका प्रतिनिधिले के भन्लान्, दल र सरकारबाट केही झार्न सकिन्छ कि दलमै उल्लेख्य ठाउँ ओगट्न पाइन्छ कि आदिले गाँज्दा नागरिक स्वतन्त्रता, स्वविवेक, समालोचनात्मक दृष्टिकोण, व्यवसायधर्मिता, उत्कृष्टता आदि सबै बन्धकमा परेका छन् ।

सबै स्टोरी पढ्न क्युआर कोड स्क्यान गर्नुहोस् ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.
सर्वाधिक उच्च प्रतिफलको साथमा
२१ लाख सम्मको बीमा सुविधायूक्त
न्यू सुपर चमत्कारिक मुद्दती निक्षेप खाता खोलौं
वार्षिक ब्याजदर
९.७५%
* ९.२५ + ०.५ = ९.७५%
०.५% शाखा प्रवन्धकको स्विकृतिमा
IMPRESSIONS 2020
बीमा प्रदायक:
एभरेष्ट इन्स्योरेन्स कम्पनी लि.
Everest Insurance Company Ltd.
बीमाको प्रिमियम बैंकले एभरेष्ट इन्स्योरेन्स कम्पनी लि. लाई बुझाउने छ।
रु २१ लाख सम्मको बीमा सुविधा
▸ दुर्घटनाबाट मृत्यु वा पूर्ण अशक्तताका लागि रु १० लाख सम्मको बीमा सुविधा
▸ १८ घातक रोगहरुको लागि रु १० लाख सम्मको बीमा सुविधा
▸ रु १ लाख सम्मको औषधी उपचार बीमा सुविधा (बहिरंग (OPD) को लागि रु. २०,०००/- सम्म र अस्पताल भर्ना भई उपचार गर्दा रु. ८०,०००/- सम्म)
थप जानकारीको लागि:
Missed Call गरौं
+977- 9801227755
Facebook Messenger वा बैंकको वेब साईट
www.nicasiabank.com मार्फत LIVE CHAT
Toll Free Number: 1660-01-77771
Viber Banking
*शर्तहरु लागु हुनेछन्
यस खाता सम्बन्धी विस्तृत जानकारीको लागि
अहिलेनै QR SCAN गर्नुहोस्
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

प्रवेश

सोझै



साताका चर्चित

प्रेरणा कोइराला
टेनिस खेलाडी

अन्तर्राष्ट्रिय टेनिस फेडेरेसनको विश्व वरीयता जुनियर यु-१८ मा पहिलोपल्ट एकल उपाधि ।

संयुक्ता श्रेष्ठ
फेसन डिजाइनर

बेलायतको फेसन डिजाइनिङ क्षेत्रमा प्रतिष्ठित 'वेडिङ बुटिक अफ द इयर-२०२०' को अवार्ड ।

विमल अधिकारी/निमा गुरुङ
प्याराग्लाइडिङ/तेक्वान्दो खेलाडी

नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघ (एनएनआईपीए) को स्पोर्ट्स अवार्ड-०७६ मा उत्कृष्ट खेलाडीको अवार्ड ।

भैरव रिसाल
लेखक/पत्रकार

२१ हजार रूपैयाँ राशिको युद्धप्रसाद मिश्र पुरस्कार ।

उपेन्द्रप्रसाद यादव
नगरप्रमुख, महागढीमाई नगरपालिका, बारा

नाला निर्माणबारे फेसबुकमा स्टाटस लेखेको भन्दै स्थानीय मुकेश कुशवाहमाथि कुटपिट ।

मुलुकबाहिर

४७ वर्षमा औंठी फेला परेपछि



सामान हराउँदा कस्ती चिन्ता हुन्छ ? अझ सामान भावनात्मक सम्बन्धसँग जोडिएको छ भने त्यसको पीडा हराउनेलाई मात्र थाहा हुन्छ । तर त्यही हराएको सामान ४७ वर्षपछि भेट्नुभयो भने ?

सन् १९७३ मा अमेरिकी विद्यार्थी डेब्रा म्याक्केनाले आफ्नो हुनेवाला पतिले दिएको औंठी मेनमा हराइन् । तर त्यही औंठी धातुका कामदारले फिनल्यान्डको जंगलमा फेला पारेको *दगार्डियनडटकम*ले जनाएको छ । उनी हाइस्कुलको विद्यार्थी हुँदा पोर्टल्यान्डमा हराएकी थिइन् । सो औंठी डेब्राको पति सनको थियो ।

उनीहरूको विवाह ४० वर्षसम्म रह्यो । सन् २०१७ मा सनको मृत्यु भएको थियो ।

फिनल्यान्डको कारिना पार्कमा मार्को सारिनेनले सो औंठी जमिनमुनिबाट भेट्याएको वेबसाइटमा उल्लेख छ । औंठीमा मोर्स हाइस्कुल उल्लेख भएकाले उनले हुलाकीमार्फत स्कुललाई पठाएका थिए । हुलाकबाट औंठी पाउँदा डेब्रा खुसीले कराएकी थिइन् । भन्छिन्, 'यस्तो नकारात्मक समाजमा मान्छे अझ बढी राम्रा काम गरिरहेका छन् । यी राम्रा मान्छे हुन् र यिनीहरूको हामीलाई खाँचो छ ।' ■



त्यस बखतको नेपाल

कहाँ चुक्यो प्रजातन्त्र ! किन भए जनता निराश ?

हिजोजस्तो लाग्छ– शासकहरूले वर्षौंदेखि निमुखा ठानेका जनता उठेर 'वी वान्ट डेमोक्रेसी' भन्दै आफ्नो हक मागेको दिन ।

कुनै पार्टीको, कुनै नेताको कुरै छोडौं, मध्यमस्तरीय कार्यकर्ता पनि नमरी जनताका छोराछोरीले ज्यान फालेर राजनीतिक शक्ति नारायणहिटी राजदरबारबाट सिंहदरबार पुऱ्याएका थिए । यो सबै केका लागि भएको थियो ? एक विशेष व्यक्ति समूहबाट शक्ति खोसेर तीसौं वर्ष भोकाएर बसेकाहरूकालाई भ्रष्टाचारको लाइसेन्स दिन ?

पञ्चायती व्यवस्थामा सबै खराब थियो भन्ने कुरा सत्य होइन । त्यसबेला मानिसमा अहिलेको जस्तो 'छाडापन' थिएन, सजिलो जनसमुदाय थियो । पञ्चायतको गल्ती भनेको त्यस्तो सजिलो जनसमुदाय र शक्तिको अपार भण्डारलाई अलिकता मात्र खुकुलो पारी जनमत संग्रहको नतिजालाई केही हदसम्म अँगालेको भए देशको राजनीतिक व्यवस्था र जनताको अवस्था अहिलेको भन्दा राम्रो हुन्थ्यो कि भन्ने कल्पना गर्न सकिन्छ ।

***नेपाल*, १-१५ फागुन २०५७**

सुरेश किरण

सरकारी कार्यालय र रक्सी

गएको साताभरिको सामाजिक सञ्जालमा गण्डकी प्रदेशका मुख्यमन्त्री कमरेड पृथ्वी सुब्बा गुरूङ छाए । कारण थियो, आफ्नै कार्यकक्षमा बसेर रक्सी खाएको । रक्सी त उनले खाएका हुन् तर लाग्ने कामचाहिँ सामाजिक सञ्जाल हेर्नेहरूलाई भइदियो । किनभने तस्बिरमा भट्टीजस्तो जे देखिएको हो, त्यो उनको कार्यालय होइन, आफ्नै निवास रहेछ । पछि उनको वक्तव्य पनि आयो- साथीहरू, मैले रक्सी कार्यालयमा बसेर खाएको होइन, आफ्नै घरमा बसेर खाएको हुँ ।

त्यसो त रक्सी सरकारी कार्यालयमै बसेर खाए पनि के फरक पर्थ्यो र ! लाग्ने उति नै हो क्या रे । त्यसमाथि सरकारी कार्यालयमा रक्सी खान पाइँदैन भनेर कुनचाहिँ कानुनमा लेखेको छ ? सरकारी कार्यालयमा बसेर घुस खानुहुन्छ, कमिसन खानुहुन्छ, रक्सीचाहिँ खानु हुँदैन ? कि नभए सरकारी कार्यालयमा बसेर यो यो खानुहुन्छ, यो यो खानु हुँदैन भनेर बाहिरपट्टि नै बडापत्र लेखेर राख्नुपर्‍यो ।

अरूको के कुरा, प्रधानमन्त्री आफैँले पनि भनेका छन्, अहिले सरकारी कार्यालयहरूमा भ्रष्टाचार बढेको छ । भनेपछि सरकारी कार्यालयमा भ्रष्टाचार पनि हुँदो रहेछ । भएरै त बढ्यो । अब सरकारी कार्यालयमा भ्रष्टाचार गर्नुहुन्छ भने मापसे गर्न किन नहुने ? सरकारी कार्यालयमा त्यति गर्न पाइएन भने जनतालाई 'मुस्कानसहितको सेवा' कसरी प्रदान गर्ने ? मुस्कानसहितको सेवा प्रदान गर्न मुखमा मुस्कान पनि त आउनुपर्‍यो नि । कि कसो ?

सरकार चलिरहेको छ

प्रधानमन्त्री केपी ओलीको सरकारले दुई वर्ष पूरा गरेको छ । नेपाली जनता यसमा अत्यन्त खुसी छन् तथापि किन खुसी छन्, त्यो भने थाहा छैन । प्रधानमन्त्रीले पूरा दुई वर्ष सरकार चलाएरै देखाए भनेर खुसी भएका हुन् वा ओलीलाई सहँदा-सहँदा दुई वर्ष कटिहाल्यो, अब धेरै सहनु छैन भनेर खुसी भएका हुन्, त्यो उनीहरू नै जानून् ।

हामीलाई त यत्ति मात्रै थाहा छ कि सरकार दुई वर्ष चल्यो, यो सानो कुरा होइन । स्वयं प्रधानमन्त्री ओलीले नै भनिसकेका छन्, सरकार दुई वर्ष चल्नु आफैँमा पनि एउटा उपलब्धि हो । वास्तवमा हो पनि । प्रधानमन्त्रीले हास्यरसमा दिएको वाचानुसार देशमा रेल चलेन, कोही बात छैन । पानीजहाज पनि चलेन, कोही बात छैन । घरघरमा पाइपको

रचनात्मक समर्थन

खुसीको कुरा हो, नेपाली कांग्रेसको प्रमुख प्रतिपक्षीयता पनि दुई वर्ष पूरा भई तीन वर्ष प्रवेश भएको छ । यसमा पनि नेपाली जनता खुसी नै भएका होलान् । अझ मलाई त लाग्छ, देशमा खड्ग ओली सत्तापक्ष भएकामा जनता जति खुसी छन्, त्योभन्दा बढी कांग्रेस प्रमुख प्रतिपक्षी भएकामा खुसी भएको हुनुपर्छ ।

तर दुःखको कुरा के भने प्रतिपक्षीमा बसेर पनि कांग्रेसको कामचाहिँ केही देखिएन । भूमिगत रूपमा केही गरिरहेको छ भने त्यो अर्कै कुरा । भूमिमाथि देखिने गरीचाहिँ केही गरेको देखिएन ।

मैले कांग्रेसकै एक जिम्मेवार नेतालाई यसबारे प्रश्न गरेँ, 'कांग्रेसले त प्रतिपक्षीमा बसेर केही काम गरेन भनेको सुन्छु । के भयो कांग्रेसलाई ?'

नेताजीले भने, 'सरकारले चाहिँ के गर्‍यो त ? सरकारले पनि त केही गरेन नि ।'

मैले भनेँ, 'म सरकारको होइन, प्रतिपक्षीको कुरा गर्दै छु । सरकारले त गरेन गरेन, प्रतिपक्षीले पनि गरेन भन्ने गुनासो छ ।'

उनले भने, 'म पनि त्यही त भन्दै छु । सरकारले नै केही नगरेपछि प्रतिपक्षीले के गर्छ ? आखिर सरकारले केही गरेपछि न प्रतिपक्षीले विरोध गर्ने अवसर पाउँछ । सरकारले नै केही नगरेपछि प्रतिपक्षीले मात्र के गर्छ ?'

'प्रतिपक्षीले केही नगरेपछि त सरकारलाई पूरै समर्थन

ग्यास पनि चलेन, त्यसमा पनि कोही बात छैन । तर यी कुनै कुरा नचले पनि सरकार त चल्यो नि ।

अझ खोतल्ने नै हो भने देशमा नचलेका कुरा त अरू कति भेटिन्छन्-भेटिन्छन् । जस्तो, देशमा आएको लोकतन्त्र राम्ररी चलेन । चल्यो ? चलेन नि । गणतन्त्र त झनै चलेन । संघीयता त झन् चल्दै चलेन । राष्ट्रियता काठमाडौंमा अलिअलि चल्यो, कालापानीतिर पटक्कै चलेन । यति धेरै कुरा चलेनन् तर कोही बात छैन । किनभने यी कुनै कुरा नचले पनि सरकार त चल्यो नि । त्यो पनि पूरा दुई वर्ष ! अब सरकार नै चलिसकेपछि फेरि अरू के चल्नुपर्‍यो ?

गरेको भयो । सबै कुरामा समर्थनै मात्र गर्ने हो भने प्रतिपक्षीको के काम ?' मैले सैद्धान्तिक प्रश्न उठाएँ ।

तर उनले व्यावहारिक उत्तर दिए, 'सबै कुरामा समर्थन गरेको छैन । कामको आधारमा समर्थन गर्ने हो । सरकारले वाइडबडी किनेर भ्रष्टाचार गर्‍यो, त्यसमा हामीले समर्थन गर्‍यौं । सरकारले ललिता निवासको जग्गा हिनामिना गर्‍यो, त्यसमा पनि हामीले समर्थन गर्‍यौं । सरकारले यती समूहलाई सरकारी जग्गा दियो, त्यसमा पनि हाम्रो समर्थन रह्यो । कामको आधारमा रचनात्मक समर्थन गर्छौं भनेर त हामीले भनेकै थियौं नि । यही हैन त रचनात्मक समर्थन भनेको ?'

नेताजीले यो उत्तर दिएको हो कि प्रश्न गरेको हो, मैले बुझिनँ ।

नेता अर्कैका राम्रा !

[झटारो]

लक्ष्मण गाम्नागे

एउटा बेहोरा नभएको नेपाली उखान सुन्थें, 'पत्नी अर्काकी राम्री, छोराछोरी आफ्ना राम्रा ।' यो उखान कतिलाई लागू होला, कतिलाई नहोला । तर हामी नेपालीलाई नेताचाहिँ अर्कैका राम्रा लाग्छन् । यसमा शंकै छैन । हामीलाई पराई देशका नेताहरूले कुनै काम गर्दा मुक्त कण्ठले प्रशंसा गर्न मन लाग्छ । त्यस्तै काम आफ्ना नेताले गर्दा उन्मुक्त कण्ठले गाली गर्न मन लाग्छ ।

छरछिमेकी देशकै नेताहरूका कुरा गरौं । भारतका प्रधानमन्त्री मोदीलाई हेर्नुस् त, क्या जिउँदाजाग्दा नेता छन् ! दमदार भाषण गर्छन्, वाकपटु छन्, जाँगरिला छन्, अनेक नयाँ-नयाँ अभियानका उद्घाटन गरिरहन्छन्, मिडियामा छाइरहन्छन् । जम्मु कश्मीरलाई झ्याप्प पारेर नियन्त्रणमा लिए । सेना लगाएर, टेलिफोन, इन्टरनेट सेवा बन्द गरेर आन्दोलन हुनै नदिई विपक्षीलाई दबाए । अमेरिकी राष्ट्रपति आउन लाग्दा एउटा ठूलो सुकुम्बासी बस्तीलाई रातारात पक्की पर्खाल लगाएर छोपछाप पारे । हाम्रा नेताको बुद्धि हेर्नुस् त, चिनियाँ राष्ट्रपति आउँदा के गरे ! जस्तापाता र प्लास्टिकले छोपछाप पारेर फोहोर लुकाए, बजेट स्वाहा पारे । पाहुनाका आँखामा छारो हाल्न पनि ढंग चाहिन्छ नि ! मोदीजीले त सिंगै सुकुम्बासी बस्ती नै पर्खालपारि पुर्‍याइदिए । चामत्कारिक नेता भनेको त त्यस्तो पो !

पाकिस्तानी प्रधानमन्त्री इमरान खानलाई हेर्नुस् । प्रधानमन्त्री हुनेबित्तिकै आफूले सुविधामा पाएका महँगा-महँगा गाडी बेचेर सरकारी ढुकुटीमा पैसा जम्मा गरे । सडक जाम भएर जनताले दुःख नपाऊन् भनेर अफिस जान-आउन हेलिकप्टर प्रयोग गरे । देशको विकास र जनताको उन्नतिका लागि के गर्दै छन् भन्ने समाचार त त्यति आइपुग्दैन यतातिर । तर नेता भनेकोचाहिँ त्यस्तो हुनुपर्छ ।

नेदरल्यान्डका प्रधानमन्त्री साइकल चढेर सडकमा घुम्छन् । सर्वसाधारणसँग हात मिलाउँछन् । विदेशतिरका राष्ट्रप्रमुख, सरकारप्रमुखहरू सपिङ गर्न पसल-पसल पुग्छन्, परिवारै लिएर समुद्र किनारातिर घुम्न निस्कन्छन्, सर्वसाधारणसँग सेल्फी लिन्छन्, सँगै बसेर खान्छन्, नाचगान गर्छन् । हाम्रा हेरौं त हाम्रा ! बाँसुरी बजाएर बस्छन्, सारंगी रेटेर बस्छन् । कहिले लेखक/कवि बोलाएर कविता सुनाउँछन्, कहिले बच्चाहरू भेला गरेर गफ चुटेर बस्छन् । प्रधानमन्त्रीजस्तो मान्छेले मर्यादामा बस्नु पर्दैन ? अस्ट्रेलियाका प्रधानमन्त्रीले बाँसुरी बजाएको भए त हामीले मुलुकमा त्यत्रो आगलागी भएका बेला पनि जनतालाई नआत्तिने सन्देश दिन बाँसुरी बजाउने हिरो भनिहाल्थ्यौं नि । हाम्राले बाँसुरी बजाएपछि निरो भन्नु परेन ?

एउटा कुन देशमा हो, प्यारालाइसिसले बोल्न, हिँड्न नसक्ने भएर पनि एक नेताले दस वर्षदेखि प्रधानमन्त्री चलाइराखेको समाचार आएको थियो । उता, मलेसियामा सय वर्ष पुग्न लागेका नेता प्रधानमन्त्री भएका छन् । नेतामा त्यस्तो ऊर्जा हुनुपर्छ अनि पो देश बन्छ । हाम्रोमा त १५ वर्षदेखि बिरामी भएका नेता प्रधानमन्त्री छन्, युवा पुस्तालाई सत्ता हस्तान्तरण गरेर आराम गर्नुपर्ने बेलामा सत्तामा टाँसिएका छन् । अनि, यसरी देशको प्रगति हुन्छ ?

भर्खरै एउटा कस्तो हाँसोलाग्दो समाचार सुन्नुपर्‍यो, कुन्नि कुन विदेशी संस्थाले नेपालका प्रधानमन्त्रीलाई एसियाकै सफल नेता भनेर घोषणा गर्‍यो अरे । कति हाँस्नु ! लौ त्यसले भुटानका प्रधानमन्त्री, मालदिभ्सका राष्ट्रपति वा बंगलादेशका प्रधानमन्त्री भनेको भए आँखा चिम्म गरेर पत्याउनु हुन्थ्यो । नेपालका प्रधानमन्त्रीलाई भनेपछि आँखा चिम्म गरेर नपत्याउनु परेन ? जति विचार गर्दा पनि नेता त अरू देशकै राम्रा !

KMG
KANTIPUR MEDIA GROUP
नेपाल म्यागजिन
अब नयाँ वेबसाइट
र एपमा पनि
नेपाल
अलमलका दुई वर्ष
बढ्दै छ संक्रामक भाइरसको सन्त्रास
बदलिँदो नेपालको अन्तर्कथा
@NepalMagazine
nepalmag.com.np
GET IT ON Google Play
Download on the App Store

चार पुस्ता हुलाकमा

मेरा बराजु नरदेवी रक्तकालीका दिलबहादुर श्रेष्ठ भक्तपुर हुलाकको मुखिया थिए । उनले कर्णेलकी श्रीमतीलाई भगाएछन् । कर्णेलकी श्रीमती भगाएलगत्तै रातारात काठमाडौं आई हुलाकका डाइरेक्टरसामु 'मैले बिराएँ' भनेपछि त्यहींबाटै पोखरा सरूवा गरिदिए । कर्णेलकी श्रीमती भगाएको बातकै कारण हुलाककै डाइरेक्टरको नाममा अड्डासार खिचेर ल्याउनू भनेपछि स्याङ्जामा गएर काम गर्नू भन्ने खबर बराजुलाई दिइएछ । हुलाकका डाइरेक्टरले सरूवाको पत्रचाहिँ स्याङ्जा पठाइदिएछन् ।

गजेन्द्रमणि प्रधान

त्यसबखत (विसं १९०३) भण्डारखाल पर्वमा कर्णेल काटिएपछि बराजु सुरक्षित भएछन् । पछि बराजुलाई स्याङ्जाबाट ओखलढुंगा सरूवा गरिदिएछन् । ओखलढुंगा हिंडेरै जानुपर्ने हुँदा बराजुका भएभरका सम्पत्ति भरियाले नै लगेछन् ।

बराजुका दुई भाइ छोरा जितबहादुर र जगतबहादुर थिए । ओखलढुंगा गइसकेपछि फेरि अर्को बिहे गरेर कर्णबहादुर जन्मिए । बाजेको पनि त्यहीं बिहे भयो । मेरा बुबा पनि ओखलढुंगामै जन्मिए । जितबहादुर कता गए, थाहा भएन । ओखलढुंगामै बराजु बितेपछि बाजे जगतबहादुर त्यहीं नै हुलाकको मुखिया भएछन् । ओखलढुंगाबाट सरूवा भएर तातोपानी हुलाकमा मुखिया हुंदा विसं १९५८ मा टिकट रद्द गर्दा भएको छाप विदेशी लेखक डा वल्फग्याङ सी हेल्लिरगल र कोलिन हेप्परले लेखेको द *न्याटिभ पोस्टमास्टर अफ नेपाल* पुस्तकमा उल्लेख छ ।



बाजेका तीन बहिनी छोरीमा सबै लाटी भएछन् । तातोपानी गोश्वारा बाजेको कार्यक्षेत्र थियो । केन्द्रबाट दौडाहामा गएको डाइरेक्टरको टोलीले 'तँलाई त गाह्रो रहेछ, के चाहन्छस्' भनेर सोधेछ । बाजेले विवाह गरेकाले भोजपुर सरूवा र दिङ्लाको जस्तो घर चाहिन्छ भनेछन् । त्यसपछि बाजे तातोपानीबाट भोजपुरमा हाकिम भएर गए ।

१९७७ तिर मेरा बुबा कृष्णबहादुर श्रेष्ठ विराटनगर गोश्वाराका मुखिया थिए । बुबासँगै विष्णुबहादुर मानन्धरले पनि गोश्वारामै काम गर्थे । बुबालाई त्यसबखत भद्रपुर दौडाहामा पठाइएछ, विराटनगरबाट । उतिबेला रूपैयाँको चलन थिएन । रूपैयाँ बराबर एक मुरीजस्तो पाइन्थ्यो रे । दौडाहामा गएका बेला पैसा खाएको होइन, घुस खाएको भनेपछि जागिरबाटै हटाइयो । त्यसपछि बुबा भोजपुर फर्किए ।

घुस काण्ड लागेपछि बज्यैले बुबालाई नेपाल काठमाडौं ल्याइछन् । त्यतिबेला काठमाडौं, टुंडिखेलमा अन्याय परेकाले राणा शासकसामु बिन्ती बिसाउन पाउँथे रे । बज्यैले मेरो छोरालाई अन्याय पर्‍यो भनेर चन्द्रशमशेरसामु बिन्ती बिसाइछन् । त्यसपछि कानुनी कारबाही भएर मुद्दा सल्टियो । पछि बुबा पशुपति गोश्वारामा मुखिया भए । चन्द्रशमशेरलाई घटनाको रिपोर्ट गर्ने बिच्छी बाजेको सहायकजस्तो भएर बुबाले काम गर्दै आएका थिए । पशुपति गोश्वारामै कार्यरत हुंदा भद्रपुर घटनाका कारण जागिरबाट हात धुनुपर्‍यो । बिच्छी बाजेलाई त मैले पनि पछि भेटेको हुँ ।

चन्द्रशमशेरलाई अंग्रेजी सिकाउने बंगाली गुरू वटुबाबुको चाकरीदार भएकाले मेरा दाजु रामबहादुर र साइँला नारायण श्रेष्ठको संगतकै कारण बुबालाई बाजेको नाममा चुरोटको ठेक्का मिल्यो । एकातिर बाजे हुलाकको जागिर, अर्कोतिर घन्टामार चुरोटको ठेक्का पाएपछि भोजपुरमा हाम्रो रवाफ बढ्यो ।

काठमाडौंमा त्यसबखत बिफर आएछ । बिफरग्रस्त भएपछि साइँला छोरा नारायणको मृत्यु भयो ।

मेरा बुबा ज्योतिष, कानुन सबै विषयका ज्ञाता थिए । जागिर खोसुवामा परेपछि बिच्छी बाजेले 'तँजस्तै जान्ने मान्छे ल्याइदे न' भनेछन् । बुबाले पशुपतिप्रसाद कोइरालालाई सिफारिस गरेपछि पशुपति गोश्वाराका जागिरे भए । कोइराला पछि गएर सर्वोच्च अदालत जाहेरी विभागका न्यायाधीशसमेत बने ।

००६ तिर हामी सबै विराटनगर गएपछि सँगै काम गरेका साथीकहाँ बुबाले काठको क्युबिक फिटको हिसाब निकाल्ने कामसमेत गरे । यसरी हाम्रो पुस्तामा बराजु, बाजेदेखि, बुबासम्मले हुलाकमै सेवा गरे ।

(प्रधान कानुन मन्त्रालयका सहसचिव तथा पूर्वजिल्ला न्यायाधीश हुन्)

■ **प्रस्तुति : गोकुल अर्याल**

पोडकास्ट सुन्न soundcloud.com/nepalmagazine

पेसा : किरियापुत्री

रोविक उपाध्याय

पेसाले किरियापुत्री हुन्, नवराज बडाल। आफन्त गुमाएका शोकसन्तप्त परिवारका लागि यी २४ वर्षे युवा नौ वर्षयता किरियापुत्री बस्दै आएका छन्। सन्तान नभएका वा बस्न नसक्नेका लागि निश्चित रकम दिएर यस्ता किरियापुत्री नियुक्त गर्ने चलन छ। यसरी पैसा लिएर किरिया बसिदिने पेसामा आम्दानी राम्रो भए पनि समाजले सहज रूपमा स्वीकारेको अवस्था भने छैन।

हिन्दु परम्पराअनुसार मृत्यु संस्कार राम्ररी गरे पितृको स्वर्गबास हुन्छ भन्ने मान्यता छ। किरियापुत्री बस्ने व्यक्ति आफैँले खाना तयार पार्ने, नुन बार्ने र १३ दिनसम्म कसैलाई छुनुसमेत नहुने नियम छ। बडाल भन्छन्, "मलाई बिहेका लागि केटी पाउन पनि गाह्रो भएको थियो। अहिलेसम्म थाहा छैन, कतै पेसा लेख्नुपर्‍यो भने के लेख्ने ?"

यो पेसाप्रति बडालको झुकाव हुनुको मुख्य कारण आर्थिक लाभ नै हो। शोक पनि कसैका लागि नाफा कमाउने पेसा हुन सक्छ ? परम्परा र आधुनिकताबीच यही कुराको द्वन्द्व देखिन्छ। यस्तो परम्पराले शोक त हस्तान्तरण गर्न सकिएला तर के मनभित्रको दुःख–पीडा हस्तान्तरण हुन सक्ला ?

(प्रस्तुत तस्बिरले फोटो जर्नालिस्ट क्लबद्वारा हालै आयोजित नेपाल फोटो प्रतियोगिता ०७६ को फोटो स्टोरी विधामा दोस्रो स्थान हासिल गरेको थियो।) ने

nepalmag.com.np



विशेष

द्वन्द्वका कहालीलाग्दा छायाहरू

द्वन्द्वको आघातजन्य मानसिक तनाव नेपालमा ३२ प्रतिशत

दुर्गालाल केसी/दाङ

रूपन्देहीको कञ्चन गाउँपालिकाका चूडामणि ढकाल दुवै कान राम्रोसँग सुन्दैनन् । शरीरभरि चोटैचोट छन् । तत्कालीन विद्रोही माओवादीलाई सघाएको अभियोगमा १० माघ ०५८ का ११ वर्षीय छोरा दिनेश र १४ वर्षीय छोरा रमेशका साथ उनलाई सुरक्षाकर्मीले पक्राउ गरेका थिए ।

तत्कालीन विद्रोही माओवादीको गोली लागेर अपांग भएका दाङका रामजी थारु बैसाखीको सहारामा

"तीन बाउछोरालाई सेनाको सालझन्डी ब्यारेकमा लगेर राख्यो । हात काटेर नुनचुक लगायो, नङमा पिन ठोकियो । पिसाब फेर्दा करेन्ट लगायो," उनी सुनाउँछन्, "छोराहरूको टुपीमा पिन ठोकियो । मेरो शरीरभरि घाउका खत मात्रै छन् । त्यो यातनाले मेरा कान बन्द भए, पिसाब रोकिन छाड्यो ।"

निरन्तर निगरानी बढेपछि उनी लुकीलुकी हिँड्न बाध्य भए । फेरि पक्राउ पर्ने त्रासका कारण जेठा छोरा रमेशलाई विश्वनाथ र कान्छा दिनेशलाई विदुर नाम बनाएर नयाँ स्कुलमा भर्ना गरे पनि नियमित पढ्न पाएनन् । भविष्य बनाउने समयमा छोराहरू बर्बाद भएको र शरीर अशक्त भएको पीडाले उनलाई विक्षिप्त बनाएको छ । अहिले पनि नियमित डिप्रेसनको औषधी खाइरहेका छन् ।

आफूलाई यातना दिने सुरक्षा अधिकारीलाई उनले अहिलेसम्म बिर्सेका छैनन् । सत्य निरुपण तथा मेलमिलाप आयोगले यस्ता घटनामा छानबिन गर्ने भने पनि काम अघि बढ्न सकेन । कतिले माफीको कुरा गरिरहेको हुँदा यसले उनलाई साह्रै पीडा हुन्छ । "हामीलाई यातना दिनेलाई थोरै भए पनि सजाय हुनैपर्छ," उनी भन्छन्, "जघन्य अपराध गर्नेलाई कसरी माफी दिन सकिन्छ ? त्यो घटना सम्झँदा पनि जीउ काँप्छ ।"

कपिलवस्तुको शिवराज नगरपालिका-३ का बहाव कुर्मीको तत्कालीन विद्रोही माओवादीले हात, खुट्टा र शरीरका विभिन्न भागमा बञ्चरोले काटेका घाउ अहिले पनि उस्तै छन् । "दायाँ हातका औँलाको बीचमा बञ्चरो राखेर दाउरा चिरेझैँ मेरो हत्केला चिरिदिए । त्यसपछि दुई औँला नै गुमे," उनी बयान गर्छन्, "खुट्टामा पनि त्यसैगरी काटे । पूरै जीउ दुखिरहन्छ । औषधी नखाईकन बस्नै सकिँदैन ।"

कुर्मी गाउँमा भएको भैँसी चोरीको घटनामा पूर्ववडा सदस्यका हैसियतले छलफलमा सहभागी भएका थिए । त्यही क्रममा एक पक्षले ठीक पार्छु भन्ने सोचेर उनीविरुद्ध माओवादीमा गलत कुरा सुनाइदिएछ । त्यसपछि १४ चैत ०६१ राती १५ जना माओवादी आएर उनलाई घरदेखि टाढा लिएर गए र काटेर छाडिदिए ।

"अहिले म हातले खान सक्दिनँ । शरीर दुःखेर काम गर्न पनि सक्दिनँ । श्रीमती र ३ छोराहरूको बेहाल छ," उनी पीडा पोख्छन्, "बिनाकुनै दोष यति ठूलो सजाय पाएको घटनाले मलाई निकै सताउँछ । मलाई काट्नेहरूलाई कारबाही नभएसम्म मनमा शान्ति आउनेवाला छैन ।"

बाँकेको बैजनाथ गाउँपालिका-५ कि उषा दाहाल युद्धकालको घटनाले अहिले पनि त्रसित छिन् । पति दुर्गाबहादुर दाहाल १० भदौ ०५९ मा सुरक्षाकर्मीबाट बेपत्ता पारिए । जेठाजु कमल १७ पुस ०५८ मा बेपत्ता भए । त्यतिले पनि उनले सुख पाइनन् । हरेक रात सेना घरमा आएर उनलाई सतायो । "राती १२ बजे घरमा आएर बन्दुकका कुन्दाले हान्ने, संवेदनशील अंगमा छुन खोज्ने र एकान्तमा लैजान खोज्थे," उनी भन्छिन्, "म सेना आउनेबित्तिकै बलात्कारको त्रासले छोरालाई च्यापेर बस्थेँ । हरेक पटक दुर्व्यवहार गरे ।" घरमा असुरक्षित भएपछि उनी १३ महिनासम्म माइती गएर बसिन् । "एकातिर श्रीमान् र जेठाजुलाई बेपत्ता पारियो, अर्कोतिर मलाई नियमित यातना," उनी भन्छिन्, "घर छाडेर हिँड्नुपर्‍यो । अहिलेसम्म ती घटनाले तर्साइरहन्छन् ।"

मल्लरानी-३ प्युठानकी भूमा पौडेल पनि मानसिक पीडाबाट ग्रस्त छिन् । घटना सुनाउन थाल्यो कि आँसु झरिहाल्छ । तत्कालीन माओवादी निकट महिला संघमा काम गर्ने पौडेललाई १९ कात्तिक ०५५ मा इलाका प्रहरी कार्यालय भालुबाङको टोलीले पक्राउ गर्‍यो । ६ महिना तुलसीपुर कारागारमा राखेर यातना दियो । "आँखामा पट्टी बाँधेर राखे । अनेक यातना दिए," उनी भन्छिन्, "जेलबाट छुटेर पनि सुख पाइएन । पटक-पटक पक्राउ गरेर लैजाने र सताउने गरे ।"

नेपालका द्वन्द्वपीडितमा उच्च मानसिक आघात रहेको अध्ययनले पनि देखाएको छ । स्वीडेनको उपसाला विश्वविद्यालय र नेपालको सामाजिक परिवर्तन केन्द्रले ०७४ मा नेपालका ६ जिल्लाका द्वन्द्वपीडितमा मनोसामाजिक स्वास्थ्यसम्बन्धी अनुसन्धान गर्दा दुई तिहाइभन्दा बढीमा चिन्ता, उदासीनता, डर, थकान र निराशा रहेको पाइएको छ । कम्प्युटर प्रविधिबाट नमुना क्षेत्र छनोट गरी स्थलगत अध्ययन गर्दा धेरैमा अझै पनि युद्धको असर देखिएको छ ।

पश्चिम युरोपेली देशहरूमा औसतमा ०.५ देखि २.५ प्रतिशत मात्र व्यक्तिमा द्वन्द्वको आघातजन्य घटनापछि मानसिक तनाव देखिएकामा नेपालमा ३२ प्रतिशतमा यस्तो समस्या रहेको अध्ययनले देखाएको छ । १ हजार

'सम्झिँदा हातखुट्टा लाग्न छाड्छन्'

सशस्त्र द्वन्द्वले केहीलाई दोस्रो जीवन दिएको छ । मरेको भनेर माया मारिसकेका बेला उनीहरू दोस्रो जीवन पाएर घर फर्केका छन् । भाग्यले बाँचेका ती पात्रले पनि युद्धलाई भुल्न सक्ने अवस्था छैन । दाङ तुलसीपुर उपमहानगर-१५ पहरुवाका बलसुन्द्रा चौधरी २१ भदौ ०५९ दिउँसो थारु परम्पराअनुसार गुरुवाको पूजा गरिरहेका थिए । त्यही बेला सेना आएर उनीसहित नौ जना थारु किसानलाई पक्राउ गर्‍यो । सबैलाई बाटैभरि यातना दिँदै लगियो । त्यही क्रममा उनलाई मरणासन्न हुने गरी पिटियो । मर्‍यो भनेर बाटोमै फालियो । "पछि होस आउँदा हातखुट्टा लागिरहेका थिएनन् । जीउ थर्थरी काँपेको थियो," उनी भन्छन्, "बल्लबल्ल उठेँ । नजिकै रहेका मानिसलाई घटनाबारे सोधेँ । आफूसँगै पक्राउ परेका सबै मारिएको थाहा पाएँ । त्यसपछि घर जान सकिनँ । भारततिर भागेँ ।"

लामो समयसम्म घरपरिवारलाई उनको अवस्थाबारे केही थाहा थिएन । शान्तिपूर्ण वातावरण भएपछि मात्रै उनी घर फर्के । त्यो घटना सम्झिए भने बेचैन हुन्छन् । "त्यो दिन सम्झियो भने हातखुट्टा लाग्न छाड्छन् । केही कामै गर्न मन लाग्दैन," उनले भने, "अहिले पनि डर लाग्छ ।" खेतीकिसानी गरेर जीविका चलाइरहेका थारु किसानलाई एक ठाउँमा जम्मा भएको भनेर पक्राउ गरिएको थियो । दाङको दंगिशरण गाउँपालिकास्थित कौवाघारीका छविलाल सार्की पनि मरेर बाँचे । १६ साउन ०५९ बिहान

१० जनामा गरिएको सर्वेक्षणमा द्वन्द्व प्रभावित क्षेत्रमा ४१ प्रतिशत व्यक्तिमा थ्रेसहोल्डभन्दा उच्च मानसिक तनाव देखिएको छ भने प्रभावित नभएका क्षेत्रमा २० प्रतिशतमा मात्रै । यसले द्वन्द्व प्रभावित क्षेत्रमा बढी मानसिक आघात भएको देखाउँछ । अध्ययनले मानिसमा अझै पनि द्वन्द्वमा सहभागी पक्षप्रति विश्वास नभएको देखाएको छ । ४६ प्रतिशतले तत्कालीन माओवादी नेता वा सदस्यप्रति अहिलेसम्म कत्ति पनि विश्वास नभएको बताएका छन् । यसैगरी २७ प्रतिशतमा सेना तथा प्रहरीप्रति र ३७ प्रतिशतमा अन्य पार्टीका नेता वा सदस्यप्रति कत्ति पनि विश्वास नभएको देखिएको छ ।

अनुसन्धानकर्ता प्रकाश भट्टराईका अनुसार द्वन्द्वपीडितमा आघातजन्य घटनापछि देखिने तनावको स्तर उच्च रहेकाले मनोसामाजिक सहायताद्वारा यसको सम्बोधन गर्न जरुरी छ । उनका अनुसार ४ प्रतिशत व्यक्तिमा अझै पनि हिंसा दोहरिन सक्ने चिन्ता छ । ३४ प्रतिशत पीडितले अहिले दैनिक जीविकोपार्जनका लागि समस्या भोगिरहेको अध्ययनले देखाएको छ ।

"समाजमा मानिस अझै पनि विभिन्न समूहबाट हुन सक्ने खतरा र त्रास महसुस गर्छन् । अन्तरव्यक्ति विश्वासको स्तर एकदमै कम छ," भट्टराई भन्छन्, "द्वन्द्वमा पुरुषको तुलनामा महिलाले बढी पीडा भोगेका कारण यस्तो भएको हुन सक्छ ।"

तस्बिरहरू : दुर्गालाल केसी

^ सशस्त्र द्वन्द्वमा सुरक्षाकर्मीबाट यातना पाएका कारण डिप्रेसनको सिकार भएका रुपन्देहीका चूडामणि ढकाललाई थेरापी गराउँदै मनोपरामर्शकर्ता

द्वन्द्व नबिर्सने ज्यान

सशस्त्र द्वन्द्वले धेरैको आधा शरीर मात्र बचाएको छ, आधा युद्धले खाइदिएको छ । त्यही बचेको शरीरले युद्ध सम्झाइरहन्छ । सल्यान कालिमाटीका भूपेन्द्र खत्रीले बायाँ खुट्टा गुमाएका छन् । बैसाखीको भरमा हिँड्दा युद्धकालीन दिनको झल्को आइरहन्छ, उनलाई । १६ माघ ०५८ राती सुतिरहेका बेला तत्कालीन विद्रोही माओवादीले श्रीमतीलाई घरको थाममा बाँधे अनि खत्रीलाई लिएर गए । आधा किलोमिटर टाढा पुगेपछि उनलाई सुताए । खुट्टामुनि ढुंगा राखे अनि माथिबाट फलामको घनले थिचे । त्यसपछि उनको बायाँ खुट्टा काट्नुपर्‍यो ।

कांग्रेसबाट कालिमाटी गाविसका पूर्वअध्यक्ष भएका कारण उनलाई कारबाही गरिएको थियो । "घटना पुरानो हुँदै गए पनि घाउ बल्झिइरहन्छ । युद्धको घाउ कहिल्यै निको हुँदो रहेनछ," उनले भने, "हामीलाई अंगभंग बनाउने दोषीलाई कारबाही नहुँदासम्म मनले शान्ति पाउँदैन ।"

तुलसीपुर उपमहानगर-११ जसपुर दाङका कुलबहादुर वली बोल्न र सुन्न सुन्दैनन् । श्रीमती सुन्दरी वलीको भरमा हिँड्डुल गर्छन् । भर्भराउँदो

७ बजेतिर कौवाघारी गाउँका १३ जना सार्की दाजुभाइ हलो, जुवा काट्न खुकुरी, बञ्चरो बोकेर दक्षिणपट्टिको राजाकोट जंगलतिर उकालो लागेका थिए । केही उकालो चढेर डाँडामा थकाइ मारिरहेका बेला राजाकोटमा रहेको नेपाली सेनाले चारैतिरबाट घेरा हाल्यो । माओवादी आरोपमा सबैलाई पक्राउ गरी सैनिक क्याम्प लगियो । केही बेर राखिसकेपछि ५० मिटर ओरालो झारेर लाइन लगायो, कपडा खोल्न लगायो र गोली हान्ने तयारी भयो । उनी आत्तिएर भीरबाट हाम फाले । चारैतिर गोली बर्सियो तर पनि उनी भाग्यले बाँचे । अरू १२ जनाको एकै चिहान भयो ।

छविलाल त्यसपछि घर बस्न सकेनन् । भारतमा भासिए । उनी मरेको भनेर गाउँमा छविलालचोक बन्यो । शान्ति प्रक्रियापछि ०६३ मा मात्र उनी घर फर्के । "घर फर्कंदा सबै अचम्म परे, मेरो नाममा चोक नै बनिसकेको रहेछ । पुरानो घटनाले झनै सतायो । फेरि भारत फर्कें," उनी भन्छन्, "चार वर्ष बसेर मात्र घर फर्कें । गाउँ बस्दा झनै डर लाग्थ्यो ।" श्रीमती र छोराछोरीले धेरै अनुरोध गरेपछि मात्र उनी घर बस्न थाले ।

द्वन्द्वका क्रममा जिल्लामा अनाहकमा सर्वसाधारण मारिएका यस्ता धेरै घटना छन् । घोराहीको बेलुवामा नौ, तुलसीपुरको फूलबारीमा ६, दंगिशरणको गोल्टाकुरीमा १२ र तुलसीपुरको पहरुवामा ८ जना सर्वसाधारण बिनाकारण सुरक्षाकर्मीबाट मारिएका छन् । उनीहरूको विषयमा राष्ट्रिय मानव अधिकार अयोगले समेत अध्ययन गरी निर्दोष मारिएको ठहर गरिसकेको छ । युद्धले सबैभन्दा बढी प्रभाव पारेका राप्तीका पाँच जिल्लामा पीडित बढी छन् । इन्सेकको तथ्यांकअनुसार दस वर्षे युद्धका क्रममा राप्तीका पाँच जिल्लामा राज्यबाट १ हजार ६ सय ८ र माओवादीबाट १ सय ६१ जना सर्वसाधारणको हत्या भएको छ । यसैगरी देशभरि राज्यबाट ८ हजार २ सय ५८ र माओवादीबाट २ हजार ६ सय ३४ सर्वसाधारणको हत्या भएको छ ।

^ सशस्त्र द्वन्द्वका क्रममा माओवादीको गोली लागेर घाइते भएका बर्दिया ढोडेरीका कृष्णराज योगी (दायाँ) अन्य पीडितका साथ

जवानीमा नेपाल प्रहरीमा जागिरे भएका वली १४ पुस ०५४ मा जाजरकोटको सकला प्रहरी चौकीमा कार्यरत हुँदा तत्कालीन विद्रोही माओवादीले थापेको एम्बुसमा परी सख्त घाइते भए। बमको धक्काले कानका जाली फुटे। त्यसपछि उनी सदाका लागि बोल्न र सुन्न नसक्ने भए।

देशको सुरक्षाका लागि भन्दै ज्यानको बाजी थापेर दुर्गम क्षेत्रमा खटिएका बेला माओवादी लडाकुको आक्रमणमा परेपछि उनको जीवनले अर्कै मोड लियो।

उक्त घटनापछि उनले पाँच वर्षमै जागिर छाड्नुपर्‍यो । अहिले उनी अरूको भाषा बुझ्दैनन्, आफ्नो भाषा बुझाउन पनि सक्दैनन्। "सानैदेखि बोल्न नसक्ने भएको भए सांकेतिक भाषा बोल्न सकिन्थ्यो होला। आधा उमेरमा यस्तो हालत भएपछि भाषा बुझ्न र बुझाउन समस्या भएको छ," कागजमा लेख्छन्, "अझै पनि औषधी खाइरहनुपर्छ । दुई छोरा पालनपोषणको चिन्ता छ।" युद्धले श्रीमान्को आधा जीवन बर्बाद पारेको श्रीमती सुन्दरीले बताइन्। "कमाउन गएका मान्छे बोल्न र सुन्न नसक्ने भएर आए । उल्टै खर्च गरेर औषधी गर्नुपर्ने भयो," उनी भन्छिन्, "उहाँको स्याहारमा लाग्दा अरू काम गर्न भ्याइँदैन। कसरी ज्यान पाल्ने भन्ने चिन्ता छ।"

चौरजहारी नगरपालिका-११, खोलागाउँ, रुकुम पश्चिमका गोपालप्रसाद शर्माका दुवै आँखा बन्द छन्। उनी पनि अरूकै सहारामा जीवन चलाइरहेका छन्। कांग्रेसबाट खोलागाउँ गाविस अध्यक्ष भएका शर्माले ११ साउन ०५५ मा आँखाको ज्योति गुमाएका हुन्। त्यस दिन राती आएको तत्कालीन विद्रोही माओवादीको समूहले उनलाई मरणासन्न हुने गरी पिट्यो र अन्तमा आँखामा तेजाब हालिदियो। त्यसपछि उनले संसार देख्न छाडे।

काठमाडौँमा ९ महिना उपचार गर्दा पनि आँखाको ज्योति आउन सकेन। आँखा गुमाएर पनि उनी गाउँ फर्कन सकेनन्। अहिले पनि उनको १ हजार ७ सय वर्गमिटर जग्गा कब्जामै छ। उनी युद्धकालदेखि नै बाँकेको कोहलपुरमा विस्थापित जीवन बिताइरहेका छन्। श्रीमती विष्णु शर्मा उनलाई हात समाएर हिँडाउँछिन्। "श्रीमतीको हात समाएर जीवन चलेको छ। २१ वर्षदेखि यो सजाय भोगिरहेको छु," उनी भन्छन्, "अहिलेसम्म हाम्रो आवाज कसैले सुनेको छैन। हामीले आँखा गुमायौँ, यातना भोग्यौँ, घरबारविहीन भयौँ तर न्याय दिन कोही तयार भएन।"

तुलसीपुर-१८ दूधराश दाङका चक्रपाणि शर्मा दुवै हातमा बैसाखी टेकेर बल्लबल्ल हिँड्न सक्छन्। माओवादी लडाकु भएका शर्मालाई २५ चैत ०६१ मा रुकुमको खारास्थित सैनिक ब्यारेक आक्रमण गर्ने क्रममा बमको छर्रा लाग्यो। उनको मेरुदण्ड नै नचल्ने भयो। त्यसपछि अहिलेसम्म उनी निरन्तर उपचारमा छन्। "छोराछोरीको लालनपालन, शिक्षा, स्वास्थ्यको समस्या छ। युद्ध लडेर देशमा परिवर्तन ल्याइयो," उनी भन्छन्, "अहिले हाम्रो त्याग र बलिदानकै कारण नेताहरू सत्तामा छन्। आधा शरीर लिएर बाँचे पनि देशमा सत्ता फेरियो भनेर चित्त बुझाएका छौँ।"

अनाहकको चोट

युद्धका बेला कतिपय विद्रोही या सरकारी सुरक्षाफौजमा सहभागी भएरै पीडित भएका छन् भने कति अनाहकमा चोट भोग्न बाध्य। आफ्नै पेसामा रहेर सहज जीवन चलाइरहेका बेला अनाहकमा उनीहरू युद्धको सिकार भए। त्यो घटनाको घाउले अहिले पनि उनीहरूलाई मर्नु न बाँच्नु बनाएको छ।

तुलसीपुर उपमहानगर-१७ दाङका रामजी थारु बैसाखी टेकेर हिँड्छन्। किसानी गर्ने थारुलाई द्वन्द्वले अपांग बनायो। ११ जेठ ०५५ राती आएका ६/७ माओवादीलाई घरमै बस्न दिए। खाना खुवाए। सुरक्षाकर्मीको त्रासले माओवादीलाई पठाएर सुत्ने योजनाअनुसार उनी माथिल्लो तलामा गए। माओवादीले हतियार मिलाएर राख्ने क्रममा एउटा बन्दुक पड्कियो र थारुको दायाँ खुट्टामा गोली लाग्यो।

लामो समय उपचार गर्दा पनि खुट्टा ठीक हुन सकेन। अन्तमा बैसाखीको सहारामा हिँड्नुपर्ने भयो। खेतीपाती गरेर जीवन गुजारा गर्दै आएका थारुलाई घरको काम गर्न कठिन भयो। "म अशक्त भएपछि छोराहरू सबै पढाइ छाडेर घरको काममा लागे," ७० वर्षीय थारु भन्छन्, "उपचार खर्च, क्षतिपूर्ति भनेर धेरै ठाउँमा धाएँ तर कतैबाट केही पाइएन। हामीजस्ता निर्दोषलाई कसले न्याय दिन्छ ?"

बर्दिया ढोडेरीका कृष्णराज योगीका टाउकामा अझै पनि गोली छन्। राम्रोसँग हिँड्न सक्दैनन्। ४ असोज ०६० मा ढोडरीस्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालयमा पढाइरहेका बेला एक्कासि माओवादी आएर उनलाई नियन्त्रणमा लिए। कांग्रेस समर्थक भएकै कारण उनलाई एक सय मिटर टाढाको नर्सरीमा लगे अनि गोली हाने। योगी २१ दिनपछि होसमा आउँदा लखनउमा उपचार भइरहेको थियो।

"माओवादीले मर्‍यो भनेर छाडिदिएका रहेछन् तर म बाँचेँ," उनी भन्छन्, "त्यो गोली अझै टाउकामा छ। गोलीकै कारण शरीर नचल्ने भएको छ।"

गोलीका कारण उनको बायाँ हात र खुट्टासँगै आधा शरीर चल्दैन। माओवादीको गोली खाएर पीडित भइरहेका बेला सरकारले १२ वर्षदेखि पढाउँदै आएको जागिर पनि खाइदियो। "म अशक्त भएपछि सबैले साथ छाडे। पढाउन सक्दैन भनेर जागिर पनि खाइदिए," उनी भन्छन्, "अहिले मलाई त्यो घटना र गोलीले औधी पीडा दिइरहेको छ।" ने

बालविवाह र केटाहरू

शिशिर वैद्य

नेपालका सबै जिल्लामा अझै बालविवाह हुने गरेको छ। तथ्यांक यसै भन्छ। कपिलवस्तु, डडेल्धुरा, बारा, रूपन्देही, धनुषा, अर्घाखाँची, डोटी, सप्तरी, बैतडी, रौतहट बालविवाह अधिक हुने दस जिल्लामा रहेको जनगणना २०११ को तथ्यांकले देखाएको छ। झन्डै ३२ जिल्लामा त बालविवाहको दर १० प्रतिशतभन्दा बढी रहेको छ ।

कानुनी रूपमा बालविवाह दण्डनीय अपराध हो तर जनगणनाको तथ्यांकले यो अपराध सबै जिल्लामा भइरहेको देखाउँछ। संघीय राजधानी काठमाडौंसमेत अटाएको यो तथ्यांकले दूरदराजका जिल्लामा बालविवाहको कुरीतिले कति दह्रो जरा गाढेको होला, अन्दाज गर्न सकिन्छ । तराई-मधेसको त के कुरा गर्नु ! तराईमा विशेषगरी दलित र मुस्लिम समुदायको विवाह गरिने उमेर समूहको तथ्यांकले बालविवाह अझै सामाजिक समस्याका रूपमा रहेको देखाउँछ । चिडिमार, डोम आदि मधेसी समूहमा पहिलो विवाह हुने उमेर १५ वर्षभन्दा मुनि (१३.८ र १३.९ वर्ष) रहेको छ । संख्यात्मक रूपमा हेर्दा हिमाली जिल्ला मनाङ र मुस्ताङ सबैभन्दा कम बालविवाह प्रतिशत रहेका जिल्लामा पर्छन् ।

संख्यात्मक रूपमा केटीहरू बालविवाहका कारण बढी प्रताडित रहेका छन्। तर यो कुरीतिको मारमा केटी मात्र होइनन्, केटाहरू पनि रहेका छन्, जसको विषयमा चर्चा बिरलै मात्र हुने गरेको छ। उमेर नपुग्दै हुने विवाहले केटी र केटा दुवैमा सामाजिक, आर्थिक र मनोवैज्ञानिक असर पार्छ। केटाकेटीको खेलजस्तो, साथीभाइको रमाइलोजस्तो गरी बालापनमै भएको विवाहले दुई परिवारबीच मिलन र नयाँ सम्बन्ध त बस्छ तर यसपछिका दायित्व एवं आउन सक्ने शारीरिक, मानसिक र आर्थिक समस्याका विषयमा न केटा सचेत भइसकेको हुन्छ, न त केटी। कम उमेरमा भएको विवाहका कारण पारिवारिक जिम्मेवारी र बन्धनमा बाँधिने, बालापनमै वयस्कको जिम्मेवारी वहन गर्नुपर्ने आदि समस्याले पीडित केटाहरूका कथा बिरलै सुन्न पाइन्छ।

१८ वर्ष उमेर नपुग्दै हुने विवाहलाई नेपालको कानुनले बालविवाह भनेको छ। तर २०११ को जनगणनाले दस वर्ष वा सोभन्दा माथिल्लो उमेरमा विवाहित व्यक्तिको सबैभन्दा ठूलो हिस्साको पहिलो विवाह १५-१९ वर्षको उमेरमा भएको देखाउँछ। यो उमेरभित्र ४८.९ प्रतिशत विवाहित व्यक्तिको पहिलो विवाह भएको जनगणनाको तथ्यांकले देखाएको छ। वैवाहिक स्थितिका आधारमा २१.३ प्रतिशत केटाहरू र ५२.७ प्रतिशत केटीहरूको विवाह १८ वर्ष उमेर नपुग्दै भएको देखिन्छ। तथ्यांकले समग्रमा ३८.८ प्रतिशत बालबालिकाको विवाह कम उमेरमै हुने गरेको देखाउँछ। बालविवाहको यो तथ्यांकले अवस्था चिन्ताजनक र गम्भीर रहेको बुझ्न सकिन्छ ।

कमजोर आर्थिक अवस्था, यौवन उन्माद आदि कारणले हुने विवाहको हतारोलाई परिवर्तित गर्नु सानोतिनो चुनौती होइन ।

सामाजिक, सांस्कृतिक, पारिवारिक, आर्थिक, गरिबी अनेक कारणमा हुने बालविवाहले उमेर नपुग्दै विवाह हुने केटा र केटी दुवैलाई असर गर्छ। संयुक्त राष्ट्रसंघको एक अध्ययनअनुसार विश्वका ३० मध्ये एक बालकको विवाह उमेर नपुग्दै हुने गरेको छ । त्यस्तै, २० देखि २४ वर्ष उमेर समूहका केटीहरूमा गरिएको अध्ययनले पाँचमध्ये एकको बिहे १८ वर्ष नपुग्दै भएको देखाएको छ। तीमध्ये १५ वर्ष उमेर नपुग्दै बिहे भएकाको संख्या पनि उल्लेख्य रहेको अध्ययनले देखाउँछ । बालविवाह दर घट्दै गए पनि धेरै देशमा सामाजिक रीतका रूपमा त्यस्तो विवाह अझै विद्यमान छ । नेपालमा पनि बालविवाहको दर पहिलेभन्दा घटिरहेको छ । पहिलो विवाह गर्ने उमेर समूहको औसत तथ्यांकमा केटा र केटी दुवैको विवाह गर्ने उमेर बढ्दो क्रममा छ। तर अशिक्षा, गरिबी र केही सामाजिक रीत अझै पनि बालविवाहलाई निर्मूल पार्न चुनौतीका रूपमा छन् ।

नेपालले सन् २०३० सम्म बालविवाह जरैदेखि निर्मूल पार्ने लक्ष्य लिएको छ। २०१६ मार्चमा भएको 'गर्ल समिट' मा नेपाल सरकारले यो घोषणा गरेको थियो। तर विद्यमान तथ्यांकलाई २०३० सम्ममा निर्मूल पार्ने लक्ष्य चानचुने चुनौती होइन । नेपालको समाजमा बालविवाह हुनुका थुप्रै कारण छन्। धेरैमा अझै शिक्षा र स्वास्थ्यको सजिलो पहुँच छैन। चाँडो विवाह गरिदिए धर्म लाग्नेजस्ता सोच समाजमा व्याप्त छ । कमजोर आर्थिक अवस्था, यौवन उन्माद आदि कारणले हुने विवाहको हतारोलाई परिवर्तित गर्नु सानोतिनो चुनौती होइन। बाल मृत्युदर, मातृ मृत्यु एवं मातृ स्वास्थ्य, प्रजनन, परिवार नियोजनसम्बन्धी सचेतना आदि बालविवाहका कारण हुने समस्या हुन् । तगाराका रूपमा रहेका यी कारण चिर्न बाँकी नै रहेको वर्तमान अवस्थामा के बालविवाह सजिलै निर्मूल होला ?

शिक्षित र अशिक्षित समाजमा हुने औसत विवाह गर्ने उमेरको तथ्यांकलाई नियाल्ने हो भने शिक्षित समाजमा विवाह गर्ने केटा र केटीको औसत उमेर २४ र २१ वर्ष रहेको देखिन्छ। त्यसैले समाज शिक्षित भए मात्रै बालविवाहको समस्या समाधान हुन सक्छ। सचेत नागरिक समाजले बालविवाहजस्ता कुरीतिलाई चिर्न सहज तुल्याउँछ।

कानुनमै चलखेल

निजी क्षेत्रलाई पोस्ने नियतले मौलाएको नीतिगत भ्रष्टाचार

योगेश ढकाल

राहदानी तथा मुद्रा छपाइका लागि उपयोग हुने गरी सरकार सेक्युरिटी प्रिन्टिङ प्रेस खरिद गर्ने तयारीमा थियो। र, त्यसका लागि स्वीस कम्पनीसँग खरिद प्रक्रियाबारे छलफल भइरहेको थियो । स्वीस कम्पनीका नेपाल प्रतिनिधि विजयप्रकाश मिश्र सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बास्कोटासँग समन्वय गर्दै थिए। तर परिस्थिति मिश्रको काबुबाहिर त्यतिबेला पुग्यो, जब यती समूहका आङछिरिङ शेर्पाको लबिइङ सुरु भयो । यती समूहले फ्रान्सको कम्पनीसँग डिल गर्ने वातावरण मिलाएको थियो। १६ फागुन ०७५ मा मन्त्री बाँस्कोटासहित शेर्पा फ्रान्स जानेवाला थिए। विडम्बना, त्यसको अघिल्लो दिन पाथिभरा हेलिकप्टर दुर्घटनामा शेर्पाको निधन भयो।

त्यसपछि यती समूहकै परिवारको अन्य सदस्यको लबिइङमा बाँस्कोटा फ्रान्सको कम्पनीसँग डिल गर्दै थिए। खासमा सेक्युरिटी प्रेस ११ अर्ब रुपैयाँमा खरिद गर्न सकिने थियो। तर कमिसनको खेलले त्यसको मूल्य २७ अर्बसम्म पुग्यो। अझ बढेर ३८ अर्ब रुपैयाँसम्म पुऱ्याउने प्रयास भइरहेको थियो । यही बीचमा स्वीस कम्पनीका एजेन्ट मिश्र र मन्त्री बाँस्कोटाको कमिसन संवाद सार्वजनिक भयो। र, ८ फागुन

एलिट जोशी

निवर्तमान सञ्चार तथा सूचना
प्रविधिमन्त्री गोकुल बाँस्कोटा सञ्चारकर्मीमाझ

०७६ मा बाँस्कोटा राजीनामा दिन बाध्य भए।

सरकारी कार्यक्रममा तय गरेर सेक्युरिटी प्रेस खरिद प्रकरण नीतिगत भ्रष्टाचारको गतिलो नमुना हो। नीतिगत भ्रष्टाचारका लागि चर्चामा रहेका विगतका लाउडा काण्ड, मल काण्ड, वाइडबडी खरिद काण्डलाई बिर्सांउने सेक्युरिटी खरिदबाट कमिसन लिन सरकार कसरी लागेको थियो भन्ने अन्तर्य बुझ्न ई-पासपोर्ट छपाइ टेन्डर प्रकरणलाई नियाल्नुपर्छ।

१० भदौ ०७६ मा सरकारले अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गर्‍यो, ई-पासपोर्ट छपाइका लागि। तर पर्याप्त प्रस्ताव नआएपछि २७ दिन म्याद थपियो। थपिएको म्याद नसकिँदै २१ कात्तिकमा मन्त्रिपरिषद्ले ई-पासपोर्ट छपाइको टेन्डर रद्द गर्‍यो। कारण थियो- अहिलेसम्म भएका साढे ७ लाख थान पासपोर्टलाई कृत्रिम अभाव देखाएर महँगोमा सेक्युरिटी प्रेस खरिद गर्नु। ४ अर्बभन्दा बढी कमिसन वितरण भएको वाइडबडी काण्डलाई बिर्सांउने गरी खरिद हुन लागेको सेक्युरिटी प्रेस प्रकरण सरकारको नीतिगत भ्रष्टाचारको न पछिल्लो नमुना हो, न त अन्तिम नै।



मतदाता र चन्दादातालाई खुसी पार्न राज्यकोषबाट जथाभावी रकम बाँड्नु पनि नीतिगत भ्रष्टाचार हो।

– भोजराज पोखरेल
पूर्वसचिव

सेक्युरिटी प्रिटिङ प्रेस खरिद प्रकरण मात्र होइन, बाँस्कोटासँग दर्जन अरू मुद्दा जेलिएका छन्। सम्पत्ति विवरणमा सामसुङ ब्रान्डको आईफोन उल्लेख गरेर हँसीमजाकको पात्र बनेका बाँस्कोटाको कमिसन दुष्चक्रको सुरुआत भने नेपाल टेलिकमकी प्रबन्ध निर्देशक कामिनी राजभण्डारीको बर्खास्तीबाट भएको हो। ४ वर्षे कार्यकालका लागि असोज ०७३ मा नियुक्त राजभण्डारीलाई फोरजी सेवा विस्तारमा ढिलो गरेको आरोपमा २९ साउन ०७५ मा हटाइयो। राजभण्डारीलाई हटाए पनि बाँस्कोटाले ल्याएका नयाँ प्रबन्ध निर्देशकले आजसम्म फोरजीको गुणस्तर बढाउन सकेका छैनन्।

नेपाल दूरसञ्चार प्राधिकरण अध्यक्षमा दिगम्बर झाको पुनर्नियुक्ति, विवादास्पद फ्रान्सेली कम्पनीसँग स्याटेलाइट समझदारी, इन्टरनेट सेवाप्रदायक कम्पनीको अनुकूलतामा दूरसञ्चार नियमावली संशोधन, विरोधी र आलोचकलाई नियन्त्रणमा राख्ने मिडियासम्बन्धी कानुन, सूचना तथा प्रविधि विधेयक र नेपाल मिडिया काउन्सिल विधेयक मस्यौदालगायत घटनाले बाँस्कोटाको वास्तविक चेहरा उदांगो पार्छन्।

आर्थिक लेनदेनको विवादमा फसेकाहरूले

मन्त्रिपरिषद् बैठक

सामान्यतः राजीनामापछि उन्मुक्ति पाएका उदाहरण छन् । विगतकै उदाहरण हेर्दा पनि तत्कालीन ऊर्जामन्त्री राधा ज्ञवालीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नै छानबिन गऱ्यो र बर्खास्त गर्न सिफारिस गऱ्यो तर थप छानबिनको दायरामा तानेन । राजीनामापछि बाँस्कोटामाथि अख्तियारले छानबिनमा कुनै चासो दिएको छैन । पूर्वप्रमुख निर्वाचन आयुक्त सूर्यनाथ उपाध्याय विवादमा फसेर बाहिरिए पनि पूर्वमन्त्री अनुसन्धानको दायराबाट उम्किन नसक्ने बताउँछन् । भन्छन्, "पत्रपत्रिकामा आएका समाचारको आधार लिएर सम्बन्धित निकायले अनुसन्धान गर्न सक्छ ।"

पूर्वप्रमुख आयुक्त उपाध्याय अनुसन्धानको दायरा फराकिलो बनाउने र दोषीलाई कारबाही गर्नुपर्ने बताउँछन् । तर सरकार अनुसन्धानको दायरा घटाउन भ्रष्टाचार निवारण ऐन र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ऐन नै संशोधन गर्दै छ । संघदेखि प्रदेशसम्मका मन्त्रिपरिषद्का निर्णय छानबिनको दायरामा ल्याउन नपाउने अख्तियारको ऐनमा मस्यौदा गरिएको छ । अनि, भ्रष्टाचार निवारण ऐनले सार्वजनिक पदमा बस्ने सबै व्यक्तिले सम्पत्ति सार्वजनिक गर्नु नपर्ने भनेको छ । । पूर्वसचिव शारदाप्रसाद त्रिताल मस्यौदाअनुसार नै ऐन संशोधन भए भ्रष्टाचारले वैधानिकता पाउने दाबी गर्छन् ।

२८ माघ ०७६ मा भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले तयार गरेको भूमिसम्बन्धी ऐन प्रमाणीकरण भयो । ऐनको एउटा बुँदालाई गम्भीर मानिएको थियो किनभने उक्त दफाले नीतिगत भ्रष्टाचारको बाटो खोलिदिने भय छ । भूमि अधिकार मञ्च नामक गैरसरकारी संस्था (एनजीओ) ले मस्यौदा गरेको ऐनमा 'सुकुम्बासीलाई निरन्तर १० वर्ष बसेको जुनसुकै स्थानको जग्गा उपलब्ध गराउने' व्यवस्था छ । झट्ट हेर्दा ऐनले सुकुम्बासीको हितमा काम गर्ने देखिए पनि खासमा हकुमबासीको फाइदाका लागि उक्त बुँदा घुसाइएको छ ।

अधिकांश स्थानमा सुकुम्बासीभन्दा हकुमबासीले भाडामा राखेका धेरै छन् । त्यही कारण विज्ञले ऐनको मस्यौदामाथि छलफलका बेला 'वास्तविक सुकुम्बासी' भन्ने शब्द राख्न आग्रह गरेका थिए । त्यसको सुनुवाइ त भएन नै, अब गठन हुने सुकुम्बासी आयोगमा समेत ऐन मस्यौदा गरेकै व्यक्तिलाई ल्याउने तयारी भइरहेको छ । पूर्वसचिव त्रिताल वास्तविक सुकुम्बासीको पहिचान नभई जग्गा वितरण गर्न नहुने बताउँछन् । भन्छन्, "नेपालमा सुकुम्बासी टोलमा पनि माफियाले सेटिङमा मान्छे राखेका छन् । वास्तविक सुकुम्बासीको अध्ययन नभई जग्गा वितरण गर्नु हुँदैन ।"

नीतिगत नेक्सस

नीतिगत निर्णय मूलतः आफूलाई केन्द्रमा राखेर प्रधानमन्त्री वा मन्त्रीबाट हुन्छ । आफूबाहेक दोस्रो पक्ष पार्टी हुन्छ । पार्टीभित्र पनि आफ्नो गुटको पक्षपोषणका लागि निर्णय गरिन्छ । त्यसपछि सोचिन्छ, आफ्ना मतदातालाई खुसी पार्ने चालबाजी । चन्दादातालाई खुसी पार्नुपर्ने बाध्यता पनि छँदै छ । निर्वाचनका बेला होस् वा अन्य सन्दर्भमा आर्थिक सहायता लिनुपर्ने पक्षले दोहोरो फाइदा खोजिरहेको हुन्छ । पूर्वसचिव भोजराज पोखरेल भन्छन्, "पार्टी वा गुट चलाउन पैसा चाहिन्छ । त्यो पैसा विभिन्न व्यापारीबाट लिइन्छ । व्यापारीले आर्थिक सहयोग गरेबापत यति काम गरिदिनू भन्छ । त्यसका लागि नीतिगत निर्णय लिनुपर्ने हुन्छ ।"

भ्रष्टाचारमाथि शोध गर्दै आएका विश्लेषक अजयभद्र खनालको बुझाइमा नीतिगत भ्रष्टाचारमा निजी क्षेत्रको अन्योन्याश्रित सम्बन्ध हुन्छ । चाहेको मौकामा पैसा दिने गरी केही व्यापारिक घरानाले नेताहरूको पैसा चलाइरहेका छन् । शिक्षा, स्वास्थ्य, पर्यटन क्षेत्रमा राजनीतिक व्यक्तिको लगानी छ । निजी क्षेत्रका केही व्यक्तिले राजनीतिक क्षेत्रको पैसा लगानी गर्ने अनि त्यसको प्रतिफल र आवश्यक पर्दा थप रकम उपलब्ध गराउँछन् ।

शक्तिको स्रोत दुरुपयोग कतिसम्म हुन्छ भन्नलाई ८ फागुन ०७६ को संसद्को शिक्षा तथा स्वास्थ्य समितिको बैठक नै काफी छ । शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयले पेस गरेको मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयसम्बन्धी ऐनको मस्यौदामाथिको

(क) संविधानको धारा २३९ को उपधारा (१) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिएको कुरामा सोही बमोजिम हुनेछ ।

(ख) सङ्घीय संसद, प्रदेश सभा वा सो अन्तर्गतका समितिको बैठकमा भएको काम कारबाही वा निर्णय वा त्यस्तो बैठकमा कुनै सदस्यले बोलेको वा गरेको कुनै काम कुराको सम्बन्धमा वा नेपाल सरकार, मन्त्रिपरिषद् वा सोको कुनै समितिले वा प्रदेश सरकार, मन्त्रिपरिषद् वा सोको कुनै समितिले गरेको कुनै नीतिगत निर्णय वा अदालतको न्यायिक काम कारवाहीका सम्बन्धमा आयोगबाट यस ऐन अन्तर्गत अनुसन्धान, तहकिकात वा अन्य कुनै कारबाही हुने छैन ।"

"(२क) सम्पत्ति विवरण पेश गर्नु पर्ने अवधिमा कुनै राष्ट्रसेवक असाधारण वा अध्ययन बिदामा रहेको वा अस्पतालमा भर्ना भई वा असक्त भई बिदामा रहेको वा नेपाल सरकारको निर्णयबाट कुनै तालीम, अध्ययन, सम्मेलन वा वार्ताको लागि बिदामा रहेको वा काज खटिएकोमा त्यस्तो बिदा वा काज समाप्त भई सम्बन्धित कार्यालयमा हाजिर हुनु पर्ने मितिले तीस दिनभित्र सम्पति विवरण पेश गर्नु पर्नेछ ।

(२ख) उपदफा (१), (२) र (२क) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसन्धान अधिकारीले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी खास तह, समूह, निकाय वा संस्थामा कार्यरत राष्ट्रसेवकलाई आफ्नो वा आफ्ना परिवारका नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सासहितको अद्यावधिक विवरण कुनै खास खास अवधिमा पेश गर्नु पर्ने वा पेश गर्नु नपर्ने गरी तोक्न सक्नेछ ।"

(४) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (१), (२), (२क) वा (२ख) बमोजिमको म्यादभित्र सम्पत्ति विवरण पेश नगर्ने राष्ट्रसेवकलाई दश हजार रुपैयासम्म जरिवाना हुनेछ र त्यस्तो राष्ट्रसेवक र निजको परिवारको नाममा गैरकानूनी सम्पत्ति रहेको अनुमान गरी सम्बन्धित निकाय वा अधिकारीले अनुसन्धान गर्न सक्नेछ ।"

< **भ्रष्टाचार निवारण ऐन र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनको मस्यौदाको अंश**

के हो नीतिगत निर्णय

नीतिगत निर्णयको परिभाषा नै नभएकाले सरकार र मन्त्रीहरूले निजी स्वार्थलाई पनि नीतिगत निर्णयको पगरी गुथाउने एवं मन्त्रिपरिषद्बाट निर्णय गराउने प्रचलन बढेको छ । पूर्वसचिव भोजराज पोखरेलका अनुसार अमुक व्यक्तिको फाइदा–बेफाइदाभन्दा पनि सामान्यतया हुने गरी गरिने निर्णय नीतिगत हुन् ।

नागरिकलाई अवसर सिर्जना गर्न र राजनीतिक आश्वासनलाई व्यवहारमा ल्याउन प्रक्रियागत बाधक देखिए मन्त्रिपरिषद्ले प्रक्रिया खुलाउन निर्णय गर्न सक्छ । राष्ट्र हितमा हुने निर्णय तत्काल गर्नुपर्ने भए पनि मन्त्रिपरिषद्ले निर्णय लिन्छ । "सरकारका हरेक निर्णय अख्तियारको घेरामा राखिए सरकार सञ्चालनमा समस्या हुन्छ भनेर राम्रो काम गर्ने वातावरण बनाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगको घेराभन्दा बाहिर राखेको हो," पोखरेल भन्छन् ।

पूर्वसचिव शान्तराज सुवेदीको भनाइमा नीतिगत र प्रशासनिक दुई प्रकारका निर्णय हुन्छन् । तर अहिले प्रशासनिक निर्णयलाई पनि नीतिगत भन्न थालिएको छ । "एक कामका लागि वा एक पटकका लागि मात्रै हुने निर्णय मात्रै नीतिगतअन्तर्गत पर्छन्," सुवेदी भन्छन् ।

छलफल थियो, त्यो। मस्यौदामा मदन भण्डारी फाउन्डेसनका अध्यक्ष तथा उनले तोकेका दुई व्यक्ति विश्वविद्यालयको सञ्चालक समितिमा रहने व्यवस्था थियो । यो विश्वविद्यालय पूर्वएमाले (हाल नेकपा) नेताहरूद्वारा सञ्चालित हो भने फाउन्डेसन निजी संस्था । सरकारी विश्वविद्यालयमा निजी क्षेत्र, त्यसमा पनि निश्चित व्यक्तिको पहुँच स्थापित गर्न मस्यौदामा त्यस्तो व्यवस्था गरिएको छ । भलै, समिति बैठकले फाउन्डेसनबाट सिफारिस सदस्य नराख्न सुझाएको छ ।

सरकारले नीतिगत निर्णयबाट व्यापारी पोस्छ भन्ने सूची लामो छ। यती समूह, बैंकर्स चन्द्र ढकाल, ठेकेदार शारदाप्रसाद अधिकारी, विक्रम पाण्डे, जीपछिरिङ लामा, कान्छाराम तामाङदेखि धनबहादुर बुढासम्म राजनीतिक संरक्षणमा हुर्किरहेका छन् । निर्माणसम्बन्धी ठेक्कामा नीतिगत निर्णय गराउने उनीहरूको प्रभाव र दबावकै कारण ९ महिनाको बीचमा सरकारले सार्वजनिक खरिद ऐन ४ पटक संशोधन गरिसक्यो ।

रोचक त के भने सार्वजनिक खरिद ऐन मस्यौदा भइरहेकै बेला ठेकेदारका वकिल बाबुराम दाहाललाई प्रधानमन्त्रीले कानुन विज्ञमा नियुक्त गरे। पुल र सडक निर्माण ठेक्का लिएर काम नगर्दा करिब २२ सय आयोजनाबाट मात्रै राज्यको २ खर्ब २० अर्ब रुपैयाँभन्दा बढी जोखिममा परेको छ । कानुनको अपव्याख्या गरेर संगठित रूपमा समेत नीतिगत भ्रष्टाचार भएका उदाहरण भेटिन्छन्। जस्तो, ०७४ को प्रदेशसभा र प्रतिनिधिसभा चुनावअघि निर्वाचन आयोगका पदाधिकारीले गाडी किन्ने निर्णय गरे। खासमा ती गाडी निजी प्रयोजनका लागि किनिँदै थियो । आयोगले निर्वाचन सामग्रीमा परिभाषित गरेर ती गाडी किन्न चलाखीपूर्वक अर्थ मन्त्रालयको स्वीकृति लिएको थियो ।

अर्थले स्वीकृत गर्नुमा त्यहाँका कर्मचारीको समेत स्वार्थ जोडिएको थियो । आयोगले निर्वाचन आचारसंहिताका नाममा अर्थका कर्मचारीलाई विदेश जान रोकेको थियो। गाडी खरिद स्वीकृति दिए विदेश भ्रमणका लागि अनुमति दिने आयोगको सन्देशपछि अर्थले नाइँ भनेन। पूर्वसचिव त्रितालका अनुसार यो स्वार्थ समूहको मिलेमतोमा भएको नीतिगत भ्रष्टाचार हो ।

निर्वाचनभन्दा अलि अघिको बूढीगण्डकी जलविद्युत् आयोजनाको अर्को प्रसंग हेरौं ।

पुष्पकमल दाहाल 'प्रचण्ड' ले प्रधानमन्त्रीबाट राजीनामा दिनु दुई दिनअघि ९ जेठ ०७४ मा बूढीगण्डकी जलविद्युत् आयोजना चिनियाँ कम्पनी गेजुवा वाटर एन्ड पावर ग्रुपलाई दिने निर्णय गरे । भ्याट छलेर कारबाहीमा परेको विवादास्पद सोही कम्पनीलाई बिनाप्रतिस्पर्धा आयोजना जिम्मा लगाइयो । जबकि लागत, ऋण वा अनुदान तथा त्यसको ब्याजलगायत बुँदामा सहमति नै भएको थिएन ।

पछि प्रचण्डकै समर्थनमा प्रधानमन्त्री बनेका शेरबहादुर देउवाले गेजुवाको निर्णय उल्टाए। देउवापछि प्रधानमन्त्री बनेका ओलीले पुनः त्यो निर्णय उल्टाए पनि बूढीगण्डकी निर्माणले अहिलेसम्म गति लिन सकेको छैन। त्यस्तै प्रकरण थियो, व्यापारी चन्द्र ढकालको समूहलाई फाइदा पुग्ने आर्थिक वर्ष ०७१/७२ को बजेट र आर्थिक ऐनको व्यवस्था। त्यसमा केबुलकार सामग्री भन्सार महसुलमा ५०

गोकर्ण रिसोर्ट

प्रतिशत छूट दिने व्यवस्था थियो । झट्ट हेर्दा यो पर्यटन उद्योगमा लगानी आकर्षित गर्ने नीतिजस्तो देखिन्छ । तर त्यसको भित्री उद्देश्यचाहिँ चन्द्रागिरिमा केबुलकार बनाइरहेका व्यापारी ढकाललाई सहुलियत दिनु थियो ।

ज्ञातव्य रहोस्, यस्तो नीति आउनुभन्दा ४ वर्षपहिला तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालले कौडीको भाउमा ढकाललाई चन्द्रागिरि लिजमा दिएका थिए । उक्त आर्थिक ऐनले ढकाल मात्र लाभान्वित हुने थिएनन्, परिस्थितिले साथ दिएको भए यती समूहलाई पनि लाभ मिल्थ्यो । यतीले ताप्लेजुङको पर्यटकीय स्थल पाथिभरा क्षेत्रमा केबुलकार सुरु गर्ने प्रयास गरिरहेको थियो । पुराना कानुनले साथ नदिने देखेपछि शेर्पा परिवारकै प्रभावमा सरकारले गत वर्ष यती समूह लाभान्वित हुने गरी कानुन बनायो ।

राष्ट्रिय निकुञ्ज क्षेत्रमा केबुलकार र रिसोर्ट सञ्चालन अनुमति दिने गरी राष्ट्रिय निकुञ्जसम्बन्धी ऐनको मस्यौदा वन तथा वातावरण मन्त्रालयले गरेको थियो । यती समूहचाहिँ नागार्जुन शिवपुरी राष्ट्रिय निकुञ्जमा रिसोर्ट र केबुलकार चलाउने तयारी गर्दै थियो ।

यती समूहकै निम्ति नेपाल ट्रस्ट ऐन नै संशोधन गरेर दरबारमार्गको जग्गा र गोकर्ण रिसोर्ट सस्तो भाडामा दिएको छ, सरकारले । यसमा प्रधानमन्त्री ओलीको प्रत्यक्ष संलग्नता त थियो नै, त्यसलाई रक्षामन्त्री ईश्वर पोखरेल र निवर्तमान सञ्चारमन्त्री बाँस्कोटाले पनि साथ दिए । कतिसम्म भने ०७२ मा पहिलोपल्ट प्रधानमन्त्री छँदा ओली उडान अनुमति नै पाइनसकेको यती समूहको हिमालय एयरलाइन्स भाडामा लिएर चीनको राजकीय भ्रमणमा निस्के । राष्ट्रिय ध्वजावाहक विमान छाडेर उनी हिमालय एयरलाइन्समा उडे । त्यति मात्र होइन, हवाई कम्पनीलाई कारोबार सुरु गरेको ५ वर्षसम्म पूर्ण र त्यसपछि तीन वर्ष आधा आयकर छूटको व्यवस्था बजेटमै गरियो, हिमालय एयरलाइन्सलाई नै पोस्ने गरी ।

विश्लेषक खनालका अनुसार नेताहरू आफैं संलग्न संस्थाहरूको फाइदाका लागि नीतिगत निर्णय गराउन तम्सिन्छन् । सरकारले गरेका निर्णयले बारम्बार हिमालय एयरलाइन्स वा यती समूहलाई लाभ पुग्नुलाई संयोग मात्रै मान्न सकिन्न । कतिसम्म भने शेर्पा समूहले भनेको नमान्दा पर्यटनमन्त्री दीपक अमात्यको पद नै गएको थियो ।

पछिल्लो समय पर्यटन मन्त्रालयले ल्याउन लागेको हवाई नीतिले यती समूह लाभान्वित हुनेछ । ५ वटाभन्दा कम जहाज किन्ने क्षमता नभएका व्यवसायीले एयरलाइन्सको अनुमति नपाउने र प्रतिस्पर्धात्मक रूपमा भाडादर फेरबदल गर्न नपाउने बुँदा समेटिएको छ ।

स्वार्थ समूह र नेताहरूबीचको नेक्सस कानुन निर्माण तहबाटै सुरु हुने उदाहरण बग्रेल्ती छन् । शिक्षा नीति बनाउने क्रममै निजी विद्यालय सञ्चालक हावी भए । शिक्षामन्त्री गिरिराजमणि पोखरेलको क्षेत्राधिकारमा पर्ने शिक्षा नीतिमाथि संशोधन गराउन प्रधानमन्त्री ओलीले रक्षामन्त्री पोखरेललाई लगाए । परिणामतः निजी विद्यालय सञ्चालकमैत्री नीति आयो । बैंक तथा वित्तीय संस्थासम्बन्धी कानुन (बाफिया) बनाउने क्रममा निजी बैंकका सञ्चालक इच्छाराज तामाङ हावी भए । ५ वटा म्यानपावर कम्पनीका मालिक टेकबहादुर गुरुङ श्रममन्त्री बन्दा ५ वर्षअघि म्यानपावर सञ्चालकसँग स्वार्थ बाझिने मुद्दामा मुछिएका थिए ।

“कानुन निर्माणकै क्रममा नीतिगत भ्रष्टाचारको आधार खडा गरिन्छ । त्यसैका उदाहरण हुन्, शिक्षा नीति, बाफिया, मेडिकल शिक्षा ऐन, सहकारी ऐन,” विश्लेषक खनाल भन्छन्, “संसद्को कानुन बनाउने क्रममा बाहेक अधिकारप्राप्त व्यक्ति वा निकायले बनाउने नियम, विनियम र दिग्दर्शनबाट पनि नीतिगत भ्रष्टाचार हुन्छ ।”

कृषि मन्त्रालयले निर्देशिका बनाएर आफन्त र पहुँचवालालाई दिएको कृषि अनुदान प्रकरण होस् वा गृहले दिने आर्थिक सहायता वा स्वास्थ्यले उपलब्ध गराउने सहायता । सबैमा आफन्तमा केन्द्रित निर्णय भएका छन् । गृहले गत वर्ष मात्रै करिब २८ करोड रुपैयाँ जथाभावी बाँडेको थियो । संस्कृति तथा पर्यटन मन्त्रालयमार्फत पनि वर्षमा भन्दै ५ करोड विभिन्न संस्थाका नाममा बाँडिने गरेको छ । पूर्वसचिव पोखरेल भन्छन्, “मतदाता र चन्दादातालाई खुसी पार्न राज्यकोषबाट जथाभावी रकम बाँड्नु पनि नीतिगत भ्रष्टाचार हो ।”

नेपालमा बर्सेनि करिब १२ अर्ब बराबरको चिनीको व्यापार हुन्छ । त्यसमा उखु व्यापारी कसरी सरकारसँग नीतिगत निर्णय गराउन सफल छन् भन्नलाई गत वर्षको निर्णय हेरे पुग्छ । व्यापारीले नेपालमा प्रशस्त चिनी उत्पादन भएको भन्दै विदेशी चिनी आयातमा परिमाणात्मक प्रतिबन्ध लगाउन सरकारलाई राजी गराए ।

संसद्को कानुन बनाउने क्रमसँगै अधिकारप्राप्त व्यक्ति वा निकायले बनाउने नियम, विनियम र दिग्दर्शनबाट पनि नीतिगत भ्रष्टाचार हुन्छ ।

– **अजयभद्र खनाल**
विश्लेषक

नीतिको आवरणमा

नीति तर्जुमा गर्नु र निर्णय गर्नु एउटै विषय होइनन् । यति सरल र सहज विषयलाई राज्यशक्तिको प्रभावमा अख्तियारले अन्यत्रै मोड्ने दुष्प्रयास गर्‍यो

भीमार्जुन आचार्य

नेपालमा भ्रष्टाचार सबैभन्दा ठूलो समस्या बनेको छ । राज्यको कुनै निकाय अपवाद छैन, जहाँ कुनै न कुनै मात्राको भ्रष्टाचार नहोस् । अत्यन्त संवेदनशील मानिने न्यायालय र सुरक्षा निकायहरूमा समेत अत्यधिक मात्रामा भ्रष्टाचार हुने गरेको अध्ययन प्रतिवेदनले देखाएको छ । यसबाट भ्रष्टाचारले कुन हदसम्म जरा गाडेको छ, अनुमान गर्न सकिन्छ । अदालतभित्र हुने भ्रष्टाचारबारे यस पंक्तिकारसमेत अनुसन्धानकर्ता भई अलि पहिले सर्वेक्षण गरिएको हालसम्मकै एक मात्र अभिमत सर्वेक्षण (नेपाल कानुन समाज) ले अदालती भ्रष्टाचारको भयावह अवस्था चित्रण गरेको छ ।

विभिन्न ३१ जिल्लाका सर्वसाधारण ५,०३७, उद्योगी व्यवसायी १५१ र न्याय सम्पादनमा संलग्न व्यक्ति (सरकारी तथा निजी वकिल, अदालतका कर्मचारी, कानुनका शिक्षक/अनुसन्धानकर्ता र न्यायाधीश २६० गरी जम्मा ५,४४८ उत्तरदातालाई तपाईंको विचार/अनुभवमा नेपालका अदालतमा भ्रष्टाचार छजस्तो लाग्छ वा लाग्दैन भनी सोधिएको प्रश्नमा सर्वसाधारणमध्ये ६८.४ प्रतिशत उत्तरदाता, उद्योग व्यवसायीमध्ये ८१.५ प्रतिशत उत्तरदाता, न्याय सम्पादनमा संलग्न उत्तरदातामध्ये ४० प्रतिशतले अदालतभित्र भ्रष्टाचार हुन्छ भनी बताएको देखिन्छ । त्यस्तै, कुनै मुद्दा जित्नका लागि न्यायाधीशलाई आर्थिक प्रलोभन वा प्रभावमा पार्नु परेको छ कि भनी अदालत जाने गरेका ७७५ उत्तरदातालाई सोधिएकामा ७८ उत्तरदाता (१०.१ प्रतिशत) ले आफूले मुद्दा जित्नका लागि न्यायाधीशलाई प्रभावमा पारेको बताएको देखिन्छ । सर्वेक्षणमा अदालतभित्र भ्रष्टाचार हुन्छ भन्ने मत राख्ने तीन समूहका उत्तरदातालाई यसका लागि सबैभन्दा बढी जिम्मेवार पक्षको नाम भन्नुहोस् भनी प्रश्न सोधिएकामा उत्तरदाताले कर्मचारी, स्वयं न्यायाधीश र कानुन व्यवसायीलाई क्रमशः अदालतभित्रको भ्रष्टाचारको लागि बढी जिम्मेवार पक्ष भनी मत राखेको देखिन्छ ।

कति न्यायाधीश निष्पक्ष छन् भनी ५,०३७ जनालाई सोधिएको प्रश्नमा ५१.२ प्रतिशत उत्तरदाता (२,५७८) ले थोरै मात्रामा, २५ प्रतिशत उत्तरदाता (१,२६०) ले भन्न सक्दिनँ, १६.७ प्रतिशत उत्तरदाता (८३९) ले धेरै मात्रामा, ३.५६ प्रतिशत उत्तरदाता (१८३) ले सबै र ३.५ प्रतिशत उत्तरदाता (१७७) ले कुनै पनि निष्पक्ष छैनन् भनी बताएको देखिन्छ । कति न्यायाधीशलाई आर्थिक वा अन्य प्रभावमा पारेर काम बनाउन सकिन्छ भनी सोधिएको प्रश्नमा ३१.८ प्रतिशत उत्तरदाता (१,६०२) ले सबैजसोलाई, २८.९ प्रतिशत उत्तरदाता (१,४५६) ले थोरै मात्रामा, २८.९ प्रतिशत उत्तरदाता (१,४५६) ले भन्न सक्दिनँ, ६.१ प्रतिशत उत्तरदाता (३०५) ले सबै र ४.३ प्रतिशत उत्तरदाता (२१९) ले कुनै पनि न्यायाधीशलाई किन्न नसकिने भनी बताएको देखिन्छ । यो मत सर्वेक्षण अवस्था धेरै नै बिग्रिएको भनिएको आजको न्यायालयको होइन । ०६२/६३ को परिवर्तनपूर्वको सर्वेक्षण मत हो । जतिबेला न्यायालय धेरै अवस्थामा अहिलेभन्दा ठीक र तन्दुरुस्त थियो । हामी अनुमान गर्न सक्छौँ, यदि कसैले न्यायालयबारे आज ताजा सर्वेक्षण गरे परिणाम कस्तो आउँथ्यो होला ! संवेदनशील भनिएको निकायमा यस्तो छ, अरूको हालत कस्तो होला !

संविधानले भ्रष्टाचारको निवारण गर्न भनी शक्तिशाली संवैधानिक निकायको रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग स्थापना गरेको छ । बर्सेनि यसले हजारौँ भ्रष्टाचारका उजुरी संकलन गर्छ, त्यसमाथि अनुसन्धान गर्छ र त्यत्तिकै संख्यामा अदालतमा मुद्दासमेत दायर गर्छ । अदालतले पनि अख्तियारले दायर गरेका धेरैजसो मुद्दामा आरोपीलाई सजाय दिन्छ । यसका बाबजुद समाजमा भ्रष्टाचार घट्नुको सट्टा झन्झन् बढेको अवस्था छ । सयौँ आरोपीलाई अदालतले भ्रष्टाचारी ठहर गर्दासमेत सार्वजनिक पदधारण गरेका अन्य व्यक्तिले कुनै सिकाइ ग्रहण गरेको देखिँदैन । धेरै पक्ष जिम्मेवार भए पनि मुख्य कारण 'नीतिगत विषय' को आवरणमा ठूला भ्रष्टाचार र भ्रष्टाचारी संरक्षित हुनु हो । यो अवस्था रहेसम्म मुद्दाको संख्यामा जति नै वृद्धि भए पनि वा जति धेरै संख्यामा साना आरोपी दोषी ठहर हुँदै गए पनि भ्रष्टाचार न्यूनीकरण वा अन्त्यको सम्भावना देखिँदैन ।

उदाहरणका लागि, ललिता निवास जग्गा प्रकरणमा

मौलाएको भ्रष्टाचार

प्राप्त गरेको ठूलो सफलताका बाबजुद अख्तियारले 'नीतिगत निर्णय' को आवरणमा शक्तिशाली व्यक्तिलाई कानुनी उन्मुक्ति दिँदा सिंगो अनुसन्धान प्रक्रिया नै विवादित बन्न पुगेको छ। केही व्यक्तिले भोलि अदालतबाट सजाय पाउँदा पनि भ्रष्टाचारमुक्त समाजको लक्ष्यमा यसले खासै सार्थक योगदान पुऱ्याउने लक्षण देखिँदैन। कानुनमा 'नीति' र 'निर्णय' दुई फरक विषय हुन्। नीति तर्जुमा गर्नु र निर्णय गर्नु भन्नु एउटै विषय होइनन्। अख्तियारले शक्तिशाली व्यक्तिलाई उन्मुक्ति दिँदा सहारा लिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ नीतिगत विषयसँग सम्बन्धित छ, निर्णयसँग होइन। सरकारी जग्गा नक्कली मोही खडा गरी व्यक्तिको नाममा दर्ता गर्ने विषय नीतिगत नभई निर्णयगत विषय हो, जसको सम्पूर्ण रूपमा कानुनी उत्तरदायित्व र जवाफदेहिता निर्णयकर्तासँग रहन्छ। यति सरल र सहज विषयलाई राज्यशक्तिको प्रभावमा अख्तियारले अन्यत्र मोड्ने दुष्प्रयास गऱ्यो। अख्तियारको कार्यालयमा झुन्ड्याइएको साइनबोर्डमा नेपाल सरकार नलेखिनु पछाडिको संवैधानिक मान्यता आयोग सरकारको अंग होइन, राज्यको मात्र अंग हो भन्ने हो।

कानुनअनुसार भ्रष्टाचारको कसुर गर्ने व्यक्ति भनेकै 'सार्वजनिक पदधारण गरेको व्यक्ति' ले हो। सार्वजनिक अख्तियारी प्रयोग गर्न पाउने वा कुनै कर्तव्य पालन गर्नुपर्ने पदमा बहाल रहेको व्यक्तिलाई कानुनले सार्वजनिक पदधारण गरेको व्यक्तिको रूपमा परिभाषित गरेको छ। यस्ता व्यक्ति शक्तिशाली भएकै कारण उनीहरूले देखादेखी गरेको भ्रष्टाचारजन्य कार्यलाई नीतिगत विषयको पाइजामा पहिऱ्याउँदै जाने हो भने गरिब जनताको करबाट ठूलो साधन-स्रोत खर्च गरी अख्तियारलाई पाल्नुपर्ने कुनै कारण छैन। शक्तिहीन व्यक्तिलाई मुद्दा चलाउने र शक्तिशालीलाई उन्मुक्ति दिँदै जाँदा यसको विश्वसनीयतामाथि नै प्रश्न उठेका छन्।

नेपाल राज्यको कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित हुने संवैधानिक व्यवस्था छ। यसअन्तर्गत मन्त्रिपरिषद्ले मूलतः तीन प्रकारका अधिकार प्रयोग गर्दछ। एक- कानुन र संविधानले किटानीका साथ प्रदान गरेका अधिकार। दुई- सरकारका अधिकारका सूचीहरूमा उल्लेख नभएका अविशिष्ट अधिकार। र, तीन- सार्वजनिक महत्त्वका विषयमा नीति तर्जुमा गर्ने र त्यसको कार्यान्वयन गर्ने अधिकार। पहिलो प्रकारका अधिकार कानुन र संविधानले निर्दिष्ट र प्रत्यायोजन गरेका अधिकार हुन्, जसको प्रचलनका लागि सरकारले नीति निर्माण र निर्णय गर्न सक्ने दुवै अख्तियारी प्राप्त गरेको हुन्छ। दोस्रो प्रकारका अधिकार

खासगरी संघात्मक राज्य व्यवस्थामा बढी सान्दर्भिक हुन्छ। संविधानको धारा ५८ ले यस्ता अविशिष्ट अधिकार संघीय सरकारसँग सुरक्षित हुने उल्लेख गरेको छ। तेस्रो प्रकारका नीति तर्जुमा वा नीतिगत विषयका निर्णयहरू सामान्य प्रकृतिका हुन्छन् र जसलाई सरकारको प्रतिबद्धता वा कोड अफ कन्डक्टका रूपमा लिइन्छ।

सरकारका नीतिहरू के हुन् भन्नेबार कुनै द्विविधा छैन। नेपालको संविधानले विभिन्न १३ शीर्षकमा जम्मा ९६ वटा विषयलाई नेपाल राज्यका नीतिहरू भनी सूचीकृत गरेको छ। प्रत्येक शीर्षकअन्तर्गत खास-खास नीतिहरू किटानी छन्। उदाहरणका लागि, कृषि र भूमिसुधारसम्बन्धी नीतिअन्तर्गत भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने, अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, किसानको हकहित संरक्षण र सम्वर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग

कानुनअनुसार भ्रष्टाचारको कसुर गर्ने व्यक्ति भनेकै 'सार्वजनिक पदधारण गरेको व्यक्ति' ले हो ।

नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण तथा आधुनिकीकरण गर्ने, भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलनसमेतका आधारमा नियमन एवं व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने र कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने उल्लेख छ । प्रश्न उठ्छ, संविधानले उल्लेख गरेको भूमिसम्बन्धी कुन नीतिअन्तर्गत नक्कली मोही खडा गर्ने र सरकारी जग्गा व्यक्तिका नाममा दर्ता गराउन निर्णय गर्ने कतिपय ठूला व्यक्तिलाई अख्तियारले ललिता निवास जग्गा प्रकरणमा उन्मुक्ति दिएको हो ? के अख्तियारसँग यसको कुनै जवाफ छ ? स्थापनाकालदेखि आजसम्म नीतिगत निर्णयको नाममा जति पनि ठूला व्यक्तिहरूलाई अख्तियारले उन्मुक्ति दिँदै आयो, के ऊसँग यसको कुनै ठोस कानुनी, सैद्धान्तिक र संवैधानिक आधार छ ?

अन्त्यमा, निश्चय नै कुनै नेता वा व्यक्ति समाजमा अलोकप्रिय छ भन्दैमा उसका विरुद्ध अख्तियारले भ्रष्टाचारको मुद्दा लगाइहाल्नुपर्छ भन्ने होइन । फौजदारी कसुरको आरोप आफैँमा गम्भीर हुने हुँदा कसैलाई पनि शंकाको भरमा मात्र अनुसन्धान गर्ने र त्यसविरुद्ध अभियोजन गर्ने अधिकार अख्तियारलाई छैन । शंकाकै भरमा अभियोजन गरिएका मुद्दामा शंकाकै आधारमा कसुरदार ठहर गर्ने अधिकार अदालतलाई पनि रहँदैन । व्यक्तिको सबैभन्दा ठूलो सम्पत्ति जीवनको गरिमा र स्वतन्त्रता हुने र कुनै चीजवस्तुसँग त्यसको सम्झौता हुन नसक्ने हुँदा प्रत्येक व्यक्तिको मूल्य, गरिमा तथा स्वतन्त्रताको सम्मान र संरक्षण सभ्य समाजमा राज्यले गरेकै हुनुपर्छ । यसमा विवाद गर्ने ठाउँ छैन । तथापि प्रशस्त आधारहरू हुँदाहुँदै नीतिगत विषय वा निर्णयको आवरणमा जसरी एकपछि अर्का ठूला र शक्तिशाली व्यक्तिलाई अपराधबाट उन्मुक्ति दिने परिपाटी बसालिँदै छ, यो आफैँमा आपत्तिजनक छ । यसको तत्काल अन्त्य हुन जरुरी छ । दबाब वा प्रभावमा जति पनि ठूला व्यक्तिलाई नीतिको आवरणमा कानुनी छुट दिइएको छ, तिनलाई अब अख्तियारले अनुसन्धानको दायरामा ल्याउनुपर्छ । हाम्रो संविधानले एउटै कसुरमा दुई व्यक्तिका लागि दुई फरक कानुन र दुई फरक अदालतको परिकल्पना गरेको छैन । ने

जग्गा प्रकरणमा विवादित बालुवाटारस्थित ललिता निवास

स्वदेशी उद्योगलाई प्रोत्साहित गर्ने आवरणमा तत्कालीन उद्योगमन्त्री मातृका यादव र प्रधानमन्त्री ओलीले उद्योगी पोस्न ३१ भदौ ०७५ मा विदेशी चिनी आयातमा प्रतिबन्ध लगाए । तर चिनी उद्योगीहरूले उखु किसानको करोडौँ उधारो रकम ५ वर्षदेखि तिरेका थिएनन् । चिनीको मूल्य पनि ह्वात्तै बढाए ।

५ वर्षदेखि रकम नपाएपछि ०७६ पुसमा उखु किसान काठमाडौँसम्म आए, आन्दोलनका लागि । सरकारसँग ७ माघ ०७६ भित्र रकम भुक्तानी सहमति भए पनि उखु किसानले अहिलेसम्म पूरै पैसा पाएका छैनन् । चिनी उद्योग सञ्चालकले भ्याट छुटको रकम र किसानको उखुको रकममा पनि मोज गरिरहेका छन् ।

त्यही हर्कत देखाएर केही महिनापहिला चल्ला उत्पादकले ०७६ मंसिरदेखि माघबीचमा १५ करोड मूल्य बराबरका ३० लाखभन्दा बढी चल्ला र ४५ करोड बराबरका साढे ३ करोड गोटा अन्डा नष्ट गरे । र, कुखुराको मासुको मूल्य बढाएर प्रतिकिलो साढे ४ सय रुपैयाँ पुर्‍याए । जबकि मंसिरमा २ सय ८० रुपैयाँ थियो । मूल्य बढाउन ह्याचरी महासंघ १० दिनसम्म हडतालमा थियो ।

कुखुरा व्यवसायीले झन्डै दोब्बर मूल्य बढाउँदा पनि कृषि तथा पशुपन्छी विकासमन्त्री घनश्याम भुसाल चुपचाप बसिरहेका छन् ।

कर फर्स्योट आयोग नै गठन गरेर सरकारले अर्बौं रुपैयाँ छुट दिने निर्णय पनि नीतिगत भ्रष्टाचारको चरम नमुना थियो । ०७१ मा गठन भएको आयोगले ३० अर्ब ५२ करोड बक्यौतामा करिब २१ अर्ब रुपैयाँ मिनाहा गरेको थियो । आयोग गठन गर्ने अर्थमन्त्री रामशरण महत र त्यसको नेतृत्व गर्ने चूडामणि शर्मा थिए । इन्डोनेसियाबाट ल्याएको सुपारी, मलेसियाबाट आयातीत पाम तेल नेपाली ब्रान्डमा भारत निकासी गर्ने र भारतबाट दाल ल्याएर बंगलादेश निर्यात गर्ने अनि निर्यात उद्योगलाई दिने ४ प्रतिशत नगद प्रोत्साहन कुम्ल्याउन नीतिगत बाटो

संसद्मा पुगेको अख्तियार र भ्रष्टाचार निवारण ऐनको मस्यौदा हुबहु पारित भए भ्रष्टाचारले सीमा नाघ्छ र संस्थागत हुन्छ ।

– शारदाप्रसाद त्रिताल
प्रशासक

नेपाल ट्रस्टको दरबारमार्गस्थित जग्गामा बनेको यती समूहको व्यापारिक भवन

पनि सरकारले खोलिरहेकै छ ।

मंसिर ०७३ को अर्को उदाहरण हेरौं । तत्कालीन संसद्ले पारित गरेको औद्योगिक व्यवसाय ऐनमा निश्चित समूह वा कम्पनीलाई फाइदा पुग्ने गरी एउटा बुँदा घुसेको थियो । उक्त बुँदामा तीन सयभन्दा बढी नेपालीलाई वर्षभरि रोजगार दिने सञ्चार, सूचना तथा प्रविधि र उत्पादनमूलक उद्योगलाई आयकरमा १५ प्रतिशत छुट दिइने भनिएको थियो । १२ सयभन्दा बढीलाई रोजगार दिने उद्योगलाई त्यस वर्ष २५ प्रतिशत आयकर छूटको प्रावधान राखियो । खासमा एनसेललाई कर छुट दिन त्यसो गरिएको थियो ।

कानुनमै छूट खोजिँदै

नीतिगत निर्णयबाट हुने भ्रष्टाचारले पहिलो त उत्पादनशीलतामा आधारित उद्योग स्थापना गर्दैन । "उत्पादनशीलतामा आधारित उद्योग स्थापना नहुनुमा नीतिगत भ्रष्टाचार प्रमुख कारण हो," विश्लेषक खनाल भन्छन्, "त्यसबाहेक नीतिगत निर्णयमा हावी भएर स्थापित ठूला उद्योगमा विधिको शासन पनि छैन । बरु साना तथा मझौला उद्योग उत्पादनशीलतामा आधारित छन् ।"

ठूला उद्योगमा राजनीति संरक्षण रहेको उदाहरण कर छूट प्रकरणलाई लिन सकिन्छ । सरकारी तजबिजमै वार्षिक करिब ३० अर्ब रुपैयाँ कर छूटको नाममा व्यवसायीलाई फिर्ता गरिन्छ । तर हरेक सामानमा कर व्यवसायीले होइन, उपभोक्ताले तिर्छन् । उपभोक्ताले तिरेको करको छूट व्यवसायीले पाउँछन् ।

खनालका अनुसार नीतिगत भ्रष्टाचारले नागरिकमाथि दोहन बढाउँछ । व्यवसायीले राज्यको संरक्षणमा दोहन गर्ने छूट पाएकै कारण नेपालको शिक्षा, स्वास्थ्य क्षेत्र महँगो भएको छ । बढ्दो महँगीमा सरकारले लगाम कस्न नसक्नुमा चन्दादाताको संरक्षण मोहले काम गरेको देखिन्छ ।

नीतिगत भ्रष्टाचारलाई थप प्रश्रय दिने प्रयास राजनीतिक र प्रशासनिक तहबाट हुन थालेको छ । आफ्ना निर्णय प्रक्रियामाथि प्रश्न उठाउने हिम्मत कसैमा नहोस् भन्नलाई कानुनी आधार टेक्ने प्रयास हुन्छ । अहिले संसद् पुगेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन र भ्रष्टाचार निवारण ऐनको संशोधनले त्यही देखाउँछ । उक्त बुँदासहित ऐन पारित भए संघ, प्रदेश र स्थानीय तहको कार्यपालिकाले गर्ने नीतिगत भ्रष्टाचारमाथि अख्तियारले प्रश्न उठाउन पाउने छैन, जसले नीतिगत भ्रष्टाचारलाई संस्थागत गरी तल्लो तहसम्मै पुर्‍याउनेछ ।

अर्को, भ्रष्टाचार निवारण ऐनको मस्यौदामा सार्वजनिक पदमा पुग्ने सबैले सम्पत्ति विवरण सार्वजनिक नगरे पनि हुन्छ । यसले व्यक्तिको नैतिकता र सुशासनसँग जोडिएको मुद्दाबाट पनि छुटकारा खोज्ने तथा अवैध बाटोबाट आम्दानी गर्ने छूट दिन खोजेको देखिन्छ ।

पूर्वसचिव त्रिताल नीतिगत भ्रष्टाचार मात्र होइन, अवैध आम्दानीका हरेक बाटोलाई अघोषित वैधानिकता दिन कानुनी बाटो खोल्न लागिएको बताउँछन् । भन्छन्, "यी दुई ऐनको मस्यौदा संसद्बाट हुबहु पारित भए भ्रष्टाचारले सीमा नाघ्छ र संस्थागत हुन्छ ।" ने

मुख्यसचिव नै गैरजिम्मेवार

मन्त्रिपरिषद्को मूलढोका उभिएका हुन्छन्- मुख्यसचिव, जसको अनुमतिबिना मन्त्रिपरिषद्मा अपवादबाहेक प्रस्ताव पुग्दैनन् । मन्त्रिपरिषद्मा प्रधानमन्त्रीपछिको शक्तिशाली सदस्य पनि हुन्, मुख्यसचिव । मन्त्रिपरिषद्का लागि मन्त्रालयबाट आउने हरेक प्रस्तावको अध्ययन, अनुसन्धान मुख्यसचिवको सचिवालयले गर्छ । प्रक्रिया नपुगे वा प्रस्ताव उचित नलागे मन्त्रालयमा फिर्ता पठाउन सक्छन् । हरेक छिद्रछिद्र केलाएर मन्त्रिपरिषद्मा प्रस्ताव लैजाने शक्ति र ओजलाई पछिल्ला मुख्यसचिवले लाभहानिमा हिसाबकिताब गर्न थालेका छन् । त्यसो हुन्थेन भने ललिता निवास जग्गा प्रकरणमा तत्कालीन मुख्यसचिव माधवप्रसाद घिमिरे र लीलामणि पौडेलको भूमिकामा प्रश्न उठ्दैनथ्यो ।

विभागीय क्षेत्राधिकारमै नपर्ने भौतिक योजना तथा यातायात मन्त्रालयबाट मोही कायम गराउने प्रस्ताव मन्त्रिपरिषद्मा लैजाँदा पनि घिमिरे र पौडेल मुकदर्शक बने । मुख्यसचिव लोकदर्शन रेग्मी पनि पदीय दायित्वमा खरो उत्रन सकेका छैनन् ।

पूर्वसचिव भोजराज पोखरेलको भनाइमा कुनै प्रस्तावले राष्ट्र हित गर्दैन वा भ्रष्टाचारलाई बढावा दिन्छ भन्ने लाग्यो भने मुख्यसचिवले निर्णयमा हस्ताक्षर नगर्न सक्छ, प्रधानमन्त्रीलाई पुनर्विचार गर्न सुझाव दिन सक्छ । पछिल्ला घटनाक्रम नियाल्दा मुख्यसचिवमा त्यस्तो तागत देखिँदैन । विश्लेषक अजयभद्र खनाल भन्छन्, "मुख्यसचिवको सबैलाई रिझाउने चरित्र नीतिगत भ्रष्टाचार मौलाउन सहयोगी हुन्छ ।"

गोकुलको अनुहारमा सरकारको छाया

प्रधानमन्त्री ओलीको राजनीतिक तुलोमा प्रश्नचिह्न

रविराज बराल

८ फागुन ०७६ मा *गोरखापत्रको* कोहलपुर संस्करण सुरुआत गर्ने क्रममा सरकारका प्रवक्ता गोकुल बाँस्कोटाले सधैँझैँ मिडियालाई होच्याए। मिडियालाई एक आँखा चिम्लिएको सिकारीका रूपमा अर्थ्याउँदै उनले त्यसमा हुने आलोचनाले सरकारलाई फरक नपर्ने बताए।

'एक आँखो चिम्लिने त सिकारी हुन्छ। प्रेसले दुइटै आँखा खुला गर्नुपर्छ,' उनको अर्ती थियो, 'अहिलेको प्रवृत्ति सिकारीले जस्तो सरकारलाई ठोक्ने भएको छ तर जति ठोके पनि केही फरकै पर्दैन।'

तर यस पटक साँच्चै फरक पर्‍यो। समाजलाई सधैँ सदाचारका पाठ सुनाउँदै आलोचकलाई हतोत्साही गर्न खप्पिस बाँस्कोटाको पद खुस्काउने खबर मिडियामार्फत सार्वजनिक भएको थियो। रातारात मिडियाहरूमा आफूले कमिसनका लागि गर्दै गरेको 'सेटिङ' को अडियो सार्वजनिक भएपछि उनी कोहलपुरबाट काठमाडौँ आइपुगे र राजीनामा दिए। पत्रकार सम्मेलन गरेर प्रश्नहरू सामना गर्ने आँट पनि गरेनन्। बरु नैतिकताको आधारमा राजीनामा दिएको सगर्व घोषणा ट्वीटरमा गरे।

मन्त्रिपरिषद्का निर्णय सार्वजनिक गर्ने नियमित पत्रकार सम्मेलन होस् वा सार्वजनिक कार्यक्रम, सरकारका प्रवक्ता एवं सूचना तथा सञ्चार प्रविधिमन्त्री बाँस्कोटा 'कन्फिडेन्ट' देखिन्थे। तर उनको त्यो 'कन्फिडेन्स' पत्रकारहरूलाई थर्काउन, मिडियाहरूलाई मानमर्दन गर्न र जनसाधारणमा आलोचित सरकारका कदमको ढाकछोपमा प्रयोग भइरह्यो। बाँस्कोटालाई धाप दिइरहे, प्रधानमन्त्री केपी ओलीले।

५ फागुन ०७६ मा धुलिखेल नगरपालिकाको ३४ औँ स्थापना दिवस अवसरमा भएको कार्यक्रममा ओलीले गरेको गोकुलको प्रशंसा एउटा उदाहरण हो। 'राजनीतिक तुलो राख्ने हो भने तुलाको एकातिर गोकुल बाँस्कोटा र अर्कातिर अरू सबैजस्तो हुन्छ,' प्रधानमन्त्रीले भनेका थिए, 'सरकारको विरोध गर्नुपर्‍यो भने गोकुल बाँस्कोटातिर हेर्नेबित्तिकै चुप लाग्ने हुन्छ।'

प्रधानमन्त्री ओली जसरी आफ्नो सरकारलाई सुशासनका लागि काम गरेको देखाउन खोज्थे, गोकुल त्यसैलाई पछ्याउँदै प्रतिरक्षा गर्थे। १६ माघ ०७६ मा धुर्मुस सुन्तली फाउन्डेसनले चितवनमा अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणका लागि गरेको समारोहमा प्रधानमन्त्रीले भनेका थिए, 'म भ्रष्टाचारीको अनुहार पनि हेर्दिनँ, कुन पार्टीको हो, त्यो पनि जान्दिनँ। कुन तहको हो, त्यो पनि चिन्दिनँ। कारबाही गरेरै छाड्छु।'

तर ७ फागुन राती सुरुमा *हाम्राकुराडटकम* र त्यसपछि सबैजसो अनलाइनहरूमार्फत जे

बाँस्कोटाको फेसबुकबाट

खबर सार्वजनिक भयो, त्यसले सरकारको अनुहार उदांगो पार्‍यो। ओलीले अतिविश्वास गरेर बालकोटस्थित आफ्नै घरमा बास दिएका, सरकारको प्रवक्ताको जिम्मेवारी दिएका बाँस्कोटा सेक्युरिटी प्रिन्टिङ प्रेस खरिदका क्रममा प्राप्त हुने कमिसनका लागि करोडौँको सेटिङ गर्दै गरेको भेटिए।

प्रधानमन्त्रीका विश्वासपात्र एवं सरकारका प्रवक्ता अभिव्यक्ति र प्रस्तुतिका लागि आलोचित थिए तर कमिसनका लागि यसरी मोलमोलाइ गर्लान् वा भ्रष्टाचारमा यसरी संलग्न होलान् भनेर सायदै चिताइएको थियो। सरकारका मन्त्रीहरूको बाहिर देखिने अनुहार र प्रस्तुतीकरण तथा भित्रभित्रै गर्ने गतिविधिबीच कति अन्तर रहेछ, सोच्नैपर्ने भएको छ।

गोकुलकै कार्यकालमा वाक् तथा अभिव्यक्ति स्वतन्त्रतामा बन्देज लगाउने कानुनका कयौँ मस्यौदा बने। पार्टी पत्रकारिताबाट राजनीतिमा आएका गोकुल प्रेससँग समन्वयकारी भूमिकामा भन्दा पनि यसको मानमर्दनमै मस्त रहे। उनको प्रस्तुति र हाउभाउको शैली प्रेसप्रति अहंकारी रह्यो। आफ्नो सम्पत्ति विवरणबारे सोधिएको एक प्रश्नका कारण *नेपाल टेलिभिजनका* पत्रकार राजु थापाको जागिर गोकुलले खुस्काइदिएका थिए।

उनकै कार्यकालमा गायकहरू आफ्ना गीतमा प्रयुक्त शब्दका कारण हिरासतमा पुगे। पशुपति शर्मा, दुर्गेश थापा र र्‍यापर भिटेन उदाहरण हुन्। भिटेन पक्राउ पर्नुमा गीतमा प्रयोग भएका शब्दलाई कारण देखाइएको थियो। भिटेन पक्राउपछि ८ कात्तिक ०७६ मा गोकुलले भनेका थिए, 'दिदी, भाइ, बहिनी, आमा र परिवारसँग बसेर तिनले गाएको गीत सुन्नुस्। समर्थन गर्नुहुन्छ कि लाजले अनुहार रातोपिरो हुन्छ ?' आज कमिसन सेटिङका क्रममा अडियोमा मन्त्रीले प्रयोग गरेको भाषा मिडियाहरूले हुबहु लेख्न सकेका छैनन्।

गोकुलकै कार्यकालमा हो, पशुपति शर्माको 'लुट्न सके लुट...' गीत युट्युबमा हालेको केही समयमै हटाउन लगाइयो। यो गीत चर्चामा आउने कारण बन्न पुग्यो, लुट्न प्रेरित गरेका भनी यसले सरकार समर्थकबाट खेपेको आरोप। गोकुलको मुहारमा ओली नेतृत्वको सरकारको अनुहार हेर्दा पशुपतिकै गीत सजीव भएजस्तो लाग्छ : 'लुट्न सके लुट कान्छा ! लुट्न सके लुट !' सायद 'भ्रष्टाचारीको अनुहार हेर्दिनँ' भन्ने प्रधानमन्त्री ओलीले आफू र आफ्नै सहयात्रीहरूको अनुहार हेर्नेछन् र नेकपाको राजनीतिक तुलो फेरि जाँच्नेछन्। ने

Unwind in style
THE KATHMANDU POST
WEEKENDER

त्यो नीतिगत निर्णय

पाँच अपराधमा अदालतबाट दोषी ठहरिएका प्रमुख सेनानी भरत गुरूङको अकुत सम्पत्ति सरकारबाटै फिर्ता

मनबहादुर बस्नेत

बालुवाटार जग्गा प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मन्त्रिपरिषद्का नीतिगत निर्णय छानबिन आफ्नो क्षेत्राधिकारभित्र नपर्ने भन्दै दुई पूर्वप्रधानमन्त्रीलाई अभियोगबाटै उन्मुक्ति दियो । २२ माघमा दायर मुद्दाको अभियोगपत्रमा अख्तियारले पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र बाबुराम भट्टराईलाई मुद्दा नचलाउनेबारे प्रस्टै लेखेको छ।

एकातिर अख्तियारले आफूलाई सरकारको नीतिगत निर्णयमा पस्ने अधिकार नभएको बताएको छ भने अर्कोतिर घुस लुकाउन दिनेलाई कारबाही गर्नु नपर्ने र घुस लुकाउनेलाई मात्र कारबाही हुनुपर्ने दलिलसमेत पेस गरेको छ।

भ्रष्टाचार मुद्दामा अख्तियारको यस्तो निर्णयले सरकारले चाहे नीतिगत निर्णयका नाममा केसम्म गर्दो रहेछ भन्ने २५ वर्ष पुरानो एउटा घटना सम्झाएको छ। पञ्चायतकालको उत्तरार्द्धमा उठान भएको भरत गुरुङ प्रकरण बहुदलको सरकारले नीतिगत निर्णयबाटै गुपचुप पार लगाएको थियो। तत्कालीन शाही नेपाली सेनाका प्रमुख सेनानी थिए, भरत। उनी राजा वीरेन्द्रका कान्छा भाइ अधिराजकुमार धीरेन्द्रका अंगरक्षक भएकाले शक्तिशाली मानिन्थे ।

राजपरिवारका सदस्यसँग नजिक भरत पक्राउ पर्दा त्यसबेला हंगामा भएको थियो । दरबारसँगको निकटतालाई उनले राजनीतिमा समेत मज्जैले प्रयोग गरेका थिए। भ्रष्टाचार र अवैध गतिविधिमा लागेको भन्दै भरतलाई ०४४ मा सेनाले पक्राउ गऱ्यो। उनीमाथि ज्यान मार्ने उद्योग, लागूऔषधको अवैध कारोबार, विदेशी मुद्राको अवैध कारोबार, हातहतियार खरखजाना र सुन तथा घडीको तस्करीमा संलग्न भएको आरोप लागेको थियो ।

उनीमाथि पत्रकार पदम ठकुराठीलाई तह लगाउन भन्दै जगत गौचनबाट रकम लिएको आरोप थियो। भरतको घरबाट बरामद डायरीमा उल्लिखित अभिलेखले जगतले ठकुराठीलाई ठीक पार्न ४० हजार रुपैयाँ रकम दिएको पोल खुलेको थियो । गौचन पञ्चायतकालमा अराजक गतिविधि गर्ने 'भूमिगत गिरोह' मा सामेल थिए भने पछि राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता भए। राजा ज्ञानेन्द्र शाहको शासनकालमा राज्यमन्त्री बने । जगत र उनका दाइ एवं राष्ट्रिय पञ्चायत सदस्य भीमप्रसाद गौचनको योजना भरतले कार्यान्वयन गरेका थिए। ठकुराठीलाई उनकै निवास काठमाडौँ भीमसेनगोलामा गोली हानिएको थियो । ठकुराठीको ज्यान जोगिए पनि एउटा आँखा भने आजीवन गुमाए। ठकुराठीलाई २१ भदौ ०४३ मा गोली हानिएको दिन नै भरतले उक्त रकम पाएको प्रहरीले बरामद गरेको डायरीबाट खुलेको थियो।

भरत लागूऔषधको कारोबारमा समेत संलग्न भएको आरोप थियो । प्रहरीले उनको घरबाट सेतो र खैरो हेरोइन बरामद गरेको थियो। ९० थान पेस्तोलको गोलीसमेत उनको घरबाट भेटिएको थियो। उक्त गोली आफूलाई श्यामबहादुर पाण्डेले राख्न दिएको गुरुङले अदालतमा बयान दिएका थिए। पाण्डेले भरतको भनाइ अस्वीकार गरेका थिए। हङकङबाट सुन, घडी र साडी तस्करीको गिरोहमा समेत गुरुङ सक्रिय भएको आरोप थियो ।

पक्राउपछि भरतलाई जनरल सैनिक अदालत गठन गरेर कोर्टमार्सल गरियो । सैनिक अदालतले उनलाई दोषी ठहऱ्याउँदै २० वर्ष कैद र बिगो जरिवानाको फैसला गऱ्यो । सैनिक अदालतले लागूऔषध कारोबारको

मुद्दामा यति लामो कैद सुनाएको थियो । उक्त फैसलापछि भरत जेल चलान गरिए भने भविष्यमा सरकारी सेवामा अयोग्य ठहरिने गरी सेवाच्युत भए ।

सुन तस्करीमा भरतलाई उकासेको भनेर टासी घले, इमानसिंह गुरुङलगायत गैरसैनिक व्यक्तिसमेत मुछिएका थिए । उनीहरूलाई समेत सैनिक ऐनअनुसार नै दण्ड दिइएको थियो । तर इमानसिंहकी श्रीमती धनकुमारीले गैरसैनिक व्यक्तिलाई सैनिक कानुन लागू नहुने भन्दै सैनिक अदालतको निर्णयविरुद्ध सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट हालिन् ।

रोचक त के भने, इमानसिंह पक्राउ परेलगत्तै उनकी श्रीमती धनकुमारीविरुद्ध समेत सुन, घडीलगायत अवैध सामान ओसारपसारमा सरकारले मुद्दा चलाएको थियो । धनकुमारीलाई विदेशी मुद्राको अवैध कारोबार र भन्सार चोरी पैठारीसम्बन्धी चलेको मुद्दामा २ वर्ष जेल सजाय भएको थियो ।

धनकुमारीले जेलबाट छुटेपछि दिएको रिटमा सर्वोच्चले गैरसैनिक व्यक्तिलाई सैनिक कानुन लगाएर दण्डित गराउन नमिल्ने फैसला गऱ्यो । प्रधानन्यायाधीश विश्वनाथ उपाध्याय, गजेन्द्रकेशरी बाँस्तोला, ओमभक्त श्रेष्ठ, मोहनप्रसाद शर्मा र केदारनाथ उपाध्यायसहितको पूर्ण इजलासले ५ भदौ ०४९ मा इमानसिंहलाई सैनिक ऐन आकर्षित नहुने फैसला सुनाएको हो । तर सर्वोच्चले इमानसिंहलाई निर्दोष भने मानेको छैन । किनभने इमानसिंहलाई सैनिक अदालतले ८ वर्ष कारावास सजाय तोकेको थियो ।

सर्वोच्चले मुख्य कसुरदार भरत गुरुङलाई भन्दा उकास्ने इमानसिंहलाई बढी सजाय दिन नमिल्ने भन्दै यसलाई घटाएर २ वर्ष ६ महिना मात्र दण्ड दिनुपर्ने ठहऱ्यायो । सर्वोच्चले कायम गरेको सजायभन्दा बढी समय जेल बसिसकेकाले इमानसिंह सर्वोच्चको आदेशपछि छुटे ।

यही फैसला भरत गुरुङका लागि उन्मुक्तिको हतियार बन्यो । त्यो पनि मन्त्रिपरिषद्को निर्णयबाटै । फैसला भएको दुई वर्षपछि प्रमुख सेनानी भरतकी श्रीमती मनकुमारीसहितका नातेदारले आफूहरू गैरसैनिक भएकाले सरकारले रोक्का राखेको सम्पत्ति फिर्ता दिन अनुरोध गर्दै प्रधानमन्त्री कार्यालयमा निवेदन दिए । निवेदन १३ भदौ ०५१ मा दर्ता भएको थियो । पदीय अख्तियारी दुरुपयोग गरेर अवैध सम्पत्ति कमाएको भन्दै सैनिक अदालतको आदेशमा प्रमुख सेनानी भरतको सम्पत्ति सरकारले जफत गरेको थियो ।

भरतले गैरकानुनी बाटोबाट आर्जित सम्पत्ति श्रीमती र नातेदारको नाममा लुकाएका थिए । श्रीमती मनकुमारी, छोरा आनन्द, बुहारी अनुग्रह, छोरी आरती तथा नातेदारद्वय शुकबहादुर गुरुङ र मीनबहादुर गुरुङको नाममा काठमाडौंमा मात्रै १ सय २८ रोपनी ८ आना जग्गा लुकाएको अनुसन्धानबाट खुलेको थियो । त्यो सम्पत्ति आफ्नो भएको प्रमुख सेनानी भरतले सैनिक अदालतसमक्ष स्वीकारेका थिए । सैनिक अदालतले काठमाडौंको बाँसबारीस्थित ४ रोपनी जग्गामा बनेको घरबाहेक सबै चलअचल सम्पत्ति सरकारीकरण हुने ठहऱ्याएको थियो ।

गैरसैनिक व्यक्तिको स्वामित्वमा रहेको भन्दै सोही जग्गा फिर्ता दिन भरतका नातेदारले सरकारलाई चिठी लेखेका थिए । प्रधानमन्त्रीलाई सम्बोधन गरिएको निवेदनमा दुई वर्षअघिको इमानसिंहको मुद्दामा सर्वोच्चले सुनाएको फैसलालाई पनि उद्धरण गरिएको छ । निवेदनमा सम्पत्ति फिर्ताको आग्रह गरिए पनि २८ कात्तिक ०५१ को मन्त्रिपरिषद्ले प्रमुख सेनानी भरतको माफी मिनाहाको सिफारिस गऱ्यो, जसलाई राजा वीरेन्द्रले ०४७ को संविधानको धारा १२२ प्रयोग गरेर सदर गरिदिएका थिए । 'तोकिएकोमध्ये भुक्तान हुन बाँकी दण्ड सजाय मिनाहा बक्सेको' राजदरबार प्रमुख सचिवालयको निर्णयमा उल्लेख छ । 'भुक्तान हुन बाँकी' भन्ने शब्दावलीले कैद सजाय मात्र मिनाहा भएको बुझिन्छ ।



श्री ५ को सरकार
मन्त्रिपरिषद् सचिवालय
(शाखा)
अनुसूचि ६

पत्रसंख्या :- ४२६।०५१
प्राप्त पत्र संख्या :-
मिति :- २०५२।७।२८

विषय :-

श्री सचिव, रक्षा मन्त्रालय ।



प्रमुख सेनानी भरत गुरुङलाई माफी मिनाहा र उनको जफत सम्पत्ति फिर्ता दिने मन्त्रिपरिषद्‌को निर्णय

सोही बीचमा प्रमुख सेनानी भरत गुरुङले पनि पूरा माफी मिनाहाका लागि निवेदन दिए । 'मूल निवेदन कार्यान्वयन गराउँदा कारबाही गर्नुपर्ने विभिन्न पक्षलाई ध्यानमा राख्दै' भन्ने बेहोराको चिठी मन्त्रिपरिषद्‌ले राजदरबार पठाएको थियो । गृहले ८ जेठ ०५२ मा लेखा समितिलाई पठाएको जवाफअनुसार मन्त्रिपरिषद्‌को यो सिफारिसबारे भने दरबारले निर्णय दिएन ।

पछिल्लो सिफारिसबारे दरबारबाट निर्णय नआए पनि सरकारले पहिलो निर्णयलाई नै आधार मानेर भरतको सबै जफत सम्पत्ति फिर्ता दियो । सरकारले निर्णयसमेत लुकाएको थियो । माफी मिनाहा दिने निर्णय भएको डेढ वर्षपछि २१ चैत ०५२ मा मात्रै राजपत्रमा सूचना निकालेको थियो, त्यो पनि निर्णय गरेको मिति नै नराखीकन । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले बीचमै संसद् भंग गरेर मध्यावधि चुनावको घोषणा गरेका थिए । त्यही चुनावको अघिल्लो दिन सम्पत्ति फिर्ताको निर्णय भएको थियो, आलोचनाबाट जोगिन ।

संसद्‌को सार्वजनिक लेखा समितिले सर्वोच्चको आदेशलाई आधार लिएर सम्पत्ति फिर्ता दिने सरकारको निर्णय दूषित भएको बताएको थियो । तर समितिले पनि त्यो निर्णय सच्याउनुपर्ने निर्देशन भने दिन सकेन ।

इमानसिंहबारेको फैसलालाई सरकारले सम्पत्ति फिर्ताका लागि आधार लिनु नै हास्यास्पद थियो । गैरसैनिक व्यक्तिलाई सैनिक कानुन नलाग्ने भने पनि इमानसिंहलाई सर्वोच्चले निर्दोष साबित गरेको थिएन । कसुरको मात्रा थपघट मात्र गरेको हो । अर्कोतिर प्रमुख सेनानी भरतले गैरकानुनी आर्जन अरूको नाममा लुकाएको देखिन्छ । अवैध आर्जन नातेदार, विश्वासपात्रको नाममा लुकाउने प्रवृत्ति नै हो ।

त्यसबेला गुरुङसँग बयान लिएका प्रहरी अधिकारी अच्युतकृष्ण खरेलले समेत गुरुङले अधिराजकुमार धीरेन्द्रको खर्च जुटाउन सुन ओसारपसारमा सघाएको खुलाएका छन्, आत्मकथामा । लागूऔषधको कारोबारमा भने गुरुङलाई जबर्जस्ती फसाइएको खरेलले पुस्तकमा जिकिर गरेका छन् । पछि आईजीपीसमेत बन्न पुगेका खरेलले अन्य मुद्दाको विषयमा केही खुलाएका छैनन् ।

खरेलले यस्तो दाबी गरे पनि गुरुङ पक्राउको चार महिनाअघि मात्रै बेलायतमा ५ गोरखा सैनिक गिरफ्तारीको घटनाले भने अर्कै तथ्य बताउँछ । बिदामा घर आएका उनीहरू लन्डनको हिथ्रो विमानस्थलमा हेरोइनसहित पक्राउ परेका थिए । उनीहरूलाई प्रमुख सेनानी भरतले नै 'पार्सल' भन्दै फल्स बटममा सामान राखिदिएको अनुसन्धानबाट खुलेको थियो ।

सरकारले भरतको २५ लाख रुपैयाँ नगदसमेत जफत गरेको थियो । यो सरकारी कोषमा दाखिला भइसकेकाले फिर्ता हुन सकेन, अरू सम्पत्तिजस्तो । अर्थ मन्त्रालयले राज्यकोषमा जम्मा भएको रकम फिर्ता गर्ने प्रावधान नभएको राय यसअघि नै रक्षा मन्त्रालय पठाएको थियो ।

प्रमुख सेनानी गुरुङको राजधानीमा ७ मिलियन डलर बराबरको घरजग्गा भेटिएको अमेरिकी अखबार *लस एन्जल्स टाइम्स*ले १६ अगस्त १९८७ मा लेखेको थियो । '६ वटा बंगला । थुप्रै सवारी साधन । ७ मिलियन डलर मूल्य बराबरको जग्गा । गरिब देश नेपालमा यति सम्पत्ति हुनु सौभाग्य हो,' *लस एन्जल्स*ले लेखेको छ । पत्रकार हरिबहादुर थापाको पुस्तक *रजगज*मा भरतको ठमेलस्थित घरमा त्यसबेला श्रम मन्त्रालय र महाराजगन्जको अर्को घरमा विपक्षी दल एमालेका नेता बस्ने गरेको उल्लेख छ ।

अकुत आर्जन अरूको नाममा राखेर सहजै उम्कने चतुर शैलीकै परिणाम यो प्रवृत्ति मौलाइरहेको छ । बालुवाटार जग्गा प्रकरणमा मुछिएका तत्कालीन मालपोत अधिकृतद्वय सुधीर शाह र गेहनाथ भण्डारीले पत्नीको नाममा घुसबापतको जग्गा लुकाएरै मुद्दाबाट उन्मुक्ति पाए । घुस जग्गा फिर्ता गर्ने सर्वोच्चका न्यायाधीश कुमार रेग्मी र नेकपा नेता विष्णु पौडेलका छोरा नवीन छानबिनमै अटाएनन् । नीतिगत निर्णयको आडमा हुने अनियमितता र अवैध आर्जन लुकाउने पञ्चायतकालीन प्रवृत्ति उर्वर बनिरहेको बालुवाटार प्रकरणमा पुनः पुष्टि भएको छ । ■

नेपाल
nepalmag.com.np
राष्ट्रिय साप्ताहिक
समसामयिक विषयवस्तुको वृत्तान्त नेपाल म्यागेजिनको आधिकारिक वेबसाइट
www.nepalmag.com.np
GET IT ON Google Play
Available on the App Store



अलमलमा जापान रोजगारी

१० महिना बितिसक्दा पनि नेपाली कामदार पठाउने विषय अनिश्चित

कल्पना भट्टराई

नर्सिङ केयर गिभरका लागि एन-फोर तहको जापानी भाषा पढिन्, काभ्रेकी शर्मिला क्षत्रीले । शर्मिला भाषा परीक्षाको २ सय ५० पूर्णांकमा २ सय २५ ल्याएर उत्तीर्ण भइन् । उनलाई जापान जानका लागि बाटो खुल्यो । तर कहिले र कसरी जानेबारे जवाफ पाएकी छैनन् ।

जापानले नेपाली कामदारलाई कहिले र कसरी लैजाने भन्ने जानकारी नेपाललाई नदिँदा शर्मिलाजस्तै भाषा र सीप परीक्षा पास गरी बसेका ९९ युवा अलमलमा परेका छन् । “जापानमा रोजगारी खुल्दा जति उत्साहित थियौँ, जान नपाएपछि निराश भयौँ,” शर्मिला भन्छिन्, “अहिले त हल्लाजस्तै लाग्न थाल्यो ।”

जापानसँग ११ चैत ०७५ मा सहकार्यको समझदारीपत्रमा हस्ताक्षर भएको थियो । समझदारीपत्रमा सन् २०१९ को अप्रिलबाटै नेपाली कामदार लैजाने उल्लेख छ । जापानले उद्योग, कृषि, नर्सिङ केयरलगायत १४ क्षेत्रमा कामदार लैजाने सहमति गरेको थियो ।

जापानले नेपालबाट पहिलो चरणमा नर्सिङ केयर गिभरमा कामदार लैजान विशिष्टीकृत दक्षमध्येबाट पहिलोमा सम्बन्धित काममा दक्षता भएका र उच्च तहको सीप भएका छान्छ ।

यस प्रकारको भाषा तथा सीपमा दक्षता भएकाहरू छनोट गर्ने जिम्मा जापान सरकारले आउटसोर्सिङ कम्पनी जापान फाउन्डेसनलाई दिएको छ । कुन मोडालिटीबाट कामदार लैजाने, कुन क्षेत्रमा, कति कामदार आपूर्ति गर्नेजस्ता विषय टुंगोमा नपुगी जापानसँग श्रम सम्झौता गरेको भनी त्यतिबेलै आलोचना भएको थियो ।

सम्झौता भएको दस महिना बितिसक्दा पनि नेपाली कामदार पठाउने विषयमा सरकारले टुंगो लगाउन सकेको छैन । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका प्रवक्ता सुमन घिमिरे जापानको रोजगारदाता

कम्पनीबाट कामदार माग नआएकाले पठाउन नसकिएको बताउँछन् । भन्छन्, "संयुक्त कमिटीको बैठकबाट यी विषयको टुंगो लगाउने तयारी गरिरहेका छौं ।"

समझदारीकै क्रममा नेपाल र जापानका प्रतिनिधि संलग्न भएको एक संयुक्त कमिटी बनेको थियो । अहिलेसम्म कमिटीको पहिलो बैठक बस्न सकेको छैन । दुई देशका सरकारबीच समन्वय नहुँदा बैठक बस्न नसकेको र कामदार पठाउने विषयमा अन्योल थपिएको मन्त्रालयका अधिकारी स्वीकार्छन् । प्रवक्ता घिमिरे भन्छन्, "नेपालस्थित जापानको दूतावासमार्फत संयुक्त कमिटी बस्ने विषयमा समन्वय भइरहेको छ ।"

कमजोर नतिजा

जापान फाउन्डेसनले गत अक्टोबरमा लिएको भाषा र सीप परीक्षाको नतिजा कमजोर देखिएको छ । फाउन्डेसनको वेबसाइटमा सार्वजनिक भएको नतिजामा भाषा परीक्षामा एक मात्र परीक्षार्थी उत्तीर्ण भएका छन् । सीप परीक्षणमा उत्तीर्ण हुनेको संख्या शून्य छ ।

त्यसपछिको परीक्षामा १६ र दोस्रो चरणको परीक्षामा ८२ जना उत्तीर्ण भएको वेबसाइटमा उल्लेख छ । तर अहिलेसम्म पास हुनेको संख्या कति छ ? जापान फाउन्डेसनले मन्त्रालयमा तथ्यांक नपठाएकाले भाषा तथा सीप परीक्षामा उत्तीर्ण भएकाहरूको विवरण माग गरेको उपसचिव दीपक ढकाल बताउँछन् ।

फाउन्डेसनका अनुसार २०२० जनवरीमा इन्डोनेसिया, कम्बोडिया, फिलिपिन्स र नेपाल गरी चार देशमा परीक्षा सञ्चालन गरी नतिजासमेत सार्वजनिक भइसकेको छ । ती देशमध्ये सबैभन्दा कमजोर नतिजा नेपालको छ । नेपालबाट सहभागी ६ सय ९७ परीक्षार्थीमध्ये ८२ जना मात्रै उत्तीर्ण भएका छन् । यो भनेको १३ प्रतिशत मात्र हो ।

इन्डोनेसियामा ४ सय १० जनामा १ सय ५६ उत्तीर्ण भएका छन्, जसको उत्तीर्ण प्रतिशत ३८ छ । कम्बोडियामा १ सय १८ जनामा ३० जना पास भएका छन्, जुन २५.४ प्रतिशत हो । फिलिपिन्समा परीक्षामा सहभागी ७ सय ३८ मध्ये पास हुनेको संख्या ३ सय ३० छ, जुन ४४.७ प्रतिशत हो । फाउन्डेसनको वेबसाइटमा उल्लिखित नतिजाअनुसार सबैभन्दा राम्रो फिलिपिन्स रहेको छ ।

नर्सिङ केयर गिभरका लागि जापानी संस्थाले लिएको जापान भाषा परीक्षाको नतिजा कमजोर आउनुका पछाडि कारण गोलाप्रथामार्फत छान्ने प्रक्रिया भएको मन्त्रालयका उपसचिव ढकाल औंल्याउँछन् । भन्छन्, "यो प्रणाली हटाउने प्रस्ताव संयुक्त बैठकमा राख्छौं । हामीले गोलाप्रथा पहिलेदेखि नै उचित छैन भनिरहेका थियौं ।"

भाषा तथा सीप परीक्षण परीक्षा दिन पालो कुर्दै परीक्षार्थी

जापानस्थित दूतावासले रोजगारदाता कम्पनीसँग बैठक गरी नेपाली कामदारबारे सूचना दिनुपर्छ । नत्र जापानमा रोजगारी अवसर गुम्ने निश्चित छ ।

– **पूर्णचन्द्र भट्टराई**, पूर्वसचिव

गोलाप्रथाले भाषाको राम्रो तयारी गरेका र योग्य व्यक्तिलाई अप्ठेरो पारेको परीक्षार्थी बताउँछन् । भाषाको आवेदन दिएकामध्येबाट गरिने गोलाप्रथामा छानिने भएकाले राम्रो तयारी गरेकाहरू अवसरबाट वञ्चित हुने गरेको परीक्षार्थी दीपक भुजेल बताउँछन् । भन्छन्, "राम्रो नतिजा ल्याउनका लागि यो प्रणाली हटाउनैपर्छ ।"

जापानले नर्सिङ केयरमा ठूलो संख्यामा कामदार लैजाँदै छ भनेर मनपरी रकम असुलिरहेका कन्सल्टेन्सीले भाषा तथा सीप परीक्षणबारे पाठ्यक्रम बनाए पनि राम्रोसँग नपढाएकाले परीक्षा पास गर्न कठिन भएको आवेदक विमल सुनार बताउँछन् । उनका अनुसार कन्सल्टेन्सीहरूले १० हजारदेखि ६० हजार रुपैयाँसम्म लिने गरेका छन् ।

उपसचिव ढकालका अनुसार गत अक्टोबरमा पहिले आवेदन भर्नेलाई छानिएको थियो । जापानले १ हजारलाई परीक्षामा सहभागी बनाउने भनिए पनि १३ सय जनाले आवेदन दिएपछि गोलाप्रथामार्फत छान्न थालेको हो ।

जापानले नेपालबाट एक चरणको परीक्षामा १ हजार आवेदकलाई मात्रै परीक्षामा सामेल गराउने कोटा निर्धारण गरेको थियो । मार्चमा भने यो कोटा बढाएर १ हजार ३ सय

पुऱ्याइने बताइएको छ। तर कोटा बढाउनेभन्दा पनि यो प्रणाली नराखी सबै इच्छुक परीक्षामा सामेल हुन पाउने व्यवस्थाका लागि नेपालका तर्फबाट प्रस्ताव गर्न लागिएको ढकालको भनाइ छ।

गुमनाम जापान युनिट

जापान रोजगारीको सहजीकरणका लागि वैदेशिक रोजगार विभागमा स्थापना गरिएको जापान युनिट गुमनाम छ। भाषा र सीप परीक्षणमा दक्ष बनाई धेरै नेपाली कामदारलाई जापान पठाउने तयारी नगरिँदा रोजगारीको अवसर गुम्ने देखिन्छ।

गुणस्तरीय भाषा तथा सीप विकासबारे कुन-कुन कन्सल्टेन्सीले गुणस्तरीय भाषा सिकाउँछन् भन्ने विषयमा पनि अध्ययन हुन सकेको देखिँदैन। भाषा परीक्षाको आवेदन दिएका प्रशिक्षार्थीले जापानमा कामदार भिसामा जान भाषा परीक्षालगायत विषयमा जानकारी पाउन कठिनाइ भएको आरोप लगाएका छन्। यसबारे सरकारले सूचना नदिँदा समस्या भएको परीक्षार्थी दीपक भुजेल बताउँछन्।

जापान रोजगारी प्रणालीबारे सरकार आफैं स्पष्ट हुन नसक्दा राम्रोसँग काम गर्न नसकिएको सरकारी अधिकारी स्वीकार्छन्। जापान युनिटका प्रमुख भोला गुरागाईंका अनुसार कर्मचारी र आवश्यक बजेट नहुँदा केही पनि काम हुन नसकेको हो। भन्छन्, “कामदार पठाउने विषयमा कार्यविधि बन्दै छ, उताबाट डिमान्ड आएपछि पठाउँछौं।”

सन् १९९३ देखि नै जापानले नेपाल, भियतनाम, इन्डोनेसिया, फिलिपिन्स, पेरु, भारत, म्यानमार, कम्बोडिया, बंगलादेशलगायत १५ मुलुकबाट जापान अन्तर्राष्ट्रिय तालिम सहयोग संगठन (जिट्को) सँग सम्झौता गरी तालिमसँगै रोजगारी दिन प्रशिक्षार्थी कामदार लिँदै आएको थियो।

मन्त्रालयको तथ्यांकअनुसार अहिलेसम्म ७ हजार औद्योगिक प्रशिक्षार्थी कामदार जापानमा रहेका छन्। भाषा र काम सिक्नैका लागि जापान जाने यी कामदारसँग रोजगारदाता सन्तुष्ट हुन सकेका छैनन्। गत वर्ष ६ जना मात्रै प्रशिक्षार्थी कामदार पठाएको कोसी इन्टनेसनल सर्भिसका सञ्चालक सुरेन्द्र घिमिरे जापानबाट कामदार माग नआएकाले धेरै पठाउन नसकिएको बताउँछन्। प्रशिक्षार्थी कामदार पठाउने जिम्मा सरकारले म्यानपावर कम्पनीलाई दिएको थियो। नेपाल-जापान श्रमबारे जानकार अनोज शाक्य भन्छन्, “जिट्कोमार्फत प्रशिक्षार्थी कामदारलाई पठाउँदा दुई देशका रोजगारदाताबीच सम्बन्ध राम्रो बनाउन सकेको भए अहिले जापानमा लाखौं नेपाली पुगिसक्थे।”

> नेपालस्थित जापानको दूतावासमार्फत संयुक्त कमिटीको बैठक बस्नेबारे समन्वय भइरहेको छ।
>
> **– सुमन घिमिरे,**
> प्रवक्ता, श्रम मन्त्रालय

यो कार्यक्रम पूर्ण रूपमा असफल भएको शाक्यको बुझाइ छ। “जापानले कामदार आपूर्तिकर्ताको मुलुकमा नेपाललाई पहिलो पटक राखेकाले यो अवसर गुमाउनु हुँदैन,” शाक्य भन्छन्, “जापानले दिएको अवसरबाट फाइदा लिन सरकारले अहिले नै त्यहाँ कस्ता खाले श्रमिक आवश्यक पर्छन्, सोहीअनुसार उनीहरूलाई सीप सिकाउनु जरुरी छ।”

छैन तयारी

सन् २०१९ को डिसेम्बरमा जापानको मन्त्रिपरिषद्ले विदेशी कामदारसम्बन्धी १ सय २६ बुँदे नीति पारित गर्दै नेपालीसहित ११ मुलुकबाट कामदार लैजाने निर्णय गऱ्यो। कामदारको अभाव झेलेका जापानी रोजगारदाता कम्पनीको दबाबपछि सरकारले प्रतिपक्षी दल कन्स्टिट्युसनल डेमोक्रेटिक पार्टी अफ जापानको तीव्र विरोधबीच पनि विदेशी कामदार भित्र्याउने नीति पारित गऱ्यो। नेपालसहित कम्बोडिया, चीन, इन्डोनेसिया, मंगोलिया, म्यानमार, थाइल्यान्ड, फिलिपिन्स, भियतनामलगायत देशबाट कामदार लैजाने निर्णय गरेको *द जापान टाइम्समा* लेखिएको छ।

नयाँ कानुनअनुसार जापान सरकार र श्रम स्रोत मुलुकबीच श्रम सम्झौता हुने र सरकारी तवरबाटै जापानमा कामदार भित्र्याउने नीति लिइएको थियो। काम गर्न सजिलो बनाउन विदेशी कामदार भएका स्थानमा सबै किसिमको सुविधा दिने प्रावधान बनाइएको थियो।

देशमा निम्तिएको कामदार संकट व्यवस्थापन गर्न जापानले ५ वर्षमा ३ लाख ४५ हजारभन्दा बढी आप्रवासी कामदार भित्र्याउने नीति लिएको छ। जापानमा ६५ वर्षभन्दा माथिका ज्येष्ठ नागरिकको संख्या कुल जनसंख्याको २८ प्रतिशत छ। त्यसैले पनि उनीहरूको स्याहारसुसारका लागि नर्सिङ केयर गिभरमा पहिलो चरणमा आवेदन खुलाइएको मन्त्रालयले जनाएको छ।

पारिश्रमिक पनि अन्य गन्तव्यको मुलुकको तुलनामा जापानमा निकै राम्रो छ। जापानमा रोजगारी गर्नेमध्ये अधिकांशको औसत मासिक पारिश्रमिक १ लाख ७५ हजारदेखि २ लाख रुपैयाँसम्म हुने गरेको छ। हाल नेपालबाट वैदेशिक रोजगारीका निम्ति करिब ८७ प्रतिशत युवा खाडी मुलुक र मलेसिया जाने गर्छन्। ती मुलुकमा जाने श्रमिकको औसत मासिक पारिश्रमिक ४० हजार रुपैयाँ छ। भाषाबाहेक जापानी नियम-कानुन जान्न अन्य विदेशी नागरिकको तुलनामा नेपालीलाई कठिन पनि छ।

पछिल्लो समय गाउँ क्षेत्रका जापानी युवा सहरी क्षेत्रमा बस्ने कारणले गाउँगाउँमा कृषि र मत्स्यपालनजस्ता क्षेत्रमा कामदार अभाव छ। सहरी क्षेत्रमा पनि सरसफाइ, निर्माण र खाद्य क्षेत्रमा काम गर्ने युवाको अभाव छ। श्रमविज्ञ पूर्णचन्द्र भट्टराई भन्छन्, “युवाहरूलाई दक्ष बनाएर रोजगारदाताका रूपमा पठाउन सके नेपालले पनि फाइदा लिन सक्छ।”

सरकारी काम गर्ने तरिका सुस्त हुनुले पनि यसबाट निकै ठूलो अपेक्षा गर्न नसकिने श्रमविज्ञ भट्टराई बताउँछन्। श्रमिक आपूर्ति प्रक्रियामा तेस्रो पक्ष (म्यानपावर) लाई संलग्न नगराइएकाले पनि रोजगारदाता कम्पनी सरकार आफैंले खोजेर कामदारको माग ल्याउनुपर्ने उनको धारणा छ। भट्टराई भन्छन्, “जापानस्थित दूतावासले रोजगारदाता कम्पनीसँग बैठक गरी नेपाली कामदारका विषयमा सूचना दिनुपर्छ, यी कार्य नगरे जापानमा रोजगारी अवसर गुम्ने निश्चित छ।” ने

रोयल्टीको रडाको

हिमचुचुराहरूलाई पासाङल्हामु फाउन्डेसनमार्फत आरोहण अनुमति दिने प्रयास जारी

माधव बस्नेत

'त्यहाँबाट उठाएको र उठाइने हिमालहरूको रोयल्टीबापतको रकम विभाज्य कोषमा जम्मा गर्ने प्रयोजनका लागि यस मन्त्रालयको नाममा जम्मा गर्नुहुन महालेखा नियन्त्रण कार्यालयको चनं १३४ मिति ०७६/०९/२० को पत्रानुसार अनुरोध छ । रकम जम्मापश्चात् बैंक भौचर यस मन्त्रालयमा पठाउन अनुरोध छ।'

पर्यटन मन्त्रालयको लेखा शाखाले २१ पुसमा नेपाल पर्वतारोहण संघ (एनएमए) लाई पठाएको 'अत्यन्त जरुरी' पत्रांश हो, यो । पत्र लेखेको पाँच दिनभित्रै संघले मन्त्रालयको राजस्व एकल कोष खाता नं ००१००१०६२००००० (एभरेस्ट बैंक सिंहदरबार) मा ६ करोड २५ लाख ९० हजार रुपैयाँ जम्मा गरी भौचर पठाइदिएको छ । रकमलाई लिएर संघभित्र भने रडाको सुरु भएको छ।

स्रोतका अनुसार संघका पदाधिकारीहरूले मन्त्रालयको खातामा जम्मा गरेको रकमबारे लामो समयसम्म आफ्ना पूर्वपदाधिकारी तथा सदस्यहरू कसैलाई पनि जानकारी गराएनन् । जबकि १२ मंसिरमै संघ अध्यक्ष सन्तवीर लामा तथा महासचिव कुलबहादुर गुरुङसमेत सहभागी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको बैठकबाटै 'नेपाल पर्वतारोहण संघले व्यवस्थापन गरेका हिमालबाट प्राप्त रोयल्टी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ दफा ७ र अनुसूची ४ अनुसार संघीय विभाज्य कोषमा व्यवस्थाका लागि पर्यटन मन्त्रालयले समन्वय गर्ने' निर्णय भएको थियो ।

अध्यक्ष लामाका अनुसार संघ मातहतका हिमचुलीहरूलाई आरोहण अनुमति दिएबापत वार्षिक १० देखि १३ करोड रुपैयाँसम्म रोयल्टी उठ्ने गरेको छ । चालू आर्थिक वर्षको हालसम्म संघले १२ करोड ५१ लाख ८० हजार रुपैयाँ उठाएको थियो । मुलुक संघीय संरचनामा गएपछि संघले उठाएको कुल दस्तुरमध्ये ५० प्रतिशत नेपाल सरकारको कोषमा र ५ प्रतिशत पर्वतीय प्रशिक्षण विकास समितिमा पठाउनुपर्ने कानुन बनेको छ । त्यही कानुनअन्तर्गत आफूहरूले मन्त्रालयको खाता नम्बर, कोड नम्बर र राजस्व शीर्षक नम्बर ३३३६५ मा (पर्वतारोहण रोयल्टी) बुझाएको संघका अध्यक्ष लामा बताउँछन् । भन्छन् "हामीले नयाँ कानुनअनुसार यसअघि सरकार र संघले कहिल्यै नगरेको अभ्यास गरेका हौं । कुनै अनियमितता गरेको होइन ।"

नेपालका हिमाल र हिमचुचुराहरूको संरक्षण, प्रवर्द्धन, पर्वतारोहण, आरोहण, उद्धारका लागि तालिम, दक्ष जनशक्ति उत्पादनलगायत काम गर्न १६ कात्तिक ०२९ मा संघ स्थापना भएको थियो । यसका सुरुआती अध्यक्ष कुमार खड्गविक्रम शाह थिए । दरबारको छत्रछायामा संघ स्थापना भएकाले हुन सक्छ, ०३५ देखि ऐन व्यवस्था गरेर ३१ हिमाल आरोहणको अनुमति संघमार्फत नै लिनुपर्ने भयो । केही वर्ष अघिदेखि हिमचुचुराको उचाइ बढाएर (५८००-६५०० मिटर) बनाएपछि त्यो संख्या अहिले २७ मा झरेको छ । तिनै चुचुराबाट उठेको रोयल्टीमा संघभित्र रडाको सुरु भएको हो ।

संघका एक सदस्यका अनुसार नयाँ कानुन लागू भएको ४ वर्ष बितिसकेको छ । तर विभाज्य कोषमा रोयल्टी दाखिला गर्नु भनेर राष्ट्रिय

नेपाल पर्वतारोहण संघ



> पर्वतारोहण संघको खातामा रहेको रकम पर्यटन मन्त्रालयको खातामा बुझाउन भएका पत्राचार र रकम बुझाएको विवरण

प्राकृतिक स्रोत तथा वित्त आयोग, महालेखा नियन्त्रण कार्यालय र पर्यटन मन्त्रालय कसैले पनि ताकेता गरेका थिएनन्। अध्यक्ष लामासहित पदाधिकारीहरू स्वयं नै संघको भूमिका कमजोर बनाउन लागिपरेकाले अहिले रडाको मच्चिएको हो। "हिमाल र हिमचुचुराको संरक्षण, प्रवर्द्धन गर्ने मुख्य जिम्मेवारी पाएको पर्वतारोहण संघका अगुवाहरू नै अघि लागेर विभाज्य कोषमा रकम बुझाउन दौडिए," ती सदस्य भन्छन्, "यदि पदाधिकारीको नियत सफा हुन्थ्यो भने पर्वतारोहण संघको खातामा जम्मा भएको रकम आफैँले खर्च गर्न पाऊँ, हिमालको संरक्षण, प्रवर्द्धन गर्न हामी आफैँ सक्षम छौँ भन्नुपर्थ्यो। त्यसैले उनीहरूको भूमिका संघलाई टाट पल्टाउनतिर उद्यत छ।"

झन्डै तीन दशकभन्दा लामो समयदेखि संघमा दुई समूहको लडाइँ छ। ती हुन्, थामसेर्कु ट्रेकिङ पक्षधर र एसियन ट्रेकिङ पक्षधर। उनीहरू दुवैको नाम आङछिरिङ शेर्पा हो र दुवै सोलुखुम्बुको पर्यटकीय क्षेत्रमा जन्मे-हुर्केका हुन्। थामसेर्कु ट्रेकिङ तथा यती समूहका हर्ताकर्ता आङछिरिङ शेर्पाको हेलिकप्टर दुर्घटनामा निधन हुनुअघिसम्म पर्वतारोहण क्षेत्रमा आबद्धले उनीहरूलाई यती आङछिरिङ र एसियन आङछिरिङ भनेर उच्चारण गर्थे। आङछिरिङको निधनपछि थामसेर्कुको नेतृत्व उनकै दाजु तथा राष्ट्रिय विभूति पासाङल्हामु शेर्पाका श्रीमान् ल्हाक्पा सोनामले गरिरहेका छन्। यसबेला पर्वतारोहण संघको अध्यक्ष ल्याक्पा सोनाम निकट काभ्रे कोसीपारिका सन्तवीर लामा छन्।

संघको प्रमुख सल्लाहकार ल्हाक्पा सोनाम शेर्पा आफैं छन्। ल्हाक्पा सोनाम तिनै पात्र हुन्, जसले पर्वतारोहण संघअन्तर्गतका हिमाल सरकार मातहत ल्याएर आफूले 'लिज' मा लिने प्रपञ्च वर्षौंदेखि गरिरहेका छन्। ०७२ मा कृपासुर शेर्पा पर्यटनमन्त्री भएका बेला सरकार मातहत ल्याउने निर्णय गराउन उनी सफल भएका थिए। पछि सर्वोच्च अदालतले मन्त्रिपरिषद्को निर्णयलाई मान्यता नदिँदा अहिलेसम्म पर्वतारोहण संघ जीवितै छ। सर्वोच्चले पर्वतारोहण संघको पक्षमा फैसला गरिदिएपछि नै लामा त्यसको अध्यक्ष भएका हुन्।

मन्त्रालय स्रोतका अनुसार ल्हाक्पा सोनाम आफू प्रमुख सल्लाहकार र आफू निकट लामा अध्यक्ष भएकै बेला पर्वतारोहण संघको अधिकार कटौती गर्दै निरीह संस्थामा रूपान्तरण गर्ने योजनामा छन्। "त्यही योजनामुताबिक संघको खातामा रहेको रकम हतारहतार मन्त्रालयको कोषमा जम्मा गरेको देखिन्छ," पर्यटन मन्त्रालयका एक सहसचिव भन्छन्, "ताकि पर्वतारोहण संघ अधिकारविहीन भएपछि त्यही बहानामा हिमचुचुराहरू आफूले भाडामा लिन ल्हाक्पा सोनाम शेर्पालाई सजिलो होस्।"

हिमचुचुराको आरोहण अनुमति व्यक्तिलाई दिन नहुने पक्षमा रहेका पर्वतारोहण संघका पूर्वअध्यक्ष आङछिरिङ शेर्पा संघको खातामा रहेको रकम हतार-हतार मन्त्रालयको खातामा सारिनु नियोजित घटना बताउँछन्। "पर्वतारोहण संघ मातहत रहेका हिमाल खोस्ने अभियान नै थियो। त्यही योजनाअन्तर्गत संघको खाताको रकम मन्त्रालयको कोषमा दाखिला गरेको हुनुपर्छ," शेर्पाको कथन छ, "रोयल्टीजति सरकारले लैजाने हो भने पर्वतारोहण संघको के अर्थ ? संघ पंगु भइहाल्यो नि। यही मौकामा हिमचुचुराहरू पासाङल्हामु फाउन्डेसनमार्फत ल्याएर व्यक्तिले आरोहण अनुमति दिने योजनामा यो घटना भएको हो।"

वर्तमान अध्यक्ष लामाचाहिँ आफू त्यस्तो योजनामा सरिक नभएको जिकिर गर्छन्। "डेढ वर्षसम्म नवीकरण नभएको पर्वतारोहण संघलाई मैले बल्लबल्ल नवीकरण गराएँ। म संघको अधिकार कटौती गरेर व्यक्तिलाई हिमचुचुरा आरोहणको अनुमति दिने पक्षमा छैन," लामा भन्छन्, "पर्वतारोहण संघको अधिकार थप्नुपर्छ। यो संस्था स्वतन्त्र अस्तित्वमा रहन पाउनुपर्छ भन्ने मान्यतामा म दृढ छु।" ने

बिजु महर्जन

लोकरिझ्याइँको लालसा

सस्तो चर्चाका लागि हचुवामा घोषणा गरिएका ठूला पूर्वाधार आयोजना दशकौँसम्म अन्योलमा

मस्त केसी

निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आर्थिक वर्ष ०७१/७२ मा सुरु भई ०७८/७९ मा सम्पन्न गर्ने सरकारको लक्ष्य थियो। तोकिएकै समयमा आयोजना निर्माण सुरु गरिएको भए अहिले अन्तिम चरणको काम भइरहेको हुन्थ्यो। तर निर्माण सकिने समयको २ वर्षअघि अर्थात् चालू आवको अर्धवार्षिक समीक्षा गर्दै सरकारले यो विमानस्थललाई आव ०९१/९२ मा निर्माण सम्पन्न गर्ने लक्ष्य राखेको छ।

आयोजनाको अनुमानित लागत १ खर्ब २० अर्ब रुपैयाँ छ। तर चालू आवमा १ अर्ब ५० करोड रुपैयाँ मात्र विनियोजन गरिएको छ। त्यही पनि माघसम्म १ रुपैयाँ खर्च भएको छैन। लगानी बोर्डबाट आयोजना निर्माण मोडालिटीबारे अन्तर्राष्ट्रिय कम्पनीसँग सम्झौताको प्रक्रिया अन्तिम चरणमा पुगेको अर्थ मन्त्रालयले दाबी गरेको छ। उता, सर्वोच्च अदालतले विमानस्थलले ओगट्ने क्षेत्रमा रूख नकाट्न अन्तरिम आदेश दिएसँगै निर्माण सुरुआतको काम थप अन्योल बनेको छ।

१२ सय मेगावट क्षमताको बूढीगण्डकी जलविद्युत् आयोजना आव ०६९/७० मा सुरु गरी ०७७/७८ मा सम्पन्न गर्ने लक्ष्य थियो। २ खर्ब ६० अर्ब रुपैयाँ लागत अनुमान गरिएको उक्त आयोजना निर्माण सम्पन्न गर्ने अवधि पनि संशोधन गरेर ०८२/८३ पुर्‍याइएको छ। तर हालसम्म आयोजना निर्माण मोडालिटी र वित्तीय व्यवस्थाको टुंगो लागेको छैन। चालू आवमा १३ अर्ब ५७ करोड ५६ लाख बजेट विनियोजन गरिएकामा माघ मसान्तसम्म १ अर्ब २ करोड २३ लाख रुपैयाँ मात्र खर्च गरिएको छ, त्यो पनि मुआब्जा वितरणमा।

७ सय ५० मेगावाट क्षमताको पश्चिम सेती जलविद्युत् आयोजना निर्माण घोषणा गरिएको २३ वर्ष बितिसकेको छ। आयोजनाको अनुमानित लागत १ खर्ब ४८ अर्ब ७ करोड हो। तर घोषणाको २ दशकभन्दा बढी भइसक्दा पनि आयोजनाको सम्भाव्यता अध्ययनसमेत सम्पन्न हुन सकेको छैन।

अस्ट्रेलियन कम्पनी स्नोई माउन्टेन कर्पोरेसन स्मेकले निर्माण अनुमति लिएको १६ वर्षसम्म 'होल्ड' मात्र गर्‍यो। त्यसपछिका करिब ६ वर्ष चिनियाँ कम्पनी थ्री गर्जेज इन्टरनेसनल कर्पोरेसनले सोही प्रवृत्ति दोहोर्‍यायो। गत वर्ष सरकारले आफैँ निर्माण गर्ने भने पनि अहिलेसम्म काम अगाडि बढ्न सकेको छैन।

घोषणा गरिएको दशकौँसम्म सिन्कोसमेत नभाँचिएका यी आयोजनाबाट पाठ सिकेर सरकारले नयाँ आयोजनाको औचित्य, रणनीतिक, आर्थिक तथा सामाजिक महत्त्व, मुलुकको सामर्थ्यलगायतका विषय ख्याल गरेर अगाडि

बढ्नुपर्थ्यो। तर पाठ सिक्नुको साटो सरकारले एकपछि अर्को 'लोकप्रिय' आयोजना घोषणा गर्दै अगाडि बढिरहेको छ।

२ फागुन ०७५ मा ललितपुरको एकान्तकुनामा नेपाल पानीजहाज कार्यालय उद्घाटन गर्दै प्रधानमन्त्री केपी ओलीले राष्ट्रिय ध्वजावाहक पानीजहाज छिट्टै चल्ने घोषणा गरेका थिए। 'पानीजहाज कार्यालय जागिर खुवाउनका लागि होइन, देशलाई एक कदम अघि बढाउन खुलेको हो,' प्रधानमन्त्रीले भनेका थिए, 'केही महिना पर्खनुस्। टिकट यही पाइन्छ।' देशको कार्यकारी प्रधानमन्त्रीले भनेको केही महिना होइन, वर्ष दिन बितिसक्यो तर उक्त कार्यालयमा बोर्ड झुन्ड्याउनेबाहेक कुनै प्रगति हुन सकेको छैन।

चालू आर्थिक वर्षको बजेटमा पूर्व-पश्चिम र उत्तर-दक्षिण रेल सञ्जाल विकास गर्ने योजना समेटिएको छ। काठमाडौँलाई भारत तथा चीन दुवैतर्फ रेलमार्गले जोड्ने वीरगन्ज-काठमाडौँ र रसुवागढी-काठमाडौँ रेलमार्गको विस्तृत सम्भाव्यता अध्ययन गरी २ वर्षभित्र निर्माण सुरु गर्ने उल्लेख गरिएको छ। त्यस्तै, दक्षिणी सीमा नाकाबाट पूर्व-पश्चिम विद्युतीय रेलमार्गको इटहरी, निजगढ, बुटवल र कोहलपुर जोड्न रेलवे लाइन निर्माण अगाडि बढाउने उल्लेख गरिएको छ। त्यसैगरी जयनगर-बिजलापुर र भारतको बथनाहादेखि विराटनगरसम्म आगामी आवभित्रै रेल सेवा सञ्चालन गर्ने र काठमाडौँ उपत्यकासहितका ठूला सहरमा मेट्रो तथा मोनो रेल सञ्चालन गर्न विस्तृत सम्भाव्यता अध्ययन गरी निर्माण अघि बढाउने योजना बजेटमा समेटिएको छ।

खर्बौं रुपैयाँ लागतको उक्त आयोजनाका लागि चालू आवमा जम्मा ७ अर्ब ७० करोड बजेट विनियोजन गरिएको छ। समग्रमा चालू आवको बजेटमा सडक, रेल तथा जल यातायात पूर्वाधार विकासका लागि १ खर्ब ६३ अर्ब ५२ करोड बजेट छुट्याइएको छ। जबकि पूर्व-पश्चिम द्रुत गतिको रेलमार्गका लागि मात्रै ३२ खर्ब रुपैयाँ लाग्ने अनुमान छ।

घोषणा गरिएको वर्षौंसम्म पनि काम सुरु गर्न नसक्ने सरकारले तत्कालका लागि मुलुकको सामर्थ्य नभएका आयोजना अगाडि किन सार्छ? राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष गोविन्दराज पोखरेल प्रणालीगत रूपमा नभएर लोकरिझ्याइँका लागि नेताहरूले काम गर्न थालेकाले समस्या देखिएको बताउँछन्। "कुनै पनि आयोजना घोषणा गर्दा राजनीतिक नेतृत्वले विज्ञ, योजना आयोगलगायत सरोकारवाला निकायसँग छलफल गर्नुपर्ने हो," उनी भन्छन्, "तर करिब ३ दशकअघिदेखि नेतृत्वले लोकप्रियताका लागि जे पनि घोषणा गर्न थालेको छ।" यस्तो प्रवृत्तिले तत्काल नेतृत्वले ताली पाए पनि अन्ततः 'मास' मा निराशा छाउने उनको भनाइ छ।

मुलुकको आर्थिक विकासमा 'गेम चेन्जर' बन्न सक्ने बृहत् र राष्ट्रिय महत्त्वका यस्ता आयोजना निर्माण तोकिएकै समयमा सुरु गर्न र सक्न सम्बन्धित मन्त्रालय, प्रधानमन्त्री कार्यालय, योजना आयोग र अर्थ मन्त्रालयबीच आवश्यक समन्वय गरी आइपर्ने समस्या तत्काल समाधान गर्ने सरकारी नीति छ। तर कार्यान्वयन भने शून्य। परिणाम- चालू आव, गत आव मात्रै होइन, वर्षौं अघि घोषणा गरिएका कतिपय आयोजना कार्यान्वयनको ढाँचा र वित्तीय व्यवस्था अहिलेसम्म पनि हुन सकेको छैन। मुलुकको आर्थिक सामर्थ्यभन्दा ठूला र आयोजनाको औचित्य पुष्टि नभएका कारण काम अगाडि बढ्न नसकेको पूर्वउपाध्यक्ष पोखरेल बताउँछन्। उनी भन्छन्, "यथार्थपरक योजना निर्माणको सट्टा प्रचारमुखी बनाउँदा समस्या देखिएको हो।"

४ खर्ब मात्रै विकास बजेट भएको मुलुकको सरकारले समयमा सुरु गर्नै नसकिने खालका ३२/३५ खर्बका थुप्रै आयोजना एकै पटक किन घोषणा गर्छ? पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डे बहुवर्षीय आयोजनाको सुरुआत नै सानो इकाइबाट हुने बताउँछन्। "हरेक वर्ष थोरथोरै बजेटमा काम गर्दै जाने हो," उनी भन्छन्, "योजना नबनाए सम्पन्न कसरी हुन्छ?"

घोषणा गर्नुअघि आयोजना चाहिने हो वा होइन, आवश्यक छ वा छैन भन्ने पहिचान गर्नुपर्ने हो। योजना आयोगदेखि प्रधानमन्त्री कार्यालय र प्रमुख प्रतिपक्ष दलका नेतादेखि नीति निर्माता बसेर आयोजनाको महत्त्व र आवश्यकता निर्क्योल गरेर प्राथमिकता छुट्याउनुपर्ने हो। आयोजनाको रणनीतिक, आर्थिक तथा सामाजिक महत्त्वमा बृहत् छलफल तथा अध्ययन हुनुपर्ने हो। प्राथमिकता र मुलुकको आवश्यकताका आधारमा जिम्मा लगाउनुअघि निर्माण कम्पनीको प्राविधिक तथा व्यवस्थापकीय क्षमताको पनि अध्ययन गरिनुपर्ने हो। तर हामीकहाँ यस्तो अभ्यास नभएको पूर्वाधारविद् सूर्यराज आचार्य बताउँछन्। "राजनीतिक पहुँचका आधारमा आयोजना छनोट, घोषणा र ठेक्का दिने प्रवृत्ति बढेको छ," उनी भन्छन्, "सरकारको ध्यान आयोजना घोषणा गर्ने र निर्देशन दिने मात्रै छ, कानुनी, व्यवस्थापकीय तथा नीतिगत समस्या समाधानमा छैन।"

कर्मचारीमा जोखिम नलिने प्रवृत्ति, ठेकेदारले जति पनि आयोजना ओगट्ने प्रवृत्ति र राजनीतिक अनियमितताले समस्या ल्याएको आचार्यको बुझाइ छ।

घोषणा गरिएका आयोजनाको पूर्वतयारी र अध्ययन नभएकै कारण वर्षौंसम्म पनि काम सुरु नभएको जानकारको भनाइ छ। पूर्वाधारविद् आचार्य प्रणाली र पद्धति भएको भए संशय देखिँदा पद्धतिले निर्णय गर्ने बताउँछन्। "विकसित देशमा पूर्वाधार विकासको प्रणाली हुन्छ," उनी भन्छन्, "आयोजनाको चौतर्फी महत्त्व पुष्टि भएपछि मात्रै घोषणा गरिन्छ।" जथाभावी घोषणा गर्दै हिँड्ने तर सीमित स्रोत-साधनले काम गर्न नसकिँदा विकास यथार्थपरक नरहेको तथा सरकारको काम अपेक्षाकृत नभएको देखाउने उनको भनाइ छ।

एक पूर्वसचिव प्रधानमन्त्री, मन्त्रीलगायत उच्चपदस्थले आफ्नो इच्छामा आयोजना सीधै रातो किताबमा राख्न लगाउने गरेको बताउँछन्। उनी भन्छन्, "लेखाजोखाबिनै आयोजना रातो किताबमा राख्दा अन्ततः त्यो अलपत्र पर्नुको विकल्प हुँदैन।" ने

आयोजनाको औचित्य र मुलुकको सामर्थ्य नहेरी राजनीतिक फाइदाका लागि नेतृत्वले जे पनि घोषणा गर्ने प्रवृत्तिले समस्या ल्याएको छ।

– **गोविन्दराज पोखरेल**, पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग

सर्वोत्तम नारी

KMG
KANTIPUR MEDIA GROUP

फागुन अंक

nari.ekantipur.com | narimagazine | @narimagazine

संविधानमा कृषि र खाद्य सुरक्षा

यमुना घले

कृषिबिना भान्सा चल्दैन, खानाबिना जीवन चल्दैन भन्ने आधारभूत मान्यता अंगीकार गर्दै नेपालको संविधानले कृषि विकास, भूमिसुधार र व्यवस्थापन, खाद्य सुरक्षा, खाद्य अधिकार र खाद्य सम्प्रभुत्तालाई प्राथमिकतामा राखेको छ। कृषिलाई तीनै तहको सरकारको साझा अधिकारभित्र राखे पनि कृषि उत्पादन र प्रसारसँग सम्बन्धित अधिकांश जिम्मेवारी स्थानीय सरकारको एकल अधिकारभित्र राखेको छ।

नेपालको संविधानको मौलिक हक र कर्तव्यअन्तर्गत भूमिसुधार र खाद्यसम्बन्धी हकको प्रावधान रहेको छ। यसरी नै राज्यका नीतिले कृषि र भूमिसुधारसम्बन्धी नीतिको व्यवस्थालाई सुनिश्चित गरेको छ। विस्तृतीकरण दस्तावेजले नीतिगत प्रावधानबारे थप विस्तृतीकरण गरे पनि सरकारहरूबीचको सहवर्ती अधिकारको प्रस्टता नभएका कारण धेरै अन्योल हुनुका साथै 'पर्ख र हेर' को अवस्था देखिन्छ। सरकारहरूले आवश्यकताका आधारमा नीति ल्याए पनि संघीय विषयगत मन्त्रालयबाट निर्दिष्ट खाका समयमा नगइदिंदा केही अन्योल पनि थपिदिएको छ। जस्तै, कृषि व्यवसाय प्रवर्द्धन नीति, अनुदान नीति आदि। यस्ता नीतिगत अन्योलका साथै राष्ट्रिय कृषि अनुसन्धानको संस्थागत दृष्टिकोण र व्यवस्थापन पक्ष अझ टुंगो लागिसकेको छैन।

यस परिप्रेक्ष्यमा खाद्य सुरक्षा, अधिकार र सम्प्रभुत्ताको अवधारणागत हिसाबलाई बुझ्न आवश्यक छ। खाद्य सुरक्षा भन्नाले मूलतः प्राविधिक पक्षमा आधारित अवधारणालाई बुझाउँछ। यसले प्रमुख चार स्तम्भ समेट्छ- उपलब्धता, पहुँच, क्रयशक्ति र दिगोपन । खाद्य अधिकार विशेषतः मानव अधिकारमा आधारित अवधारणा हो, जसले तीन स्तम्भ सम्मान, परिपूर्ति र संरक्षणलाई अंगीकार गरेको पाइन्छ। खाद्य सम्प्रभुत्ताचाहिँ सार्वभौमिकतामा आधारित छ। यसका ६ प्रमुख स्तम्भ- जनताको खानामा केन्द्रित, उत्पादकहरूको महत्त्व, उत्पादन प्रणालीलाई स्थानीयकरण गर्नु, उत्पादन प्रक्रियालाई स्थानीय नियन्त्रणमा राख्नु, ज्ञान र सीपको विकास र प्रकृतिसँग मेल खाने क्रियाकलाप आदिलाई विश्वव्यापी रूपमा अंगीकार गरेको छ। यसरी खाद्यसम्बन्धी अवधारणागत परिमार्जन हुँदै फराकिलो दायरा र जिम्मेवारयुक्त प्रक्रियाको विकास भइरहेको छ।

सन् २००७ मा नलिनी, मालिया भिया क्याम्पेसिनाको पहलमा भएको अन्तर्राष्ट्रिय खाद्य सम्प्रभुत्ता सम्मेलनले खाद्य सम्प्रभुत्ताको परिभाषा विकास गरेको थियो । सन् २००५ मा खाद्य तथा कृषि संगठनले आयोजना गरेको खाद्य सम्मेलनले परिभाषित गरेको खाद्य सुरक्षाको परिभाषामा पूर्णता नभएको अर्थमा सम्प्रभुत्तालाई जोड दिएर उक्त नयाँ आयाम पनि थपेर परिभाषित गरिएको थियो । यी दुईमा आधारभूत फरक भनेकै खाद्य सम्प्रभुत्तालाई परिभाषित गर्ने प्रक्रियाको नेतृत्व कृषक, उपभोक्ता, साना कृषक, जलहरी, वातावरणप्रति सचेत समूह रहेका छन् । यसको सबल पक्ष- खाद्य तथा कृषि संगठनको सदस्य राष्ट्रहरूले पनि आफ्नो स्थानीय परिवेशअनुसार खाद्य सम्प्रभुतालाई अंगीकार गर्न सक्छन् । त्यसको ज्वलन्त उदाहरण नेपाल पनि हो। संविधानले निर्दिष्ट गरेअनुरूप ०७५ मा राष्ट्रिय खाद्य अधिकार तथा सम्प्रभुता ऐन ल्याएको छ । खाद्य सुरक्षालाई अधिकारको दायराभित्र ल्याउनु आफैंमा एउटा अग्रगामी कदम हो।

देश संघीय संरचनामा गइसकेको र संवैधानिक व्यवस्थाको सुनिश्चितता भइसकेको अवस्थामा राष्ट्रिय खाद्य अधिकार तथा सम्प्रभुता नियमावली ल्याउनुपर्ने आवश्यकता भइसकेको छ । यसैगरी प्रदेश र स्थानीय स्तरमा आवश्यक नीति नियम, ती संरचनाको कार्यसूची र समावेशिता पनि सुनिश्चितता गर्नु अत्यावश्यक छ । साथै, प्रदेश स्तरमा खाद्य सुरक्षा परिषद् र स्थानीयमा खाद्य सुरक्षा समिति बनाउनुपर्छ।

यस्ता नीतिगत प्रावधानमार्फत कृषिलाई देशको अर्थतन्त्रको मेरुदण्ड मानेर यस क्षेत्रमा आधुनिकीकरण, व्यावसायिकीकरण र विविधीकरण गर्दै कृषकको हकहित, संरक्षण र प्रवर्द्धन गर्न सरकारले कृषि विकास रणनीति सन् २०१५-२०३५ र अन्य धेरै कार्यक्रम बनाएको छ । यसका लागि मानव स्रोत-साधनको उपलब्धता, विषयगत दक्षताअनुसारको दरबन्दी र बहुसरोकारवाला मञ्चको व्यवस्था गर्नु अत्यावश्यक देखिन्छ । कतिपय स्थानीय सरकारले आफ्नो कार्यक्षेत्रभित्र कार्यरत सेवाप्रदायकलाई दर्ता गर्न र सेवा विशेष क्षमताको आधारमा कामको बाँडफाँट गरेको पनि छ। यसले सेवाप्रदायकबीचमा कामको दोहोरोपन नहुने, जनताले पनि सेवा ग्रहण गर्ने वातावरण बन्ने र स्थानीय सरकारले नियमन गर्न सकिने वातावरण बनेको छ।

हालको आप्रवासन, विप्रेषणमा आधारित र अनियन्त्रित बजारले गर्दा खाद्य सुरक्षा, अधिकार र सम्प्रभुत्ताका पक्षलाई हेर्ने दृष्टिकोणमा जटिलता ल्याइदिएको छ। साथै, जलवायु परिवर्तनका कारण आएका अवसर र चुनौतीलाई पनि सम्भावनाउन्मुख गर्दै लग्नुपर्ने देखिन्छ। समग्रतामा खाद्य सुरक्षा, खाद्य अधिकार र खाद्य सम्प्रभुताका क्षेत्रमा देखिएका सबै खाले सम्भावना र चुनौतीलाई उत्तिकै चासोका साथ हेर्न र सम्बोधन गर्न जरुरी छ। ❐

संविधानले निर्दिष्ट गरेअनुरूप ०७५ मा राष्ट्रिय खाद्य अधिकार तथा सम्प्रभुता ऐन आएको छ । खाद्य सुरक्षालाई अधिकारको दायराभित्र ल्याउनु आफैंमा एउटा अग्रगामी कदम हो ।

सरानाको संगीत यात्रा

बुबाको प्रेरणाले पलाएको संगीत–मोहमा निरन्तरता

सुनिता लोहनी

तस्बिर : सरोज बैजु

कलाकार मदनकृष्ण श्रेष्ठ गायक बन्न चाहन्थे । परिस्थितिले उनलाई हास्य कलाकार बनायो । हास्य कलाकार बने पनि उनले थुप्रै गीत गाए । र, ती चर्चित पनि भए । हिजोआज *पानी छाया* बोलको गीत निकै चर्चामा छ । यसमा स्वर छ, सराना श्रेष्ठ र अग्रज कलाकार मदनकृष्णको । मदनकृष्ण र सराना बाबुछोरी हुन् । तर सरानाको आफ्नै परिचय पनि छ ।

सानैदेखि नै गुनगुनाउन मन पराउने सराना गाउने बानी सायद पारिवारिक गुण भएको मान्छिन् । बाजेको गीतमण्डली नै थियो । उनी मन्दिरमा गीत गाउँथे र बाजा बजाउँथे । बुबा मदनकृष्ण त भर्सटायल कलाकार नै भए । सानोमा उनी डबलीमा केटीको स्वरमा गीत गाउँथे रे । उनले गाएका *अर्बौं मान्छेहरूमा.., खोलावारि खोलापारि पीपलु र बर..* जस्ता गीत अहिले पनि सदाबहार छन् । तर सराना पनि कम छैनन् ।

उनले ५ वर्षकै उमेरमा रेडियो जिंगलमा स्वर दिइन्, होम प्रोडक्सनमा । जिंगल रेडियोमा बजिरहेको सुन्दा रमाइलो लाग्थ्यो रे उनलाई । पछि बालगीत पनि गाइन् । उतिबेला गीत गाउन अहिलेजस्तो सजिलो थिएन । प्रविधिको कमी भएका कारण संगीतको धुनसँगै गायकको सुर मिल्नुपर्थ्यो, एक टेकमै । गीतको बोल भने उनलाई याद छ, *आज एउटा मुसा घरमा फसेछ* । सो गीत हिट पनि भयो । दाजु यमनको संगीतमा बनेको गीत गाउन घरमै पूरा तयारी गरेकी थिइन् । तर कति टेकमा सो गीत गाइन्, उनलाई याद छैन ।

१८ वर्षदेखि अमेरिका बसे पनि उनको लबजमा अंग्रेजीपन रत्ति आउँदैन । सरानाको नम्र स्वभाव देखेर सायद मानिस छक्कै पर्छन् । भन्छिन्, “बुबाले भन्नुहुन्छ– गानाचाहिँ आफ्नो पुरानो घरजस्तो लाग्छ रे अनि कमेडी नयाँ घरजस्तो । म आफ्नै ड्याडीबाट प्रेरित भएँ ।”

उनले मह सञ्चारका लागि पर्दापछाडि बसेर थुप्रै काम गरेकी छन् । *बीबीसी* र युनिसेफका कार्यक्रममा भ्वाइस ओभर गरिन् । अमेरिका जानुअघि थुप्रै नेपाली चलचित्रमा गीत गाइन्, उनले । *मिस्टर रामकृष्णे*को किसुनजी किसुनजी बोलको गीत निकै चर्चित भएको थियो । शम्भुजित बाँस्कोटाले 'तिमी चुलबुल स्वभावकी छौ' भनेर यो गीत दिएको उनी सम्झिन्छिन् । तर केही सातापछि नै विवाद भएपछि गीत बन्द भएको खबर उनैले सुनाए ।

स्वभावले आफू चुलबुले भए पनि सिरियस टाइपका गीत सुन्न र गुनगुनाउन मन पर्ने बताउँछिन् । सरानाको स्वभाव बाह्यमुखी छ । तनाव नलिने, ससाना कुरामा खुसी हुने । उनलाई धेरै मान्छेमाझ रमाइलो लाग्दो रहेछ । भन्छिन्, “मलाई सेन्टर अफ अट्र्याक्सन हुन मन पर्ने । सायद यही बानीले आत्मविश्वासी बनायो ।”

गायक बन्न सजिलो छैन । स्वर मात्र भएर हुन्न, सुर पनि चाहिन्छ । सरानाले संगीतको औपचारिक कक्षा ३ महिना मात्र लिइन्, शास्त्रीय संगीतको । त्यो पनि करिब २२ वर्षअगाडि डोरेमीमा । त्यसैले रियाजको अभाव भने उनलाई खट्किँदो रहेछ । भन्छिन्, “गड गिफ्टेड हो भनेर फुर्किनु राम्रो होइन । आफूले आफैँलाई तिखार्नु पर्दो रहेछ । स्वर भनेको सबैले पाउँदैनन् । पाएको स्वरलाई खुर्क्याउनु पर्दो रहेछ । त्यसका लागि रियाज गर्नुपर्दो रहेछ ।”

मह सञ्चारको पहिलो फिचर फिल्म *फिलिम*का लागि उनले 'स्याड' गीत गाइन् । *दैव हरे के गर्नु* बोलको गीत गाएर घर आउँदा बुबाआमा रोएको उनी अझै सम्झिन्छिन् । सो गीत गाउँदा सुरुमा उनी गीतमा डुब्न सकेकी थिइनन् । 'जब बुबाले म मरेको ठान, बुबाआमा कोही छैनन् भनी सोचेर गाऊ भने', उनले सहनै नसकी गीत गाइन् ।

त्यसबेला कलाको बजार ठीकै थियो । मह सञ्चार चले पनि संगीतको भने खासै बजार थिएन । सबै कुरा सजिलो थियो । र, सरनालाई सजिलो बाटो चाहिएको थिएन । सोखका रूपमा उनले गीत गाउन पाएकै थिइन् । त्यसैले बैंकिङ क्षेत्रमा करिअर बनाउने सोचले उनी उच्च शिक्षाका लागि अमेरिका उडिन् । त्यहाँ कर्पोरेट फाइनान्समा स्नातकोत्तर गरेपछि विश्व बैंकमा जागिरे भइन् ।

विश्व बैंकमा जागिर पाउनु सजिलो थिएन । आमा बिरामी भएपछि नेपाल फर्कने निर्णय गरिन्, उनले । तर राजीनामा दिएको केही दिनपछि ०७२ मा ठूलो भूकम्प गयो । बुबाआमा नै घर छाडेर गाडीमा बसिरहेका थिए । भन्छिन्, “बुबाले यस्तो बेलामा नेपाल नफर्कन सल्लाह दिनुभयो । आमाले आउनै दिनुभएन ।”

नेपाल आउने दिन कुर्दाकुर्दै सात महिना

बितेपछि फेरि विश्व बैंकमा पुनः जागिर खाइन् । त्यसको केही महिनापछि साइन्स एन्ड टेक्नोलोजी कम्पनीमा काम थालिन् । २ वर्षअगाडि रेक्टमको क्यान्सरले आमा बितिन् भने बुबालाई पार्किन्सन लागेको छ ।

एक दिन आमाले सरानालाई फोन गरिन् । "छोरा र पतिसँग हवाई घुम्न जान तयार थिएँ । ममी रूनुभएपछि एक्कासि डर लाग्यो र सबै छाडेर नेपाल आएँ," उनी एयरपोर्टबाट सीधै अस्पताल गइन् । १६ दिन आमासँगै अस्पतालमा बिताइन् ।

आमा बितेको १ वर्ष निकै कठिन भयो । आमाको नम्बरमै बारम्बार फोन गरेको उनी सम्झिन्छिन् । भन्छिन्, "आफू आमा बनेपछि आमाको माया झन् बुझिँदो रहेछ ।" यस्तो पीडामा पनि सरानाको साथी भने गीतसंगीत नै थियो । धेरै दुःख र खुसीको पलमा उनी गीत नै गुनगुनाइरहन्छिन् ।

केही महिनाअघि घरमा बसिरहेका बेला दराजमा बुबाको डायरी भेटिन्, सरनाले । त्यसमा *एकतर्फी माया न हो मेरो दिल टुट्यो त टुट्यो* भन्ने करिब २५ वर्षअगाडि लेखिएको गीत थियो । उनलाई गीत पढ्नेबित्तिकै खुबै मन परेछ । गाइन् । अहिले यसै गीतको भिडियोका लागि प्रि-प्रोडक्सनको तयारी गर्दै छिन् ।

गीत गाउने मात्र नभई भिडियोको कन्सेप्टमा पनि रमाइरहेकी छन्, सराना । बुबाको प्रेरणाले पलाएको संगीतको मायालाई उनी निरन्तरता दिन चाहन्छिन् । गीतको कलात्मक पक्ष मात्र नभई व्यावसायिकतामा पनि जोड दिने सरानाले भविष्यमा कस्तो सिर्जना लिएर आउँछिन् ! त्यो भने हेर्नै बाँकी छ । ने

प्रवासनको घामछाया

सन्तोष आचार्य

रिपोर्टिङ गर्दागर्दै स्थिति यस्तो पनि आउँछ, जतिबेला विषयले पुस्तक माग गर्छ । डम्बरकृष्ण श्रेष्ठलाई पनि सायद यस्तो भयो । वैदेशिक रोजगारीलगायत विषयमा रिपोर्टिङ गरिरहेका श्रेष्ठलाई लाग्यो, रिपोर्टिङ अझै अपुग छ । यसैले त जन्मियो, *नेपाली प्रवासन : नियति र रहर* । यसलाई उनको रिपोर्टिङको एकमुष्ट प्याकेज भन्दा हुन्छ । उनले *हिमाल*मा ०५७ देखि ०७२ सम्म लेखेका ४१ रिपोर्टिङको संग्रह हो, यो किताब ।

वैदेशिक रोजगार र नेपाली समाज एकअर्कासँग जोडिएका छन् । लाहुरे संस्कृतिको पौराणिक यात्राले अझै पनि निरन्तरता पाइरहेकै छ । उदेकलाग्दो कुरा- कुल गार्हस्थ उत्पादनमा ४० प्रतिशतभन्दा बढी योगदान रहेको वैदेशिक रोजगारीमा सरकारको लगानी दुई प्रतिशत पनि छैन । अनि, वैदेशिक रोजगारीले पैसा मात्र होइन, समस्या पनि आयात गर्नु अस्वाभाविक भएन । श्रेष्ठको किताब नेपाली प्रवासनको दुई दशकको कम्प्याक्ट डिस्क हो । श्रेष्ठ आफैं पनि प्रवासनमा रहेका कारण उनले प्रवासीको घामछाया नजिकबाट देखेका छन् ।

वैदेशिक रोजगार भन्नासाथ दुःख मात्र छैन, नेपालीले प्राप्त गरेका सफलताका कथा पनि छन् । जस्तो, झापाका हाकिम श्रेष्ठलाई मलेसियामा भेटौं । ४९ वर्षीय हाकिम मलेसियाका सफल व्यवसायी हुन् । डेढ दशकअघि सेक्युरिटी गार्डमा त्यहाँ पुगेका पूर्वभारतीय सैनिक उनले १२ वर्षअघि खोलेको मनकामना स्टोर कोतराय, बुकिबिन्ताङ, केलाङ र जोहरबारूमा विस्तार भएको छ । सेक्युरिटी गार्डमा चार वर्ष काम गरेपछि १९ सय रिङगिटमा छुर्पी पसल खोलेका उनका चार पसलमा चार मलेसियालीसहित २२ कामदार छन् भने दैनिक ६ लाख नेपाली रूपैयाँको बिक्री हुन्छ ।

प्रवासमा हाकिम यस्ता एक मात्र उदाहरण होइनन् । पछिल्लो दुई दशकमा 'मालिकको काम गर्ने मात्र होइन, आफू नै मालिक हुनुपर्छ' भन्ने मान्यता नेपालीमा देखिन थालेको छ । यसैले त अमेरिकादेखि युगान्डासम्म आफ्नै क्षमताले आफ्नै व्यवसाय खडा गर्ने नेपाली अहिले प्रशस्तै भेटिन्छन् । प्रवासिएका नेपाली युवाकै कारण स्वदेशमा चेतना मात्र बढेको छैन, सीप पनि भित्रिएको छ । मलेसियादेखि खाडी अनि इजरायलदेखि अमेरिकासम्म अनेक जुक्ति लगाएर पुगेका सबै नेपाली धर्म, भूगोल, संस्कृति र शासन व्यवस्थामा पनि रोजगारीका लागि स्वीकार्य छन् । जसोतसो विदेशमा काम गरेर आर्जन गरेको सीपलाई स्वदेशमा प्रयोग गर्ने युवा पछिल्लो समय विशेषगरी रेस्टुराँदेखि तरकारी खेतीसम्ममा आफूलाई होमिरहेका भेटिन्छन् ।

यो विदेशका महँगा सहरमा विलासी जीवनमा हाँसिरहेकादेखि नेपालमा ऋण लिएको साहूको ब्याज र घरधन्दा चलाउनेहरूको कथा हो, व्यथा पनि । किनभने विगतमा भारतीय नागरिकको हकमा भनिएजस्तै पछिल्लो समय विश्वको कुन भूगोलमा पुगेका छैनन्, नेपाली ? कुन काममा छैनन्, जहाँ नेपालीले काम गरेका छैनन् ? तर सबैको कथा हाकिम श्रेष्ठको जस्तो नहुन पनि सक्छ । महिलाको हकमा अझै पनि वैदेशिक रोजगार सुरक्षित छैन, त्यसमाथि ठगी पनि उस्तै । जस्तो, किताबमा उल्लेख गरिएकी काठमाडौंकी रोजिना रिसाललाई सुनौं- 'राम्रो संस्थामा काम राम्रो भए पनि धेरै कमाउने र संसार घुम्ने लोभमा मलेसिया आएँ । तर अक्सन कन्सल्टेन्सीले भनेजस्तो यहाँ केही थिएन । ठगिएको थाहा पाएपछि लेन्स एकेडेमीविरुद्ध रकम फिर्ता र क्षतिपूर्तिको मागसहित मुद्दा हालेकी छु । डुबेको रकम फिर्ता नलिई घर फर्कन्नँ ।'



नेपाली प्रवासन : नियति र रहर

लेखक : **डम्बरकृष्ण श्रेष्ठ**
प्रकाशक : **हिमाल किताब**
पृष्ठ : २७२
मूल्य : **३९० रुपैयाँ**

अरनिको चीनतिर मूर्ति बनाउन गए अनि बलभद्र कुँवर लाहोरका शासकको फौजमा भर्ती भए । वैदेशिक रोजगारको प्रारम्भकाल सम्झिरहेका हामीले त्यसैलाई निरन्तरता दिइरहेका छौं । लाग्छ, पछिल्लो समय 'एक घर एक वैदेशिक रोजगार' को स्थिति छ । यसैले हाम्रा अर्थशास्त्रीहरू भन्छन्, नेपाली युवाहरू वैदेशिक रोजगारमा नभइदिएको भए, उताबाट उनीहरूले पैसा नपठाइदिएको भए यो देशको अर्थतन्त्रले उहिल्यै उल्टो टाङ गरिसकेको हुन्थ्यो ।

०४६ सालको जनआन्दोलनपछि बनेको अन्तरिम सरकारका प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले सबै नेपालीका लागि राहदानी लिने व्यवस्था सहज बनाइदिए । त्यतिबेलादेखि वैदेशिक रोजगार यात्रा उकालो लाग्यो । अनि सुरु भयो, रेमिट्यान्स भित्रिने लहर । तर रेमिट्यान्स मात्र आएन, विदेसिएका श्रमिक नेपालीको लास पनि कफिनमा सँगसँगै भित्रिन थाल्यो । रेमिट्यान्सले नेपालीलाई थातथलो छाडेर उपभोक्तावादी जीवन बाँच्न सदरमुकाम पुर्‍यायो । पारिवारिक कलह र श्रीमान्-श्रीमतीबीचको सम्बन्ध पनि खलबलिएका धेरै घटना छरपस्ट भए । यस्तै भोगाइहरूको आँखीझ्याल हो, श्रेष्ठको यो किताब ।

यो किताब प्रवासिएका नेपालीको आँसुको व्यथा हो । गर्वको कथा हो । सूचना छ, रोमान्चकता पनि उत्तिकै । सम्बन्धको मर्म छ, भोगाइका बांगाटिंगा रेखा उस्तै । नेपाली प्रवासनको नियतिलाई बुझ्न किताब उपयोगी छ । ने

सरोज बैद्य

तीन किताब

हरिराम जोशी | संस्कृतिविद्



छोरीलाई चिठी

विभिन्न जेलमा रहँदा छोरी इन्दिरालाई उपहार दिन नपाएकामा जवाहरलाल नेहरु दुःखी हुन्छन् र शृंखलाबद्ध पत्र लेख्छन् । तिनै पत्रहरूको संग्रह हो, **ग्लिम्सेस अफ वर्ल्ड हिस्ट्री** । नेहरूलिखित यो पुस्तकले मानव जातिको इतिहास मनोहारी शैलीमा वर्णन गर्छ । ग्रिस, रोमदेखि चीन तथा पश्चिम एसियाका विशाल साम्राज्य र सभ्यताको उदय र पतनका साथै अशोक, चंगेज खाँ, महात्मा गान्धी र लेनिनजस्ता व्यक्तिले नेतृत्व गरेका युद्ध, क्रान्ति, लोकतन्त्र र तानाशाही व्यवस्थाको सटिक झलक छ ।

धेरैलाई आफ्नै राष्ट्र र संस्कृति मात्रै राम्रो भन्ने भ्रम हुन्छ । नेहरुलाई भने विद्यालयमा पढाइने एकै देशको संकीर्ण इतिहासमा रूचि थिएन । उनी छोरीमार्फत आफ्नो विश्व दृष्टिकोण र इतिहासबोध अभिव्यक्त गर्थे । अनौपचारिक लयमा उनले समकालीन र व्यक्तिगत घटनालाई पनि उल्लेख गरेका छन् । पुस्तकका कतिपय प्रसंगले राज्यको गठन, प्रमुख व्यक्ति, युद्ध, राजवंश, विज्ञान आदिबारे अद्भुत ऐतिहासिक परिचय दिन्छ । नेहरुको लेखनकालमा सर्वत्र युद्ध र अराजकता फैलिरहेको थियो । किताबको केन्द्रीय चासो युरोपेली र एसियाली इतिहास हो, जो तत्कालीन विश्व परिवेशमा अधिक आकर्षक विषय थियो । नेहरुले अरब विश्व, मध्यएसिया, चीन, जापान र कोरियाको इतिहास पनि चर्चा गरेका छन् ।

किताबले नेहरुको सोच र भारतकै नीतिलाई मूर्तता दिन पनि सहयोग गर्छ । रूसी समाजवादबाट काफी प्रभावित नेहरुले अमेरिका र बेलायतजस्ता पुँजीवादका अनुयायीहरू विचलित भएको देखेकै थिए । उत्पादन, वितरण र आर्थिक सम्बन्धलाई लिएर हुने विमर्शहरूमा छोरी पुस्ता सचेत ढंगले सामेल भएर इतिहासको अन्तर्यसम्म पुगून् भन्ने नेहरुको आकांक्षा छ ।

एकतन्त्री राणाशासन असह्य भएपछि भारत निर्वासनमा रहेका बेला लक्ष्मीप्रसाद देवकोटाले ००५ मा **पहाडी पुकार** लेखेका थिए । यो काव्यले जनताको असह्य घाउ र पीडालाई मार्मिक शैलीमा प्रस्तुत गरेको छ । नेपालबाटै क्रान्तिकारी पुस्तक निकाल्नु चुनौतीपूर्ण समय थियो, त्यो । यसको छपाइ जन-प्रकाशनालय रक्सौल, चम्पारनबाट भएर पहिलो संस्करण पाँच हजार प्रति हारालुछ भएको थियो । प्राकृतिक प्रतीक र छायावादी शैलीमा लेखिरहँदा देवकोटाले व्यवस्थाका बेथितिबारे खुलेर लेख्न सकिरहेका थिएनन् । तर प्रवासी भूमि पुगेपछि नेपाली दयनीय जीवनको वस्तुवादी चित्रण गर्दै निरंकुशतालाई खुलेआम हाँक दिए ।

जनताको पक्षधर यो काव्यले राणा शासनका कारण आक्रान्त देशको दुर्दान्त तस्बिर देखाउँछ । जनअधिकार कुण्ठित रहेको त्यस युगमा समाज बिस्तारै जुर्मुराउँदै पनि थियो । आम जनतामाथि हुने शोषण र उत्पीडनको अवस्थालाई यथार्थवादी रूपमा देखाइएको यस काव्यमा निरंकुश शासकले क्रान्तिकारीहरूलाई कारागारमा कोचेको, गोली ठोकेको र फाँसीसमेत दिएको पक्षमाथि प्रकाश पारिएको छ । मौलिक जनाधिकार र हकबारे बुझाउँदै यसका लागि संघर्ष र क्रान्तिमा होमिन जनतालाई आह्वान गरिएकाले पनि त्यसबेला यो गीतिकाव्य निकै चर्चित भयो । दीनदुःखीप्रति प्रशस्त सहानुभूति राख्ने देवकोटाले तत्कालीन राजनीतिक, सामाजिक, आर्थिक घटना उजागर गरी अँध्यारोविरूद्ध उठ्न प्रेरित गरेका छन् । सात सालको क्रान्तिमा चेतनाको बीउ छर्ने सांस्कृतिक योगदान कुनै रचनाको छ भने निःसन्देह *पहाडी पुकार*को छ ।

नेपाली इतिहासको अध्ययन डीआर रेग्मीलिखित **मेडिभल नेपाल**बिना अपूरो हुनेछ । चार खण्ड र पच्चीस सयभन्दा बढी पृष्ठको यस किताबमा मध्ययुगको समग्र मूल्यांकन गरिएको छ । अनेक तर्क र विमर्श गरिए पनि लिच्छवि राजाहरूको अन्त्यपछि पृथ्वीनारायणले गरेको काठमाडौं उपत्यका आक्रमणसम्मलाई मोटामोटी रूपमा मध्यकाल मानिन्छ । मध्ययुगीन इतिहासमा उपत्यकाभित्रका कान्तिपुर, भक्तपुर र ललितपुर, नेपाल संवत् अनि शिलालेखबारे रूचि राख्ने पाठकका लागि यो पुस्तक उत्तम खुराक हो ।

केही विदेशी विद्वान्को कटु आलोचना गरिएको किताबले तत्कालीन इतिहास, कला, धर्म, संस्कृति, राजनीतिको सांगोपांगो अध्ययन गरेको छ । त्यसबेलाको समाजका विविध आयामलाई बुझ्न पनि यो किताबले विशाल क्यानभास अगाडि सारिदिन्छ ।

खस साम्राज्यको केही चर्चा भए पनि पुस्तकको मुख्य अध्ययन काठमाडौं उपत्यकाको राजनीतिक इतिहासमाथि नै केन्द्रित छ । काठमाडौं उपत्यकाको अनुहार परिवर्तन भए पनि मध्यकालीन प्रशासनिक प्रणाली, अर्थव्यवस्था, धर्म र वास्तुकलाको कालक्रमिकतामा राखेर हेर्न सकिन्छ । मल्ल राजाहरूले गरेका काम र सामाजिक संरचना नै मध्यकालका विशेषता हुन् । प्राचीन सामन्त जीवन पद्धतिमा आधारित शासनले योजनाबद्ध र संगठित आर्थिक नीति बनाउन नसके पनि कलाको स्वर्णकाल मानिन्छ । रेग्मीको बुझाइमा पनि मध्यकाल एक सानदार युग थियो । ने

■ **प्रस्तुति : गुरुङ सुशान्त**

अभागी आर्मी

दुई पटक उपाधि नजिक पुगेर पनि गुमेको मौका

पवन आचार्य

फुटबलमा सधैँ रोमाञ्चक प्रतिस्पर्धा मात्रै हुँदैन । कहिलेकाहीँ यो निर्दयी खेल साबित भइदिन्छ । सहिद स्मारक ए डिभिजन लिगको निर्णायक खेल कति निर्दयी हुन सक्छ भन्ने जान्न विभागीय टिम त्रिभुवन आर्मीलाई सोधे पुग्छ । दुई पटक उपाधिको नजिक पुगेर पनि विजेता हुन नसकेको पीडाबाट माथि उठ्न आर्मीलाई लामै समय लाग्न सक्छ ।

०६३ को ए डिभिजन लिगको अन्तिम खेल । स्थान : दशरथ रंगशाला । विभागीय डर्बीमा नेपाल पुलिस र आर्मीको स्पर्धा । लिग जित्न पुलिसलाई अन्तिम खेल जित्नैपर्ने अवस्था । १ अंकको अग्रता भएकाले आर्मीलाई बराबरीले पनि विजेता बनाउने । पहिलो हाफ आर्मीले सोचेजस्तै बित्यो, गोलरहित बराबरी । तर दोस्रो हाफको ६४ औँ मिनेटमा रमेश बुढाथोकीले पुलिसलाई अग्रता दिलाए । ८४ औँ मिनेटमा जुमनु राईले गोल थपेपछि आर्मी २-० ले स्तब्ध मात्रै भएन, च्याम्पियन बन्ने सपनामा समेत पूर्णविराम लाग्यो ।

१२ वर्षमा खोलो फर्किन्छ तर आर्मीलाई ए डिभिजनको च्याम्पियन बन्ने वातावरण फर्काउन १३ वर्ष लाग्यो । ०७६ को ए डिभिजनको अन्तिम खेल आर्मी र मच्छिन्द्र क्लबबीच । मच्छिन्द्रलाई जित्नैपर्ने दबाब । आर्मीलाई बराबरीले पनि लिग च्याम्पियन बनाउन पर्याप्त । तर नतिजा यसपालि पनि आर्मीको पोल्टामा परेन । पहिलो हाफको ३३ औँ मिनेटमा विकास तामाङले बल क्लियर गर्ने क्रममा आफ्नै पोस्टमा गोल गरेपछि आर्मी १-० ले पछि पऱ्यो । त्यसपछि दोस्रो हाफमा पाएका केही अवसर गोलमा परिणत गर्न नसक्दा सहिद स्मारक ए डिभिजन लिगको नयाँ विजेता बन्ने श्रेयबाट आर्मी चुक्यो । इतिहास रच्ने अवसर मच्छिन्द्रले पायो ।

लिगको दोस्रो खेलमै मनाङसँग १-० ले स्तब्ध भएको आर्मीले त्यसपछि भने लय गुमाएन । लगातार तीन खेलमा क्लिन सिट राख्दै आर्मीले उपाधिमाथिको दाबेदारी प्रस्तुत गऱ्यो । तर छैटौँ राउन्डमा संकटाविरुद्ध अग्रता लिएर पनि बराबरीमा रोकिनु आर्मीका लागि दुर्भाग्य बन्यो । आर्मीका क्याप्टेन भरत खवास पनि संकटासँग बराबरी खेल्नु नै लिगको टर्निङ प्वाइन्ट भएको स्वीकार्छन् ।

"लगातार तीन खेल जित्दै लयमा रहेका बेला संकटासँग बराबरीमा रोकियौँ । त्यो नै हाम्रा लागि मोमेन्टम ब्रेक गर्ने खेल बन्यो । त्यसपछि ५ खेल जित्दा पनि १ अंकले मात्रै अघि रह्यौँ," उनले भने । त्यसपछि ८ औँ राउन्डमा पनि आर्मी न्युरोड टिम एनआरटीसँग गोलरहित बराबरीमा रोकिएको थियो । लिग जित्ने आर्मीको सपनामा अर्को धक्का त्यतिबेला पनि लाग्यो ।

लिगमा विभागीय टोलीको त्यति धेरै समर्थक हुन्नन् । तर यस पटक आर्मीले

त्रिभुवन आर्मीविरुद्ध मच्छिन्द्र >

पुरस्कार रकममा ए डिभिजन लिग

अंक रु लाखमा

मच्छिन्द्र (विजेता)	५०
त्रिभुवन आर्मी (उपविजेता)	३५
मनाङ मर्स्याङ्दी (तेस्रो)	२५
थ्री स्टार (चौथो)	१५
पुलिस (पाँचौँ)	७
जावलाखेल (छैटौँ)	५

हेमन्त श्रेष्ठ

पस्किएको खेलका कारण विभागभन्दा बाहिरका प्रशंसक पनि ऊ लिग च्याम्पियन नहुँदा थकथकाए। आर्मीको खेल साँच्चै नै उम्दा थियो, यो सिजनको लिगमा। डिफेन्स र गोलरक्षणमा आर्मी निकै बलियो साबित भयो। आर्मीले १३ खेलमा २१ गोल गर्दा मात्रै ७ गोल खायो। यसबाट पनि आर्मीको रक्षापंक्ति र गोलरक्षक विकेश कुथुको परीक्षण गर्न सकिन्छ। नियमित प्रशिक्षणमा रहने खेलाडी र प्रशिक्षक नवीन न्यौपानेको नेतृत्वको आर्मीले आकर्षक फुटबल खेल्दै दर्शकको मन जित्यो। जितेन त केवल ए डिभिजनको उपाधि।

विभागीयबाहेकका टोलीले राम्रा खेलाडीमा लगानी बढाउँदै लगेका छन्। विदेशी खेलाडी पनि अनुबन्ध गर्न पाउँछन् अन्य क्लबले, जुन सुविधा विभागीय क्लबलाई छैन। लगानीअनुसार प्रतिफल निस्कने भएकाले पनि अन्य क्लब आक्रामक रूपमा खेलाडी अनुबन्धमा लाग्ने र लिग नियमित हुँदा क्लबहरूको तयारी पनि स्तरीय हुनेमा शंका छैन। अघिल्लो सिजनको लिग पुछारबाट दोस्रोमा सकेको मच्छिन्द्रले यो सिजन च्याम्पियन बन्ने योजनासहित स्क्वाड सार्वजनिक गर्दा धेरैले जिब्रो टोक्ने अवस्था थियो। कारण, मच्छिन्द्रले झन्डै राष्ट्रिय टोलीकै झल्को दिने टिम बनाएको थियो। मनाङ मर्स्याङ्दी र थ्रीस्टारजस्ता लिगका दाबेदार टिमका महत्त्वपूर्ण खेलाडीलाई मोटो रकममा अनुबन्ध गरेर मच्छिन्द्रले आफू पछि नहट्ने बताइसकेको थियो।

मच्छिन्द्रको यस पटकको टिम सन्तुलित देखियो, अन्यको तुलनामा। डिफेन्समा विदेशी खेलाडी पिटर सेगुन, मिडफिल्डमा आन्द्रेस र स्ट्राइकरमा सोमिडे एडेलाजा अन्य टिमको तुलनामा अब्बल देखिए। त्यसैले पनि मच्छिन्द्रले सोचेजस्तो नतिजा ल्याउन सक्यो। अन्तिम खेलमा आर्मीको पेस र स्टामिनालाई पछि पार्न पनि यी विदेशी खेलाडीको महत्त्वपूर्ण साथ रह्यो, मच्छिन्द्रलाई।

मच्छिन्द्रका प्रशिक्षक प्रवेश कटुवाल पत्रकार सम्मेलनमा भन्दै थिए, 'खेल जित्न मैदानमा उत्कृष्ट प्रदर्शन गरेर मात्रै पुग्दैन, विपक्षी खेलाडीको दिमागमा डर पैदा गर्न पनि सक्नुपर्छ।'

मच्छिन्द्रले लिगको १३ खेलमा २५ गोल गर्दा मात्रै ८ गोल खायो। यस पटक मच्छिन्द्रले मैदानबाहिर र भित्र दुवै स्थानमा आफूलाई अब्बल साबित गर्‍यो। ने

भागबन्डामा पुरस्कार

आयोजक अखिल नेपाल फुटबल संघ एन्फाले लिगका विधागत उत्कृष्ट खेलाडीलाई पुरस्कृत गर्दा यो पटक भागबन्डाको नीति अख्तियार गर्‍यो। लिग विजेता टोली मच्छिन्द्रका प्रशिक्षक प्रवेश कटुवाल उत्कृष्ट हुनु स्वाभाविक भइहाल्यो। उपविजेता आर्मीका भरत खवास उत्कृष्ट फर्वार्ड घोषित भए। उनले लिगमा ४ गोल गरे। उनकै टिमका नवयुग श्रेष्ठले ६ गोल गर्दा सर्वाधिक गोलकर्ता सशस्त्रका आशीष लामाले ९, मच्छिन्द्रकै विशाल राई बीले ४ गोल गरेका थिए।

मनाङका दीप कार्की उत्कृष्ट गोलरक्षक घोषित भए। तेस्रो स्थानमा लिग सकाएका मनाङले २० गोल विपक्षी पोस्टमा गर्दा ८ गोल खाएको थियो। मनाङको गोलअन्तर १२, आर्मीको १४ र लिग विजेता मच्छिन्द्रको १७ थियो। चौथो स्थानको थ्रीस्टारका अनन्त तामाङ उत्कृष्ट डिफेन्डर चुनिए। मच्छिन्द्रका विशाल राई बी उत्कृष्ट मिडफिल्डर र युवा खेलाडी एनआरटीका दर्शन गुरुङ घोषित भए। विधागत उत्कृष्ट हुने खेलाडीले जनही १ लाख ५० हजार रुपैयाँ हात पारे।

ह्याट्रिक गर्ने खेलाडी

सन्जोक राई (थ्री स्टार)
सरस्वती युथ क्लबविरुद्ध

जुमनु राई (नेपाल पुलिस)
फ्रेन्ड्स क्लबविरुद्ध

सर्वाधिक गोलकर्ता

आशीष लामा (सशस्त्र प्रहरी)
९ गोल

फेयर प्ले

थ्री स्टार- १ लाख

कुल खेल **९१** कुल गोल संख्या **२१०**

११ प्रश्न | सञ्जीव मिश्र

'दर्शक बढाउन क्लबहरूले पनि सोचून्'

सरोज बैजु

मुलुककै पुरानो र ठूलो सहिद स्मारक ए डिभिजन लिग फुटबलको ४३ औं संस्करण सकिएको छ । लिगबारे अखिल नेपाल फुटबल संघ (एन्फा) का लिग निर्देशक सञ्जीव मिश्रसँगको कुराकानी :

यसपालिको लिगको उपलब्धि के हो ?

लिग प्रतिस्पर्धा फुटबल विकासको आधारशिला हो । लिगले खेलाडीको प्रतिभालाई प्रस्फुटन गर्न र निखार्न मद्दत पुऱ्याउँछ । ०७० देखि लगातार चार वर्ष लिग भएन । अहिले क्लबबाट खेलाडीले नियमित प्रतिस्पर्धा गर्न पाए । यो नै उपलब्धि हो ।

लिग नयाँ खेलाडी उत्पादन थलो भए पनि यस पटक कोही चम्किएनन्, किन ?

सम्भावना भएका नयाँ खेलाडी उदाउँदै नउदाएका होइनन् । एपीएफका फरवार्ड आशीष लामा, मच्छिन्द्रका रेजिन लिम्बू, प्रहरीबाट मानबहादुर परियार राष्ट्रिय स्तरमै आउने देखेको छु ।

तर स्टारका रूपमा त नयाँ कोही आएनन् ?

स्टार बन्न नसके पनि सम्भावनायुक्त खेलाडी आए । राष्ट्रिय खेलाडी विभिन्न क्लबमा छरिएर खेलेकाले यसबाट नयाँले सिक्ने मौका पाए ।

रेलिगेसनसहितको लिग आयोजना गर्नु मात्रै यो सिजनको उपलब्धिजस्तो देखियो त ?

गत सिजन रेलिगेसनविहीन लिग भयो । तर लिग तालिकाको अन्तिम दुईमा पर्ने टिमको क्रमशः दुई र एक नम्बर यसपालिको लिगमा अंकमा घटायौं । यही कारण उनीहरूले बढी मिहिनेत गरे र राम्रो नतिजा ल्याए । यसपालि एउटा टिम मात्र रेलिगेसनमा पऱ्यो । आउँदो सिजन दुइटै रेलिगसनमा पर्नेछन् ।

विधागत उत्कृष्ट खेलाडी छान्दा शीर्ष ६ क्लबलाई भागबन्डा गरेजस्तो देखियो नि ?

एन्फामा १३ प्रशिक्षकको टेक्निकल स्टडी ग्रुप (टीएसजी) हुन्छ । टीएसजीले दिएको रायका आधारमा एन्फाले उत्कृष्ट खेलाडी छान्छ । भागबन्डा भयो भन्नु गलत हो ।

तर सर्वाधिक गोलकर्ताभन्दा आधा कम गोल गर्नेलाई उत्कृष्ट फरवार्ड दिइयो भने कम गोल खाने उत्कृष्ट गोलकिपर छानिएन त ?

झट्ट हेर्दा यस्तो देखिन्छ । तर उसले गोल गर्न कति पास दियो, टिमलाई कुन हैसियतमा पुऱ्यायो भन्ने महत्त्वपूर्ण हुन्छ । यसअघि बढी गोल गर्नेलाई उत्कृष्ट फरवार्ड दिइन्थ्यो होला । त्यो गोलले टिमलाई कति फाइदा पुग्यो भन्ने पनि हेर्नुपर्छ ।

लिग रंगशाला फर्कियो । तर दर्शक फर्किएनन् नि ?

नेपाल खेल्दा सबै दर्शक जान्छन् । लिगमा ती दर्शक १४ वटा क्लबमा बाँडिएकाले संख्या घटेको हुन सक्छ । अर्कोतिर यही वर्ष हामीले साग, विश्वकप छनोट खेल्नुपऱ्यो । यसले समयतालिका मिलाउन गाह्रो भयो । खेल बिदाका दिन, ३ बजेपछि मात्र गर्न सकिएन । दर्शक बढाउन क्लबले पनि सोच्नुपर्छ ।

क्लबले के गर्न सक्छन् ?

फ्यान क्लब बनाउने संस्कार हुनुपऱ्यो । लिगमा काठमाडौं केन्द्रित क्लब छन् । फ्यान बनाउने हो भने बाहिरका दर्शकलाई ल्याउन सकिन्छ ।

नेपाली फुटबलको स्तर नउक्सनुमा खेलाडीले त एन्फालाई दोष लगाउँछन् । तपाईंलाई त्यस्तो लाग्दैन ?

म लिग समितिमा मात्र छु । एन्फाको राजनीतिमा लागिनँ । खेलाडीले खेल खेल्ने हो । फुटबलको स्तर विगतमा भन्दा उक्सिएको छ । यसपालिको साग जित्यौं । विश्वकप छनोटमा चाइनिज ताइपेईलाई हरायौं ।

बलियो टिम भारत नभएर नेपाललाई फाइदा भयो नि सागमा ?

भारतलाई उसकै भूमिमा हामीले हराएका छौं भने यसपालि यहाँ पनि हराउन सक्थ्यौं ।

विदेशी क्लबले नेपाली खेलाडी भित्र्याउनु कहिलेदेखि सामान्य घटनाक्रम बन्ला ?

खेलाडीले जति विदेशी लिगमा खेल्न पाउँछन्, उति फुटबलको विकास हुनेछ । त्यसका लागि हाम्रो लिगलाई विश्व फुटबल बजारमा पुऱ्याउन अनलाइनमार्फत लाइभ गरिरहेका छौं । नियमित घरेलु लिग भयो भने तीन वर्षमा २० नेपाली खेलाडी विदेशी लिगमा जान सक्छन् ।

▪ **मनबहादुर बस्नेत**

कुहिरो सिउने युवती

हंगेरीको क्यापिटल सिटी बुडापेस्टमा पाँच वर्षअघिको एक निद्रालु अपराह्नमा मेरो भेट एक पारदर्शी युवतीसित भएको थियो, जो कुहिरो सिउने गर्थी ।

ऊ कसरी कुहिरो सिउँथी ? यो रहस्यको जानकारी मलाई भएन । के ऊ आफ्नो पर्समा सियो-धागो राख्थी ? यो पनि थाहा भएन । मलाई त उसले यति मात्र बताएकी थिई, 'म बुडापेस्टका ग्रेभयार्डहरूमा जम्मा हुने कुहिरो संग्रह गर्छु र तिनीहरूलाई सिउँछु । म यसैगरी जिउँछु । हेर्नुस् न, मैले लगाएको यो लुगा पनि कुहिरोकै हो ।'

कुहिरोको लुगा लगाउने युवती त्यसअघि मैले कहिल्यै देखेको थिइनँ ।

यो संस्मरणमा उक्त कुहिरो सिउने युवतीलाई छोटकरीमा कुसियु भनिइनेछ, जसले मलाई त्यो दिन एउटा फिल्म हेर्न निम्तो गरेकी थिई । जोसित मैले निकै दुर्लभ क्षणहरू बिताएको थिएँ । ऊ आफैँले सञ्चालन गर्ने बुडापेस्टको अन्डरग्राउन्ड क्याफेमा भएको त्यो भेट अल्ट्रा स्वप्निल थियो, जसलाई मैले आजसम्म बिर्सन सकेको छैन ।

मैले काठमान्डुको 'क्रेजी फिल्म वाचर्स क्लब' बारे केही कुरा चुहाएलगत्तै कुसियु हाम्रो ननभेज मुलाकातको मूल प्रयोजनमा केन्द्रित हुँदै बोल्न थाली, 'प्रत्येक साल सेप्टेम्बरको अन्तिम आइतबार म हंगेरियन फिल्म *हकल* हेर्ने गर्छु । कहिले चित्रकारसित, कहिले शब्दकारसित । कहिले ध्यानी-ज्ञानीसित, कहिले मिस्टिक तथा फिलोसफरसित । मिस्टर नगरकोटी, यो साल मैले तपाईंको छनोट गरेँ । किन गरेँ, नसोध्नुस् ।' तर मैले सोधेँ :

- *हकल* नै किन ? अरू कुनै फिल्म हेर्दा हुन्न ?
- हुन्न । हुन्न । हुन्न ।
- यो फिल्म त मैले हेरिसक्या छु ।
- त्यसो भए फेरि हेर्नुस् । वान्स इज नट इनफ् ।

त्यसपछि कुसियुले मलाई अन्डरग्राउन्ड क्याफेकै अँध्यारो क्याबिनमा लगेर गई । म छामछुम गर्दै सोफामा बसेँ । ऊ पनि मसितै टाँस्सिएर बसी । उसले मेरा औँलाहरू खेलाउन थालेपछि क्याबिनको भित्तामा फिल्म सुरू भयो ।

●●●

हकल अर्थात् हिकप अर्थात् हिक्क-हिक्क अर्थात् बाडुली ।

हंगेरियन फिल्म सर्जक जर्जी पाल्फीको *हकल* एक प्रयोगात्मक फिल्म हो, जसलाई तपाईं ध्वनि र दृश्यकै चामत्कारिक संयोग तथा संयोजनद्वारा निर्मित सुन्दर कृति भन्न सक्नुहुन्छ ।

समीक्षाको प्रसंगमा 'रोटन टोमाटो' ले सयमा १०० पूर्णाक दिएर पुरस्कृत गरेको यो अद्भुत एवं विचित्र हंगेरियन फिल्मको सबटाइटलचाहिं तपाईंले बिर्सेर पनि नखोज्नु होला किनभने यो फिल्ममा कुनै संवाद छैन । डाइलगविहीन यो सिनेमा मौनम् शरणम् गच्छामि टाइपको मेडिटेटिभ सिर्जना हो ।

यो फिल्ममा मिस्टर पाल्फीले हामीलाई एउटा यस्तो सुदूर गाउँमा पुर्‍याएर छाडिदिन्छन्, जो रहस्यको कोलाजमय ल्यान्डस्केप प्रतीत हुन्छ । जहाँ एउटा बूढो मान्छे आफ्नो घरछेवैको कुर्सीमा बसी फिल्मभरि ननस्टप हिक्क-हिक्क गरिबस्छ । निजको क्रोनिक बाडुली कति संक्रामक छ भने स्क्रिनबाहिरको कुर्सीमा बसेको तपाईंलाई समेत त्यो सर्न सक्छ ।

हिक्क-हिक्क गर्ने त्यो हिक्कालु बूढो तपाईंको छिमेकी हुन सक्छ, जसले तपाईंको हत्या गरेको थियो । र, तपाईंको लासलाई कुनै निद्रालु खोलामा फ्याँकिदिएको थियो । आफ्नो हत्याको खबर सुनेर तपाईंलाई फिल्ममा चलमलाउने अनेक जनावर, मान्छे र वनस्पतिहरू देख्दा उदेक लाग्न सक्छ । शोकाकुल आफन्त एवं प्रियजनहरूलाई तपाईंको दिवंगत यादमा बाडुली लाग्न सक्छ, हिक्क-हिक्क, हिक्क-हिक्क !

●●●

फिल्मको अन्त्यपछि कुहिरो सिउने युवतीको आवाज अन्धकार क्याबिनमा गुन्जियो :

- अब कुहिरो कलेक्ट गर्न जाऔँ, हिंड्नुस् ।
- कहाँ कता जाऔँ ?
- ग्रेभयार्ड !

त्यसपछि म कुसियुको पछि लागेँ । ग्रेभयार्ड पुग्दा साँझ परिसकेको थियो । निर्जन चिहानको एउटा बेन्चमा हामी पुनः टाँस्सिएरै बस्यौँ । मैले उसका मसिना औँलाहरू खेलाउन थालेपछि ऊ हिक्क-हिक्क गर्न थाली । उसको हिक्क-हिक्कलाई मेरो हिक्क-हिक्कले पनि शनैः शनैः पछ्याउन थालेपछि मलाई दिक्क-दिक्क लाग्न थाल्यो ।

हाम्रो बाडुली सुनेर नै हुनुपर्छ, ग्रेभयार्डका कुनाकाप्चाबाट कुहिरोहरू फुत्त-फुत्त निस्कन थाले । अनेक आकारप्रकारका कुहिरोहरू हामीतिर लम्कँदै आए । यत्रतत्र सर्वत्र फैलँदै हामीलाई घेर्न थाले । अंगालोमा बेर्न थाले ।

यो पाँच वर्षअघिको घटना हो । बुडापेस्टको चिहानमा मैले बाडुली छाडेर आएको थिएँ । त्यो बाडुली कुहिरो सिउने युवतीको बाडुलीसित खप्टिएर उक्त चिहानमा अझै पनि गुन्जिँदो हो : हिक्क-हिक्क, हिक्क-हिक्क ! ने

कला कार्यशाला

शिवाता

चित्रकार रागिनी उपाध्यायकी छोरी हुन्, शिवाता । २० वर्षको उमेरमै ज्यान गुमाएकी शिवाताको नाममा शिवाता लभ फाउन्डेसन सन् २०१७ मा स्थापना भयो । नि:सर्त मायालाई आइडल मान्ने शिवाता एक असल मानव थिइन् ।

तिनै शिवाताको सम्झनामा फाउन्डेसनले फागुन पहिलो साता कपिलवस्तुको तौलिहवामा ३ दिने 'अवधि कला प्रवर्द्धन कार्यक्रम' गरेको छ । बीपी कोइराला भारत-नेपाल फाउन्डेसन र भारतीय दूतावासको सहकार्य रहेको कार्यक्रमको उद्घाटन फाउन्डेसनकी अध्यक्ष रागिनी र भारतीय दूतावासका सांस्कृतिक सहचारी अभिषेक दुवेले संयुक्त रूपमा गरे ।

स्थानीय विद्यार्थीको प्रतिभा प्रस्फुटन गराउने उद्देश्यले देश-विदेशका कलाकार जमघट गरी कार्यशाला गरिएको थियो । कार्यक्रममा रागिनीले भनिन्, "शिवाताले २० वर्षको उमेरमै हामी सबैको बीचमा जुन प्रेम छाडिन्, उनको अधुरो सपना पूरा गर्न यस फाउन्डेसनमार्फत काम गरिरहेका छौं ।"

फाउन्डेसनले देशका विभिन्न भूभागका युवतीलाई छात्रवृत्तिमार्फत सहयोग गरिरहेको छ । "ती बच्चालाई म जतिखेर हेर्छु, उनीहरू हाँसिरहेको देख्छु । लाग्छ, शिवाता हाँसिरहेकी छन् । उनको सपना पूरा भइरहेको छ," रागिनीले भनिन् ।

आरडीको सुस्तरी...

पेसाले कम्प्युटर इन्जिनियर गायक आरडीले सुस्तरी... बोलको गीत ल्याएका छन् । वैवाहिक जीवन र जीवनसाथीका अनुभूतिबारेको गीत लेखु सहयात्रीले लेखेका हुन् । आरडीले सुरुमा *तिमी मेरो म तिम्रो* नामको एल्बमै निकालेका थिए । उक्त एल्बममा उनले शीर्षक गीतको कभर गाएका थिए । 'काली भए नि ठीकै छ' बोलको पपगीत निकै हिट पनि भएको थियो, उनको ।

०७२ मा आरडीले 'दुई दिने...' बोलको गीत गाएका थिए । सिंगल ट्र्याकको सो गीत चर्चित भएको थियो । गायनबाहेक आरडी म्युजिक कम्पनी पनि चलाउँछन् । यही रूचिले उनलाई ०५६ देखि ०५८ सम्म डोरेमीमा संगीतको विद्यार्थी बनायो । आरडीको आफ्नै ब्यान्ड इमेन्स पनि थियो । तर ब्यान्ड सदस्य विदेश पलायन भए पनि उनी एक्लै संगीतमा संघर्ष गरिरहेका छन् ।



फोर्टमा फन

काठमाडौँको कोलाहलमा बस्न सजिलो छ र ? यस्तो कोलाहलबाट बच्न, मीठो खाना खान र आरामदायी विश्रामका लागि हो- फोर्ट रिसोर्ट । नगरकोटमा रहेको रिसोर्टमा परिवार, साथीभाइ र एक्लै पनि घुम्न जान र समय व्यतीत गर्न सकिन्छ ।

यो रिसोर्ट लेखकले पनि रूचाएको थलो हो । साहित्यकार बुद्धिसागर, महेशविक्रम शाह, कुमार नगरकोटीजस्ता लेखकको रोजाइ हो, फोर्ट । लेखकका लागि रिसोर्टले छूट पनि दिने गरेको छ ।

निकिता

पूर्वमिस नेपाल एवं हिरोइन

निकिता चन्डकलाई नचिन्ने को होला ? ब्युटी विथ ब्रेनबाट सबैलाई प्रभाव पार्न सकेकी निकिताको भर्खरै *साङ्लो* चलचित्र रिलिज भएको थियो । एक्सनपूर्ण सो चलचित्रमा विराज भट्ट हिरोको भूमिकामा थिए । यसै साता निकिता कालो प्यान्ट र बहुरंगी स्वेटरमा सजिएकी छन् । लुज प्यान्टमा उनी सुन्दर देखिएकी छन् ।

नोटबुक

मनबहादुर बस्नेत

निवर्तमान आईजीपीका नाममा

बिहानै मोबाइल बज्यो । अनौठै भयो । अनौठो किनभने परिचितकै नम्बर भए पनि एक वर्षयता उनले सोझै मोबाइलमा यसरी फोन गर्दैनथे । *भाइबर* वा *वाट्सएप*मा मात्र सम्पर्क हुन्थ्यो । मलाई यही बानी लागेछ ।

“आज २८ माघ हो नि,” रिसिभ बटन दबाउन नपाउँदै उताको आवाज कानमा ठोक्कियो । १९ माघ त थाहा थियो, राजाले एकलौटी शासन हत्याएको दिन । २८ माघ के रहेछ ? सोच्न नभ्याउँदै उनैले थपे, “अब त आईजीपीले कल डिटेल हेर्दैनन् होला नि । अनि सोझै फोन हानियो ।” उनको स्वर यति खुसी सुनियो, मानौं- बालकले वर्षौंदेखि पर्खिएको वस्तु बल्ल पाएको छ ।

आईजीपी कार्यालयको सचिवालयमा कार्यरत प्रहरीको फोन थियो, त्यो । र, आईजीपी सर्वेन्द्र खनाल सोही दिन अवकाश पाउँदै थिए । संवादको अन्तिमतिर उनले भने, “यत्तिका समय धेरैसँग चाहेका बेला सम्पर्क गर्न सकिएन । तपाईंहरू सबै बुझिहाल्नुहुन्छ ।”

दिउँसोपख पनि केही पूर्वप्रहरी अधिकारीसँग भेट भएको थियो । उनीहरूलाई पनि सचिवालयका केही प्रहरीले फोनमा उही भावमा विलाप गरेछन् । खनाल अवकाशमा गएको भोलिपल्टदेखि त पहिले भेट्न तर्कने प्रहरी पनि ‘सरी है, अप्ठेरो थियो’ भन्दै सम्पर्कमा आउन थाले ।

आफ्नो कार्यशैली, विवादास्पद भूमिकाबारे सञ्चार माध्यममा ‘क्रिटिकल’ समाचार आउन थालेपछि नै खनालले सचिवालयसहित आफ्ना विरोधी ठानेका प्रहरी अधिकारी तथा केही पत्रकारको कल डिटेल रेकर्ड (सीडीआर) हेर्न थालेका थिए । त्यही भएर प्रहरी फोनमा कुराकानी गर्न डराउने थाहा थियो । तर खनालले यति थुरथुर बनाएर राखेका छन् भन्ने मैले कल्पनै गरेको थिइनँ ।

नागरिकको व्यक्तिगत गोपनीयता हनन हुने गरी दुरूपयोग गरेपछि नै अदालतको आदेशमा मात्र प्रहरीले सीडीआर हेर्न पाउने कानुन केही वर्षअघि मात्र आएको थियो । समयमै सीडीआर नपाउँदा अपराधी उम्कने भन्दै प्रहरीले यो व्यवस्था अव्यावहारिक मानेर चित्त बुझाइरहेको छैन । तर आईजीपीले नै सीडीआर बोकेर हिंडेपछि के भन्ने ?

खनालको दबदबा सहनेहरूले भने पक्कै उनको अवकाश मितिलाई स्वतन्त्रता दिवस मान्लान् कि ?

•••

पुस पहिलो साता प्रहरीले छापा मारेर अवैध गतिविधिमा संलग्न १ सय २२ चिनियाँ पक्राउ गऱ्यो । एकै पटक यति धेरै विदेशी पक्राउ परेको अहिलेसम्मकै पहिलो घटनाका रूपमा प्रहरीले प्रचार गर्दै थियो । तर जसले यो केस सुरूदेखि अनुसन्धान गरेर निचोडमा पुऱ्याउँदै थियो, त्यो टिमलाई अपरेसनबारे पत्तै थिएन । तर अपराधका योजनाकार भगाएर कामदार मात्रै पक्राउ परे ।

सन्दिग्ध चिनियासँग आईजीपी खनाल, ऊर्जामन्त्री वर्षमान पुनको सम्बन्ध देखाउने फोटोसहित गडबडीको सूचना आयो । यसलाई पुष्टि गर्ने थप सूचना र प्रमाण चाहिन्थ्यो । तर आईजीपीले सीडीआर हेर्ने भएकै कारण टेलिफोन गर्न सकिएन, स्रोतहरूलाई । *वाट्सएप, भाइबर*मा म्यासेज छाडेको दुई दिन बितिसक्यो तर सूचना चुहाएर खबरदाता बेपत्ता । बल्लतल्ल दुई जना सम्पर्कमा आए । तर कहाँ भेट्ने ? फोन मात्र होइन, व्यक्तिको गतिविधिमै जासुसी गरेको हुन सक्ने डर माने ।

ठाउँ गोप्य राख्ने सर्तमा भेटियो । दुई-तीन घन्टा कुराकानीपछि बल्ल चिनियाँ समूहमा घुसेको पात्रले सन्दिग्ध चिनियाँले आईजीपीसँग आफ्नो दोस्ती जमिसकेको भन्दै भ्वाइस म्यासेज पठाएको रहस्य खोल्यो । प्रमाणसहित मध्यरातमा निस्किएँ ।

समाचार छापिएपछि फेरि उनीहरूसँग सम्पर्क टुट्यो । र, अहिले आईजीपीको बिदाइसँगै झुल्किएका छन् । अनि, आईजीपीको दबदबादेखि उनका निजी मामिलाका यस्ता थुप्रै किस्सा प्रहरी मुख्यालयमा दिन कटानीको मेलो बनेको छ, हिजोआज ।

•••

कुनै पनि संगठनको नेतृत्वमा आउजाउ सामान्य प्रक्रिया हो । तर यस्ता पदमा आउने निश्चित व्यक्तिले भने यही सामान्य कर्मलाई असामान्य बनाइदिँदा रहेछन् । सेलिब्रिटी छवि बनाएका खनालले यस्तै छाप छाडे । ‘जय नेपालको नाराले, प्रहरी चल्दैन यो पाराले’ भन्ने आगतको नेतृत्वले पक्कै बुझ्नेछ । ■

PREMIUM
WINE
ROYAL
BIG
MASTER
WINE
MRP.790
ROYAL
BIG MASTER
BIG
MASTER
APPLE SWEET WHITE WINE
PREMIUM
The Master of the Masters
CRAFTED IN NEPAL
BIG
MASTER
PERFECT FRUIT SWEET RED WINE
PREMIUM
THE MASTER OF THE MASTERS
CRAFTED IN NEPAL
MRP.3250
SMART BUY
4L
www.royalbigmaster.com
An ISO 9001:2015, ISO 22000:2005
(Food Safety Management) & HACCP Certified company

का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

Enchanteur

The fragrance of French romance

Impress Anytime, Anywhere!